# अध्याय - एक
# शोध परिचय

## १.१ शोध परिचय

इतिहास र संस्कृतिको अध्ययनमा संग्रहालयको महत्वपूर्ण भूमिका हुन्छ । मूलतः विगत मानवले छाडेर गएका ऐतिहासिक, सामाजिक तथा सांस्कृतिक मूल्य बोकेका पुरातात्विक महत्वका वस्तुहरूलाई संग्रह गरेर राख्ने स्थानलाई संग्रहालय भनिन्छ । संग्रहालयसम्बन्धी विभिन्न व्यक्तिहरूले यसलाई परिभाषित गरेका छन् । एक पारम्पिक परिभाषा अनुसार शिक्षाको भूमिका निर्वाह गर्ने ज्ञानका मन्दिरलाई संग्रहालय भनिएको छ (दाहाल र खतिवडा,वि.स. २०६२, पृ ३३५) । अतः संग्रहालय अतित र वर्तमानलाई जोड्ने एउटा पुल हो, भन्न सकिन्छ ।

नेपालमा संग्रहालयको स्थापनाको त्यति लामो इतिहास छैन । वि.सं. १९९५ फागुन १ गते जुद्ध शमशेरले भीमसेन थापाले स्थापना गरेको शिलखाना नामक भवनलाई संग्रहालयको रुपमा स्थापना गरेका थिए । पछि वि.सं. २००० साल वैशाख २५ गते जुद्धजातीय कलाशाला नामक भवन संग्रहालयको लागि स्थापना गरे । यो नै संग्रहालयको लागि स्थापना गरिएको पहिलो भवन हो ।

नेपालको संग्रहालयको इतिहासमा राष्ट्रिय मुद्रा संग्रहालयको पनि विशेष महत्व रहेको छ । यो एउटा विशिष्टिकृत संग्रहालय हो । वि.सं. २०१९ साल पुष १ गते राजा महेन्द्रले यो संग्रहालयको स्थापना गरेका थिए (मुद्रा संग्रहालयमा रहेको समुद्घाटन समारोहको फोटोबाट) । लगभग ६१ वर्ष पुरानो भएतापनि यसको प्रदर्शनी व्यवस्थापन संग्रहालयकौ आधुनिक सिद्धान्त अनुरुपको थिएन । यसकारण संग्रहालय प्रदर्शनी व्यवस्थापनको आधुनिक सिद्धान्त अनुसार छ कि छैन ? भनेर प्रस्तुत शोधमा परिचर्चा गरिएको छ । यस अघि यस संग्रहालयको विषयमा कुनै पनि शोध अध्ययन नभएको हुँदा यस शोधकार्य गर्नु आवश्यक दैखिएको हो । संग्रहालय आफैंमा अनुसन्धानको केन्द्र भएकाले यहाँ प्रदर्शित मुद्राहरूको प्रदर्शनी व्यवस्थापन पक्षबारे अध्ययन गरिएको छ । मूलतः मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयको शोध प्रयोजनका लागि यो शोधकार्य गरिएको छ ।

यस शोधप्रबन्धमा विशेषतः संग्रहालय प्रदर्शनी व्यवस्थापनसम्बन्धी सिद्धान्तका आधारमा राष्ट्रिय मुद्रा संग्रहालयमा प्रदर्शित मुद्राहरूको प्रदर्शनी व्यवस्थापनसम्बन्धी कोणबाट हेरिएको छ । विशेषतः प्रकाश व्यवस्थापन, ऐतिहासिक कालक्रम, शोकेस निर्माण, प्रकाश व्यवस्थापन जस्ता प्रदर्शनी व्यवस्थापनसम्बन्धी कोणबाट यस संग्रहालयको प्रदर्शनी व्यवस्थापनसम्बन्धी वर्तमान अवस्थाको अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

सङ्ग्रहालय एउटा साधारण भवन मात्र नभएर व्यवस्थितरूपमा निर्माण गरिएको खुला विश्वविद्यालय हो । तसर्थ सङ्ग्रहालयको सञ्चालनमा व्यवस्थापन पक्षको महत्वपूर्ण भूमिका हुन्छ । यसै मान्यतालाई आधार लिँदै राष्टिय मुद्रा सङ्ग्रहालयको प्रदर्शनी व्यवस्थापन पक्षको वर्तमान अवस्थालाई अध्ययन गर्नु प्रस्तुत शोधपत्रको समस्या कथनको रूपमा लिइएको छ, जसलाई बुँदागत रूपमा यस प्रकार उल्लेख गरिएको छ ।

क. राष्ट्रिय मुद्रा संग्रहालयको प्रदर्शनी व्यवस्थापनको अध्ययन नहुनु ।

ख. राष्ट्रिय मुद्रा संग्रहालयको महत्वको बारेमा  अध्ययन तथा अनुसन्धान नहुनु ।

ग. राष्ट्रिय मुद्रा संग्रहालयको प्रदर्शनीको प्राविधिक पक्षको बारेमा अध्ययन नहुनु ।

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधको प्रमुख उद्देश्य भनेको राष्ट्रिय मुद्रा सङ्ग्रहालयको प्रदर्शनी व्यवस्थापन पक्षको अध्ययन गर्नु रहेको छ । सङ्ग्रहालयको सञ्चालनमा आबद्ध रहेर आएका प्राविधिक एवम् सैद्धान्तिक व्यवस्थापनमा देखिएका त्रुटीका कारणहरू पत्ता लगाउनु यस अध्ययनको उद्देश्य रहेको छ । यसको अतिरिक्त शोधका अन्य प्रमुख उद्देश्यहरू यसप्रकार रहेका  छन् ।

क. राष्ट्रिय मुद्रा संग्रहालयको प्रदर्शनी व्यवस्थापनको अध्ययन गर्नु ।

ख. राष्ट्रिय मुद्रा संग्रहालयको महत्वको बारेमा अध्ययन तथा अनुसन्धान गर्नु ।

ग. राष्ट्रिय मुद्रा संग्रहालयको प्रदर्शनीको प्राविधिक पक्षको अध्ययन गर्नु ।

## १.४ अध्ययनको महत्व

नेपाल सांस्कृतिक विविधताले सम्पन्न राष्ट्र भएकोले नेपाललाई एउटा खुल्ला सङ्ग्रहालयको रूपमा व्यक्त गरिएको पाइन्छ । तथापि जुनरूपमा सङ्ग्रहालयको विकास हुनुपर्ने हो, त्यो रूपमा हुन सकेको छैन । यसको साथै सङ्ग्रहालयलाई अनौपचारिक शैक्षिक केन्द्रको रूपमा विकास गरेर यसको गरिमालाई जनमानस सम्म पुऱ्याउन सकिएको छैन भने अर्कोतिर संग्रहालयसम्बन्धी विषयमा केन्द्रित रहेर त्यति धेरै अनुसन्धानात्मक कार्य हुन सकेको छैन । यिनै विषयगत पृष्ठभूमिमा केन्द्रित रहेर प्रस्तुत शोधमा अध्ययन गरिएको छ । नेपालमा संग्रहालयको विकासमा राष्ट्रिय मुद्रा सङ्ग्रहालयको भूमिकाको बारेमा कम अध्ययन गरिएको कारण पनि यस संग्रहालयको अध्ययनको महत्व देखिन्छ । सङ्ग्रहालय सञ्चालन तथा व्यवस्थापनमा देखिएका समस्या तथा चुनौतीहरू माथि

प्रकाश पार्नको लागि यस अध्ययनको महत्व हुने देखिन्छ । संग्रहालय व्यवस्थापन महत्वपूर्ण प्राविधिक काम हो । यस संग्रहालयको प्रदर्शनी व्यवस्थापन विषयमा हालसम्म पनि अध्ययन नभएको हुँदा त्यस अभावलाई पूर्ति गर्नका लागि यो शोध एउटा विशिष्ट अध्ययन प्रतिवेदन को स्वरुपमा संरचित छ ।

सङ्ग्रहालयमा वस्तु सङ्कलन गर्नु एउटा महत्वपूर्ण उपलब्धि र जिम्मेवारी हो भने व्यवस्थापन गर्नु अर्को महत्वपूर्ण कार्य हो । मौलिक र वास्तविक तथा दुर्लभ वस्तुहरूको संकलन गर्नु नै सङ्ग्रहालयको आधारभूमि हो । यस्ता आधिकारिक वस्तुलाई सदाका लागि जीवित राख्नु सङ्ग्रहालय व्यवस्थापनको मूल उद्देश्य हो । सजावट र संरक्षण, भौतिक पूर्वाधार लगायतका सङ्ग्रहालयको विविध पक्षहरूको अध्ययन गर्नमा प्रस्तुत शोधपत्र केन्द्रित रहेको छ ।

क. नेपालको प्राचीन राजनीतिक इतिहासलाई पुरातात्विक प्रमाणका आधारमा प्रमाणित गर्न ।

ख. नेपालको धार्मिक, सामाजिक, सांस्कृतिक र आर्थिक इतिहासमाथि प्रकाश पार्न ।

ग. प्राचीनकालको धातु उद्योगको बारेमा अध्ययन गर्न ।
घ. लिपि, भाषा तथा साहित्यको अध्ययन गर्न ।
ङ. मुद्रामा प्रयुक्त चिह्नको माध्यमबाट कलाको इतिहास अध्ययन गर्न ।
च. सामाजिक मूल्यहरूको खोजी गर्न ।

## १.५ अध्ययनको सीमा

प्रस्तुत शोधपत्र राष्ट्रिय मुद्रा सङ्ग्रहालय भवनमा प्रदर्शित मुद्राहरूको प्रदर्शनी व्यवस्थापन पक्षमा मात्र केन्द्रित रहेको छ । संग्रहालय व्यवस्थापनको सैद्धान्तिक आधारमा राष्ट्रिय मुद्रा सङ्ग्रहालय प्रदर्शन गरिएका वस्तुहरूको Display, labaling, lighting र exhibition पक्षबाट मात्र अध्ययन मात्र अध्ययन गरिएको छ । यसका अतिरिक्त संग्रहालयको अन्य पक्षहरूको अध्ययन गरिएको छैन ।

## १.६ अध्ययन विधि

प्रस्तुत शोधमा संग्रहालय विज्ञानसँग सम्बन्धित सैद्धान्तिक पक्षहरूको विवेचनाको लागि पुस्तकालय अध्ययन विधिलाई अपनाइएको छ भने शोध शीर्षकसँग सम्बन्धित व्यवहारिक पक्षहरूको अध्ययनको लागि बढी मात्रामा स्थलगत् अध्ययन विधिलाई अपनाइएको छ । अनुसन्धान पद्धतिका विविध विधिहरूमध्ये विशेष गरेर प्रश्नावली, अन्तर्वार्ता र अवलोकन विधिलाई अपनाईएको छ । सङ्ग्रहालय सञ्चालन तथा व्यवस्थापन प्रक्रियाबारे बुझ्न सम्बन्धित विज्ञसँग विषयगत्

चर्चा/परिचर्चा गरिएको छ। यसरी प्रस्तुत शोध कार्यमा प्राथामिक एवम् द्वितीय श्रोतको प्रयोग गरि शोधकार्य गरिएको छ। शोध वर्णनात्मक विधिबाट गरिएको छ।

**क. तथ्याङ्क संकलनका विधिहरू**

**१. प्राथमिक स्रोत**

**अ. अवलोकन/स्थलगत अध्ययनः**

प्रस्तुत शोधको शोधकार्यको लागि सम्बन्धित राष्ट्रिय मुद्रा संग्रहालय अध्ययनस्थलमा गई प्रत्यक्ष अवलोकन गरेर यहाँको वस्तु स्थिति, प्रदर्शन विधि, लगायत सारभुत रुपमा प्रदर्शनी व्यवस्थापनको संक्षिप्त अध्ययन गरिएको छ।

**आ. अन्तर्वार्ता :**

प्रस्तुत शोधको शोधकार्यको लागि संग्राहलयसँग सम्बन्धित विषयका विभिन्न विज्ञ, सरकारी निकायका कर्मचारी, राष्ट्रिय मुद्रा संग्रहालयका कर्मचारीसँग अन्तर्वार्ता लिइएको छ। यस शोधकार्यको लागि पाँच जना कार्यलयका कर्मचारी र पाँचजना वाह्य पर्यटक गरी जम्मा दशजनासंग सामान्य प्रकृतिको प्रश्नावली तयार गरि संवाद गरिएको छ।

**२. द्वितीय श्रोत :**

प्रस्तुत शोध अध्ययनको आंशिक परिपूर्तिको लागि आवश्यक पर्ने प्रकाशित तथा अप्रकाशित सामाग्रीहरूको अध्ययन गरिएको छ।

**ख. तथ्य विश्लेषण र प्रतिवेदन लेखन विधि :**

तथ्य विश्लेषण र प्रदर्शन विधि अन्तर्गत यस शोध ग्रन्थमा वर्णनात्मक तरिकाबाट प्रतिवेदन प्रस्तुत गरिएको छ र APA विधिबाट यस शोधलाई तयार गरिएको छ।

## १.७ पूर्वसाहित्य समीक्षा

कुनै पनि अनुसन्धानमा सैद्धान्तिक आधार वा पृष्ठभूमिको महत्वपूर्ण भूमिका रहन्छ किनभने सैद्धान्तिक मान्यतामा टेकेर नै नयाँ अवधारणाको प्रतिपादन गर्न सकिन्छ। अर्थात् कुनैपनि विषयगत प्रश्नहरू बारे अन्य विद्वानहरूको मत, मतान्तर वा अवधारणा के रहेको छ सो जान्नको लागि पूर्वप्रकाशित कृतिहरूको महत्वपूर्ण भूमिका हुन्छ। प्रस्तुत शोधको सन्दर्भमा यस शोध कार्यको आंशिक आवश्यकतालाई पुरा गर्नको लागि संग्रहालय शास्त्रसँग सम्बन्धित केही पुस्तकहरूको अध्ययन गरिएका छन् जुन यसप्रकार छन् :

(क) पशुपतिकुमार द्विवेदी, सङ्ग्रहालय र समाज, १८७५

नेपालमा सङ्ग्रहालय सम्बन्धमा नेपाली भाषामा लेखिएको प्रथम पुस्तक भएकोले सानै आकारमा भएपनि यसको महत्व रहेको छ । त्यसकारण यो शोधपत्र तयार गर्नको लागि यस पुस्तकले आंशिक भूमिका खेलेको छ ।

(ख) पशुपतिकुमार द्विवेदी, म्युजियम इन नेपाल, १८७६

नेपालमा सङ्ग्रहालयसँग सम्बन्धित अङ्ग्रेजी भाषामा लेखिएको यस पुस्तकमा सङ्ग्रहालय विज्ञानका विविध पक्षहरूको विषयमा चर्चा परिचर्चा गरिएको छ । तथापि सङ्ग्रहालयको विविध क्षेत्रको व्यवस्थापन पक्षहरूमा भने निकै नै कम चर्चा गरिएको छ । यसो भएतापनि प्रस्तुत शोध शीर्षकको आंशिक परिपूर्तिको लागि उक्त पुस्तक महत्वपूर्ण हुने देखिन्छ ।

(ग) आर गणेशन्, भारतीय सङ्ग्रहालय एवम् जनसम्पर्क, २००२

हिन्दी भाषामा लेखिएको यस किताबका १२ वटा अध्यायहरूमा सङ्ग्रहालय मार्फत कसरी जनताहरूसँग सम्बन्ध राख्न सकिन्छ भन्ने विषयमा चर्चा गरिएको छ ।

(घ) शिवस्वरुप सहाय, सङ्ग्रहालय की और, १८८२

भारतीय विद्वान डा. शिवस्वरूप सहायद्वारा लिखित प्रस्तुत पुस्तकमा सङ्ग्रहालयसम्बन्धी विभिन्न पक्षहरूमा चर्चा गरिएको छ । प्रस्तुत शोध शीर्षकको यथोचित अध्ययनको लागि उक्त पुस्तक महत्वपूर्ण भूमिका हुने देखिन्छ । विशेषगरी उक्त पुस्तकको २४औं खण्डमा सङ्ग्रहालय भवन योजना र प्रशासनिक व्यवस्थाको बारेमा विवेचना गरिएको छ । यसर्थ उक्त पुस्तक प्रस्तुत शोधकार्यको आंशिक परिपूर्तिको लागि महत्वपूर्ण हुने देखिन्छ ।

(ङ) वीणा पौड्याल, राष्ट्रिय सङ्ग्रहालयका केही मूर्तिहरू वि.सं. २०३५, त्रि.वि. ।

राष्ट्रिय संग्रहालयका केही मूर्तिहरू शीर्षकको नेपाली भाषामा लेखिएको यस शोधपत्र त्रिभुवन विश्वविद्यालय संस्कृति केन्द्रीय विभाग अन्तर्गत रहेर तयार पारिएको थियो । प्रस्तुत शोधपत्र राष्ट्रिय सङ्ग्रहालयमा रहेका मूर्तिहरूको प्रथम प्राज्ञिक र अनुसन्धानपरक शोधकृति हो जसमा राष्ट्रिय सङ्ग्रहालयको इतिहास, त्यहाँ सङग्रहित मूर्तिहरूको सम्बन्धमा गहन अध्ययन गरिएको छ । नेपालको संग्रहालयको इतिहास र यसको विकासक्रममा उक्त शोधपत्रमा केहि चर्चा गरिएकोले यस शोधपत्रको आंशिक आवश्यकता परिपूर्तिको लागि महत्वपूर्ण हुने देखिन्छ ।

(च) शुक्ल, गिरीश्चन्द्र र विमलेश कुमार पाण्डेयय, सङ्ग्रहालय विज्ञान, २००२

सङ्ग्रहालय विज्ञान शीर्षकमा गिरीशचन्द्र शुक्ल र विमलेशकुमार पाण्डेययद्वारा लिखित प्रस्तुत पुस्तक यस शोध ग्रन्थको लागि महत्वपूर्ण हुने देखिन्छ । ३ वटा खण्ड र २० वटा अध्यायहरूमा विभाजित प्रस्तुत पुस्तकमा सङ्ग्रहालयसंग सम्बन्धित परिभाषा, इतिहासको साथसाथै सङ्ग्रहालय व्यवस्थापनसम्बन्धी विभिन्न शीर्षकहरूमा चर्चा गरिएको छ । यस पुस्तकको पहिलो खण्डको अध्याय पाँचमा सङ्ग्रहालयको प्रशासन व्यवस्था, भवन योजना र खासगरी सङ्ग्रहालयको महत्वपूर्ण पक्ष प्रकाश व्यवस्थाको बारेमा चर्चा गरिएको छ ।

(छ) साफल्य अमात्य, आर्ट एण्ड कल्चर अफ नेपाल, जनकपुर , निराला पब्लिकेशन, १८८१ ।

साफल्य अमात्यद्वारा लिखित प्रस्तुत पुस्तकको तेस्रो अध्यायमा म्यूजियम इन नेपाल शीर्षकमा नेपालमा सङ्ग्रहालयको इतिहास र विकासक्रमको बारेमा चर्चा गरिएको छ । प्रस्तुत शोधको दोस्रो अध्यायको विषयगत पूर्तिको लागि खासगरी नेपालमा सङ्ग्रहालयको विकासक्रमको बारेमा चर्चा गर्दा उक्त पुस्तकको आवश्यकता देखिन्छ ।

(ज) देवेन्द्रमान श्रेष्ठ, पाटन सङ्ग्रहालय एवम् त्यहाँ संग्रहित कलावस्तुहरू, वि.सं. २०६२ ।

पाटन सङ्ग्रहालय एवम् त्यहाँ संग्रहित कला वस्तुहरू शीर्षकको यस शोधपत्र त्रिभुवन विश्वविद्यालय संस्कृति केन्द्रीय विभाग अन्तर्गत रहेर तयार पारिएको छ । यस शोधपत्रको चौथो अध्यायमा सङ्ग्रहालय व्यवस्थापनसम्बन्धी चर्चा गरिएको छ । खासगरी संरक्षण, सम्वर्द्धन तथा सुरक्षा व्यवस्था, प्रदर्शन, तथा प्रकाश व्यवस्था, कर्मचारी व्यवस्था, सङ्ग्रहालय भवन योजना प्रदर्शित वस्तुहरूको परिचयपाटी जस्ता सङ्ग्रहालय व्यवस्थापनसम्बन्धी सैद्धान्तिक विषयमा चर्चा गरिएको छ । यसकारण उक्त शोधपत्रलाई यस शोधकार्यको आंशिक परिपूर्तिको लागि महत्वपूर्ण हुने देखिन्छ ।

(झ) करुणा नकर्मी, राष्ट्रिय सङ्ग्रहालयका प्रमुख प्रस्तर वैष्णव मूर्तिहरू, वि.सं. २०६६ । राष्ट्रिय सङ्ग्रहालयका प्रमुख प्रस्तर वैष्णव मूर्तिहरू शीर्षकको यस शोधपत्र त्रिभुवन विश्वविद्यालय संस्कृति केन्द्रीय विभाग अन्तर्गत रहेर तयार पारिएको छ । यस शोधपत्रको दोस्रो अध्यायमा नेपालमा सङ्ग्रहालयको विकासक्रम र राष्ट्रिय सङ्ग्रहालयको भूमिका बारे चर्चा गरिएको छ । प्रस्तुत शोधपत्र तयार पार्नका लागि उक्त शोधपत्र महत्वपूर्ण हुने देखिन्छ ।

(ञ) ए.पी.सि.ह, कन्जरभेसन एण्ड म्यूजियम टेक्निकस, १९८७ ।

अङ्ग्रेजी भाषामा लेखिएको प्रस्तुत पुस्तकमा सङ्ग्रहालयमा संरक्षण र सम्वर्द्धनको विषयमा चर्चा गरिएको छ । सङ्ग्रहालय व्यवस्थापनको सैद्धान्तिक विषयमा अध्ययन गर्दा उक्त पुस्तकको महत्वपूर्ण हुने देखिन्छ । सङ्ग्रहालयमा संग्रहित वस्तुहरूको कसरी रासायनिक उपचार गर्ने भन्ने विषयमा विशेष चर्चा गरिएको छ । उक्त पुस्तकको पाँचौ अध्यायमा Display Techniques को विषयमा चर्चा

गरिएको छ । कसरी वस्तुहरूको प्रदर्शन गर्ने भन्ने बारेमा अध्ययन गर्दा उक्त अध्याय महत्वपूर्ण हुने देखिन्छ ।

(ट) गोविन्द न्यौपाने, जुद्धजातीय कलाशाला सङ्ग्रहालयको प्रदर्शनी व्यवस्थापनको एक अध्ययन, २०६९ ।

त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तहको संस्कृति विषयको आंशिक परिपूर्तिको लागि तयार पारिएको उक्त शोधपत्र प्रस्तुत शोधको लागि अत्यन्त महत्वपूर्ण देखिन्छ । संग्रहालयमा प्रदर्शनी व्यवस्थापन कस्तो हुनु पर्छ, प्रदर्शनी व्यवस्थापनको सामान्य सिद्धान्त के हो ? प्रदर्शनी व्यवस्थापनलाई राम्रो बनाउन के कस्ता कुराहरूमा ध्यान दिनु पर्छ भन्ने जस्ता विषयहरूमा चर्चा गरिएको उक्त शोधपत्र यहाँ सान्दर्भिक भएकोले सन्दर्भ सामाग्रीको रुपमा प्रयोग गरिएको छ ।

यसरी माथि उल्लिखित सन्दर्भ सामग्रीहरू बाहेक विभिन्न पत्रपत्रिका तथा जर्नलहरूमा सङ्ग्रहालयसँग सम्बन्धित रहेर प्रकाशन गरिएका लेख रचनाहरूको पनि संभव भएसम्म प्रयोग गरिएको छ । यसैगरी सङ्ग्रहालयसँग सम्बन्धित विभिन्न Website हरूमा सम्प्रेषण गरिएका आलेखहरूलाई पनि आवश्यक सन्दर्भ अनुसार उल्लेख गरिएको छ ।

### १.८ अध्याय विभाजन

शोध अनुसन्धानले तव मात्र पूर्णता पाउँछ जब अनुसन्धानबाट प्राप्त तथ्य वा विषयलाई वैज्ञानिक ढंगले विश्लेषणका साथ प्रतिवेदन तयार गरिन्छ । अध्ययनबाट प्राप्त ज्ञान वा सैद्धान्तिक विषयलाई व्यवस्थित रूपले विभिन्न अध्यायमा विभाजन नगर्ने हो भने शोधको कुनै गरिमा रहँदैन । यस शोधग्रन्थमा सङ्ग्रहालय व्यवस्थापनसम्बन्धी अध्ययनलाई निम्न बमोजिमका अध्यायमा विभाजन गरी क्रमवद्ध रूपमा प्रस्तुत गरिएको छ ।

१. अध्याय १ - शोध परिचय र पूर्वसाहित्यको समीक्षा प्रस्तुत शोधपत्रको अध्याय एकमा शोधपत्रको संक्षिप्त परिचय, समस्याकथन, अध्ययन विधि, अध्ययनको उद्देश्य र सीमा, र पूर्वकार्यको समीक्षा लगायतका उपशिर्षकहरूमा छलफल गरिएको छ ।

२. अध्याय २ - नेपालमा संग्रहालय विकासको इतिहासमा राष्ट्रिय मुद्रा संग्रहालयका भूमिका । यस अध्यायमा संग्रहालयको इतिहास, परिभाषा, प्रकार र नेपालको संग्रहालयको इतिहासमा राष्ट्रिय मुद्रा संग्रहालयको भूमिका लगायतका विषयमा परिचर्चा गरिएको छ ।

३. अध्याय ३ - संग्रहालय व्यवस्थापनको परिचय

यस अध्यायमा संग्रहालयको प्रदर्शनी व्यवस्थापन्सम्बन्धी सैद्धान्तिक पक्षहरूमा छलफल गरिएको छ । विशेषगरी संग्रहालयको प्रदर्शनी व्यवस्थापनमा ध्यान दिनुपर्ने शौकेश, लाईटिंङ्ग (प्रकाश व्यवस्थापन), ग्यालरी व्यवस्थापन जस्ता विषयहरूमा छलफल गरिएको छ ।

४. अध्याय ४ - राष्ट्रिय मुद्रा संग्रहालयका प्रदर्शनी व्यवस्थापन एक अध्ययन

यस अध्यायमा राष्ट्रिय मुद्रा संग्रहालयको प्रदर्शनी व्यवस्थापनसम्बन्धी समग्र वस्तुस्थितिको परिचर्चा गरिएको छ । यसमा विशेषतः भुईंतला र माथिल्लो तलाका विभिन्न शोकेसहरूमा प्रदर्शित मुद्राहरूको प्रदर्शनी विज्ञानको कोणबाट चर्चा गरिएको छ ।

५. अध्याय ५ - उपसंहार

यस अध्यायमा शोधपत्रको छलफललाई निश्कर्षमा प्रस्तुत गरिएको छ । विशेषतः मुद्राको सामाजिक तथा सांस्कृतिक मूल्यको छलफल गरिएको छ । त्यस्तै प्रदर्शित मुद्राहरूको प्रदर्शनी व्यवस्थापनको कोणबाट छलफल गरि सुझावहरू पनि दिइएको छ ।

यसरी प्रस्तुत शोधकार्यलाई पाँचवटा अध्यायहरूमा पुरा गरिएको छ । पहिलो अध्यायमा शोध परिचय र पूर्व साहित्य समिक्षाको चर्चा गरिएको छ । यसभित्र अध्ययनको परिचय समस्या कथन, उद्देश्य, महत्व, पूर्वसाहित्यको समिक्षा र अनुसन्धान पद्धतिलाई राखिएको छ । दोस्रो अध्यायमा सङ्ग्रहालयको अवधारणा, परिभाषा, इतिहासको साथै नेपालमा संग्रहालयको इतिहास र नेपालमा राष्ट्रिय मुद्रा संग्रहालयको भूमिकाको विषयमा चर्चा गरिएको छ । तेस्रो अध्यायमा संग्रहालय व्यवस्थापनको सैद्धान्तिक विषयमा अध्ययन गरिएको छ । चौथो अध्यायमा राष्ट्रिय मुद्रा संग्रहालयको प्रदर्शनी कक्षको प्रदर्शनी व्यवस्थापनको विषयमा चर्चा गरिएको छ । यस अध्यायमा प्रदर्शन र व्यवस्थापनमा देखिएका समस्या तथा चुनौतिहरूको अध्ययन गरिएको छ । पाँचौ अध्यायमा सारांश, निष्कर्ष र सुझाव रहेको छ ।

# अध्याय - दुई
# संग्रहालय र नेपालमा सङ्ग्रहालय विकास

## २.१ अवधारणा

आदिमकालदेखि नै प्राग् मानवले जीवनयापन गर्ने क्रममा आफूलाई आवश्यक पर्ने खाद्यान्नको साथै अनौठो वस्तुहरू संकलन गर्ने गर्दथ्यो । विभिन्न देशमा गरिएको पुरातात्विक उत्खननको क्रममा प्राप्त भएका भण्डार कक्षमा रहेका वस्तुहरूको अवशेषको आधारबाट पनि यस तथ्यलाई प्रमाणित गरिएको पाईन्छ ।

यद्यपि मानव एक चेतनशील प्राणी भएकाले जंगली अवस्थामै भएपनि आफ्नो आवश्यकता परिपूर्ति भएर बाँकी रहेको खाद्यान्न भविष्यको लागि भनेर सुरक्षित गरेर राख्ने गर्दथ्यो । अथवा यो भन्न सकिन्छ कि कुनै पनि वस्तु जो मानव जीवनको लागि महत्वपूर्ण हुन्छ, त्यो संग्रह गरेर राख्ने परम्पराको थालनी प्राचीनकालदेखि नै शुरुवात भएको पाईन्छ । मानवले आफ्नो आदिम अवस्थाका जीवनलाई त्यागेर स्थायी बसोबासको थालनीको सुरु भएपछि अर्थात् कृषि युगको थालनी भएपछि संग्रह गर्ने परम्पराको व्यापक मात्रामा विकास भएको देखिन्छ ।

कृषि युगमा एउटा निश्चित क्षेत्रमा मानव बसोबासको सुरुवात भएपछि नै मानवलाई आवश्यक पर्ने सामग्रीको संकलन गर्नुको साथै संकलित वस्तुलाई एउटा निश्चित स्थानमा संग्रह गर्ने कार्य प्रारम्भ भयो । जे होस् कृषि युगको थालनीसँगै मानवले आफ्ना आवश्यकताहरू पुरा गर्ने क्रममा अर्थात् भविष्यको आवश्यकतालाई पुरा गर्ने सोचको पृष्ठभूमि भित्र सङ्ग्रहालयको अवधारणा अस्तित्वमा आएको मान्न सकिन्छ ।

खासगरी पछिल्लो काल अर्थात् इतिहासकालमा आएर सङ्ग्रहालयको अवधारणाले व्यापकता पाएको देखिन्छ । विभिन्न देशहरूबीच युद्ध हुँदा लुटेर ल्याएको सम्पत्तिहरूलाई संरक्षण गरेर राख्ने चलन थियो । यस परम्पराले अतित इतिहासको भौतिक प्रमाणहरूलाई भविष्यका सन्ततीहरूलाई हस्तान्तरण गर्नु पर्छ  भन्ने सोचको विकास भएको देखिन्छ । यसै सोचको आधार भूमिमा रहेर वस्तुहरूको संकलन, संरक्षण तथा पञ्जीकरणको साथै व्यवस्थित रुपले आफ्ना विशिष्ट पहुँचलाई देखाउने अभिरुची युरोपियन शासकहरूमा रहेको देखिन्छ । खासगरी युरोपको पुर्नजागरणको कालसँगै सङ्ग्रहालयलाई आधुनिक ढंगले व्याख्या र विवेचना गर्ने सोचको थालनी भएको पाईन्छ ।

वस्तुतः मानवको विगत र वर्तमानको इतिहास, संस्कृति र सम्पदाका प्रतिकहरू भावी सन्ततीको जानकारीको लागि संकलन र संरक्षण गर्ने व्यक्तिगत वा संस्थागत अभिष्टको आधारमा सङ्ग्रहालयको अवधारणा अस्तित्वमा आएको देखिन्छ ।

## २.२ सङ्ग्रहालयको परिचय

साधारणतया सङ्ग्रहालयको आकार प्रकार र प्रकृति अनुसार सङ्ग्रहालयलाई परिभाषित गरिएको पाईन्छ । समय र परिवेश अनुसार पनि यसको परिभाषामा भिन्नता आएको हुन्छ । यसर्थ कुनै पनि वस्तु संग्रह गरिने भवन वा भण्डार कक्षलाई सङ्ग्रहालयको रुपमा बुझ्ने गरिन्छ । साधारण परिचयको यस कथनले सङ्ग्रहालय शास्त्रको व्यापकतालाई समेट्न भने सक्दैन । समयको परिवर्तनसँगै कुनै पनि विषयको अवधारणा वा परिभाषा र त्यसको दार्शनिक मान्यता पनि परिवर्तन हुँदै गएको देखिन्छ । यस प्रसँगमा रहेर सङ्ग्रहालयलाई कुनै सामयिक सीमाभित्र रहेर परिभाषा गर्न भने सकिदैन । भन्न खोजेको सारवस्तु यो हो कि विभिन्न कालखण्डमा विभिन्न विद्वानहरूले सङ्ग्रहालयलाई विभिन्न दृष्टिकोणबाट परिभाषित गरेको पाईन्छ । सङ्ग्रहालय अङ्ग्रेजी शब्द म्यूजियमको रुपान्तरण हो । अंग्रेजीको यो शब्द ग्रीक वा युनानी भाषाको म्यूस (Muse) बाट बनेको हो,जसको अर्थ ज्ञानकी देवी भन्ने हुन्छ (दाहल र खतिवडा, २०६०,पृ ३३५) । यसर्थ ज्ञानको मन्दिर नै सङ्ग्रहालय हो । भनिन्छ पनि सङ्ग्रहालय ज्ञानको यस्तो मन्दिर हो जहाँ शिक्षाको केन्द्र स्थापित छ (श्रेष्ठ,वि.स २०६२ पृ २) । (The Museum is a fountain of knowledge and Temple of learning. A museum is on educational institution and cultural centre too)

इन्साइक्लोपेडिया बृटानिका नामक विश्वकोषमा सङ्ग्रहालयलाई “बौद्धिक छलफल गर्ने स्थान” भनिएको छ । उक्त विश्वकोषले रोमन युगमा यसलाई दार्शनिक छलफल गर्ने स्थलको रुपमा लिइन्थ्यो भन्ने कुरा समेत उल्लेख गरेको छ ( इन्साइक्लोपेडिया बृटानिका भोलुम २, १९६९, पृ १०३३) । वास्वतमा सङ्ग्रहालयमा संग्रहित इतिहास, संस्कृति र सभ्यतालाई प्रतिविम्वित गर्ने कला र सृजनाको दर्शन गरेर आफ्ना पूर्वजको पहिचान गरी तिनीहरूप्रति श्रद्धाभाव व्यक्त गरिन्छ । यसको साथै विगत इतिहास, सभ्यता र संस्कृतिको अध्ययन गरी वर्तमान सभ्यतालाई मार्गदर्शन गर्दै भविष्यको रुपरेखा कोर्ने काम सङ्ग्रहालयको अध्ययन, दर्शन, अनुसन्धान एवम् चिन्तन र मननबाट गर्न सकिन्छ । यसै हुनाले सङ्ग्रहालयको रुपमा स्वीकार गरिएको पाईन्छ । रोमन साम्राज्यको युग दार्शनिक र चिन्तकहरूको युग भएकाले त्यस समयमा सङ्ग्रहालयलाई दार्शनिक छलफल गर्ने केन्द्रको रुपमा परिभाषित गरेको हुनुपर्छ ।

सङ्ग्रहालयसम्बन्धी अन्तर्राष्ट्रिय संगठन आइकम (ICOM) ले सङ्ग्रहालयलाई वैज्ञानिक ढंगले परिभाषा दिएको छ । उक्त संस्थाले दिएको परिभाषा अनुसार यात्रीको चाख अनुसार विभिन्न वस्तुहरू संकलन, संरक्षण, प्रदर्शन गरिने स्थल सङ्ग्रहालय हो ( दाहल र खतिवडा, वि.स.२०६०, पृ ३१७) । उक्त संस्थाले सङ्ग्रहालयलाई विभिन्न प्रकारका वस्तुहरू संग्रह, संरक्षण र प्रदर्शन गरिने स्थलको रुपमा लिएको छ । हुन पनि सङ्ग्रहालयले पुराना र कलात्मक वस्तुहरू संग्रह गर्दछ । वस्तुहरू संग्रह गरेर मात्र हुँदैन, त्यसको विविध कारणले क्षति हुन सक्ने भएकाले त्यस्ता वस्तुहरूको संरक्षण गर्न पनि त्यतिकै आवश्यकता पर्दछ । तसर्थ ICOM को उक्त परिभाषाले सङ्ग्रहालयलाई

वस्तुको सुरक्षा गर्ने प्रामाणिक भवनको साथै अध्ययन अनुसनधन र मनोरञ्जनको स्थलको रुपमा समेत अभिव्यक्त गरेको छ ।

यसरी विभिन्न प्राज्ञिक संघ संस्थाहरूले सङ्ग्रहालयलाई जे जसरी परिभाषा दिए तापनि वास्तवमा जुनसुकै प्रकारका वस्तुहरू संग्रह गर्ने संस्था सङ्ग्रहालय होइन भन्नेमा एकमत रहेको देखिन्छ । अत एवं सङ्ग्रहालयसम्बन्धी परिभाषाहरूको आधारमा रहेर यो भन्न सकिन्छ कि वस्तुतः व्यक्तिगत अथवा संस्थागत अभिरुचिको आधारमा दुर्लभ मूल्यावान, ऐतिहासक, भौगोलिक, पुरातात्विक एवम् सांस्कृतिक दृष्टिकोणले महत्व राख्ने विगतका मानव समुदायद्वारा निर्मित कला वास्तुकला उपकरण तथा प्रविधिहरूको संकलन र संरक्षण गरी कसरी पूर्णतया वैज्ञानिक र व्यवस्थित ढंगले संरक्षण र प्रदर्शन गर्दै भावी पुस्तालाई जोगाएर राख्न सकिन्छ भन्ने विषयमा अध्ययन गर्ने शास्त्रलाई सङ्ग्रहालय शास्त्र वा विज्ञानको रुपमा बुझ्न उपयुक्त मानिन्छ । सङ्ग्रहालयसम्बन्धी माथि चर्चा गरिएको परिचयात्मक विश्लेषणले सङ्ग्रहालय शास्त्रलाई समेट्न भने नसक्ने देखिन्छ । सङ्ग्रहालयको विकास सँगसँगै सङ्ग्रहालय एउटा शास्त्र वा विज्ञानको रुपमा विकसित भएको देखिन्छ । सङ्ग्रहालयको बढ्दो व्यापकता र यसको गरिमालाई मध्येनजर राख्दै प्रथमपटक युनेस्कोले १९५८ मा सङ्ग्रहालयशास्त्रको यसरी परिभाषित गरेको छ । Museology is the branch of knowledge concerned with the study of purpose and organizaiton of museums. Museography is the boyd of techniques related to museology (शुक्ल र पाण्डेय, २००२, पृ ९) अर्थात् संग्रहालय शास्त्र ज्ञानको त्यो शाखा हो जुन सङ्ग्रहालयको संगठन र उद्देश्यको अध्ययनसँग सम्बन्धित हुन्छ । अर्को शब्दमा भन्ने हो भने सङ्ग्रहालयशास्त्र प्रविधिको त्यो अंग हो जुन सङ्ग्रहालय शास्त्रसँग सम्बन्धित हुन्छ  र युनेस्कोको उक्त परिभाषाले सङ्ग्रहालयलाई एउटा महत्वपूर्ण शास्त्रको रुपमा परिभाषित गरेको छ । जुन नव सङ्ग्रहालय शास्त्रको आधारभूमिको रुपमा रहेको देखिन्छ ।

कुनै पनि राष्ट्रको .सम्पन्नताको पहिचानको आधारभूमि नै त्यो राष्ट्रको संस्कृति हो । सङ्ग्रहालय कुनै पनि राष्ट्र वा समाजको शिक्षा, धर्म, दर्शन, सभ्यता, इतिहास र राजनीति लगायत सम्पूर्ण मावनीय पक्षहरूको मापन गर्ने एउटा यस्तो संस्था हो जहाँ अतित इतिहासको मानवीय क्रियाकलापसंग सम्बन्धित मानव निर्मित सांस्कृतिक दृश्यावली प्रतिविम्वित हुन्छन् । अर्को शब्दमा भन्ने हो भने सङ्ग्रहालय सभ्यताको प्रतिविम्व हो । जुनसुकै राष्ट्रमा पनि उक्त राष्ट्रको पहिचान झल्काउनको लागि सङ्ग्रहालयको स्थापना गरिएको देखिन्छ । यद्यपि सङ्ग्रहालयमा मानव निर्मित वस्तुहरू मात्र नभएर प्राकृतिक एवम् दुर्लभ वस्तुहरूको संकलन पनि गर्ने गरिन्छ ।

यसरी समयको परिवर्तनका साथसाथै सङ्ग्रहालयले आफ्नो गरिमालाई जनजनसम्म फैलाएको देखिन्छ । सङ्ग्रहालयमा संकलित वस्तुहरू प्रायः संस्कृति प्रतिविम्वित सामग्रीहरूको गहन अध्ययनबाट धर्म, कला र इतिहास र संस्कृतिको साथसाथ सिंगो मानव इतिहास र सभ्यताको

अध्ययन गर्न सकिने एउटा अनौपचारिक खुल्ला अध्ययन केन्द्रको रुपमा सङ्ग्रहालयलाई स्वीकार गरिएको पाइन्छ । सङ्ग्रहालय एउटा मानविकी संकायसँग मात्र सम्बन्धित नभएर यो त जीव विज्ञानको साथै भौतिक विज्ञान र रसायन विज्ञानसँग पनि सम्बन्धित छ किनभने संग्रहित वस्तुहरूलाई जीवन्त राख्नको लागि वैज्ञानिक उपचार महत्वपूर्ण हुन्छ । यसर्थ सङ्ग्रहालयलाई कोरा मानविकी संकायको रुपमा मात्र नभएर एउटा वैज्ञानिक र व्यवहारिक विज्ञानको रुपमा बुझ्न उपयुक्त हुन्छ ।

## २.३ सङ्ग्रहालयको प्रकार

अनौठा दुर्लभ तथा प्राचीन वस्तुहरू संग्रह गर्ने मानिसको सौख धेरै पुरानो हो । वास्तवमा पुराना वस्तुहरू संकलन गर्ने व्यक्तिगत अभिरुचिको आधारभूमिबाट नै सङ्ग्रहालय अस्तित्वमा आएको देखिन्छ । यसरी प्राचीन वस्तुहरू संग्रह गरी सजाएर राख्ने सौख पछि गएर राष्ट्रिय उद्देश्य र महत्वको विषय बन्न गएको देखिन्छ । यसरी व्यक्तिको साथसाथै संस्थागत रुपमा मात्र नभएर प्राज्ञिक एवम् सरकारी तवरबाट पनि वस्तुहरू संकलन गर्ने क्रम बढेर गयो, जसको फलस्वरुप नै सङ्ग्रहालयमा विभिन्न प्रकृति र प्रकारका वस्तुहरू संग्रह गरिन्छ । व्यक्ति वा संस्थाको अभिरुचि अनुसार पनि फरक फरक प्रकृतिका वस्तुहरू संग्रह गरिन्छ । एउटै सङ्ग्रहालयभित्र धेरै प्रकारका वस्तुहरू संकलन गरी व्यवस्थित रुपमा सुरक्षण र प्रदर्शनको व्यवस्था मिलाउन प्रायः कठिन हुने गर्दछ । यसर्थ सङ्ग्रहालयलाई विभिन्न प्रकारमा विभाजन र वर्गीकरण गरिएको पाइन्छ । स्वामित्वको आधारमा सङ्ग्रहालयलाई व्यक्तिगत र संस्थागत गरी दुई भागमा विभाजन गर्न सकिन्छ । यसका साथै क्षेत्रीयताको आधारमा सङ्ग्रहालयलाई राष्ट्रिय, प्रान्तीय, नगर र स्थानीय गरी चार खण्डमा वर्गीकरण गर्न सकिन्छ ( सहाय, १९९२, पृ ५०) ।

यसैगरी उद्देश्यको आधारमा पनि सङ्ग्रहालयलाई साधारण सङ्ग्रहालय र विशिष्ट सङ्ग्रहालय गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । सङ्ग्रहालयलाई वैज्ञानिक ढंगले वर्गीकरण गर्नु एकदमै कठिन कार्य हो । प्राज्ञिक व्यक्तित्वहरूले सङ्ग्रहालयलाई विभिन्न प्रकारमा वर्गीकरण गरे तापनि वर्गीकरणमा भने एकमत रहेको देखिन्न । माथि चर्चा गरे जस्तो स्वामित्व, उद्देश्य तथा क्षेत्रीयताको आधारमा मात्र सङ्ग्रहालयको प्रकार निर्धारण गर्दा त्यसको वर्गीकरण वैज्ञानिक नहुन सक्छ । यसर्थ संग्रह गरिने विषयवस्तुको प्रकृतिको आधारमा सङ्ग्रहालयको वर्गीकरण गर्नु उचित हुने देखिन्छ । यस आधारमा सङ्ग्रहालय निम्न प्रकारका हुने गर्दछन् ।

### २.३.१ साधारण सङ्ग्रहालय

सामान्य तथा व्यक्तिगत अभिरुचिको अधारमा स्थापना गरिएका सङ्ग्रहालयलाई साधारण सङ्ग्रहालय भन्ने गरिएको पाईन्छ । यद्यपि यस्ता सङ्ग्रहालयमा साधारण खालका वस्तुहरू नै सौखको लागि संग्रह गरी सजाएर राखिएका हुन्छन् । यहाँनेर साधारण सङ्ग्रहालयले सरकारी

तवरबाट वैधानिकता अथवा कानुनी मान्यता नपाएका पनि हुन सक्छन् । कानुनी मान्यता नपाएका यस्ता सङ्ग्रहालयमा कतिपय वस्तुहरू संकलन गर्दा सरकारी मुद्दा लाग्ने सम्भावना प्रति सचेत हुनु पर्दछ । तर कतिपय अवस्थामा व्यक्तिले स्थापना गरेका साधारण सङ्ग्रहालय सरकारलाई जिम्मा लगाइएका पनि पाइन्छन् । यस्ता प्रकारका सङ्ग्रहालयमा दर्शकको विश्वास तथा रुचि कम हुने गर्दछ ।

साधारण सङ्ग्रहालयमा व्यक्तिको रुचि अभिरुचि तथा क्षमता अनुसार मानवीय इतिहास तथा संस्कृति झल्काउने खालका वस्तुहरू नै संग्रह गरिएको हुन्छन् । यसरी यस्ता सङ्ग्रहालय सबैको लागि खुल्ला नगरिएका पनि हुन सक्छन् । विशेष गरी क्षेत्रीय र स्थानीय संस्कृतिसँग सम्बन्धित विषयवस्तुलाई समेटेर सङ्ग्रहालय स्थापना गर्न सकिन्छ । मुलभुत यस्ता साधारण सङ्ग्रहालयको सञ्चालन तथा व्यवस्थापनका कमिकमजोरीहरू रहने गर्दछन् ।

### २.३.२ कला सङ्ग्रहालय

सङ्ग्रहालयमा पुराना वस्तुहरू मात्र संग्रह गरिने घर मात्र नभई मानव निर्मित कला वस्तुहरू पनि संग्रह गरिन्छ । कलात्मक प्रकृतिका वस्तुहरू प्रदर्शन गरिने सङ्ग्रहालयलाई कला सङ्ग्रहालय भनिन्छ । यस्ता कला सङ्ग्रहालयमा कुनै पनि मुलुकको विभिन्न जनजाति र समुदायका संस्कृति चालचलन र भेषभूषा झल्काउने खालका कलाका नमुनाहरू संग्रह गरिन्छ जुन कलाका नमुनाहरू संस्कृतिका प्रतिविम्व हुन् । जस्तै छाउनीस्थित राष्ट्रिय सङ्ग्रहालयमा अवस्थित जुद्ध जातीय कलाशालालाई कला सङ्ग्रहालयको जीवन्त नमुनाको रुपमा लिन सकिन्छ । कला सङ्ग्रहालयमा कलात्मक वस्तुहरू मात्र नभएर चित्रहरू पनि संग्रह गरिन्छ । चित्रकलामा ग्रन्थ चित्र, पट्चित्र, थाङ्का चित्र र भित्तेचित्र समावेश गरिएको पाइन्छ तर कुनै मन्दिर, दरवार वा विहार आदिका भित्तामा लेखिने भित्ते चित्रलाई एक ठाउँबाट अर्को ठाउँमा सार्न नसकिने भएकाले तिनलाई सङ्ग्रहालयमा सार्न सम्भव हुँदैन तर भित्तेचित्रहरू भएका दरवार वा विहार आदिलाई सङ्ग्रहालयको रुपमा विकास गर्न सकिन्छ ।

### २.३.३ ऐतिहासिक एवम् पुरातात्विक सङ्ग्रहालय

संग्रहको प्रकृतिको आधारमा सङ्ग्रहालयको वर्गीकरण गर्दा साधारण सङ्ग्रहालय, कला सङ्ग्रहालयको साथसाथै ऐतिहासिक एवम् पुरातात्विक सङ्ग्रहालय पनि एक हो (सहाय, १९९२, पृ २७) । मानवको विगत समयको क्रियाकलाप र उसको संस्कृतिसँग सम्बन्धित विषयवस्तु संग्रह गरेर राख्ने सङ्ग्रहालयलाई ऐतिहासिक एवम् पुरातात्विक सङ्ग्रहालय भनिन्छ (दाहाल र खतिवडा,वि.स.२०६०,पृ ३३०) । यस्ता प्रकारका सङ्ग्रहालयमा ऐतिहासिक दृष्टिकोणले महत्व रहेका भोजपत्र, ताम्रपत्र, शिलालेख, स्वर्णपत्र, काष्ठपत्र, ठ्यास्फूका साथसाथै विविन्न हस्तलिखित ग्रन्थहरू संग्रह गरिन्छन् ।

यसको साथसाथै प्रागमानवले प्रयोग गरी छाडेका प्रस्तर उपकरणहरू, भाँडावर्तन, गरगहना, उत्खनन्बाट प्राप्त मूर्ति, खेलौना आदि वस्तुहरू यस्ता सङ्ग्रहालयमा संग्रह गरिन्छन् । त्यस्तैगरी एक ठाउँबाट अर्को गाउँमा लग्न नसकिने पुरातात्विक महत्वका वस्तु तथा ऐतिहासिक रुपले सम्वेदनशील वस्तु वा सामग्रीहरूको चित्र खिचेर वा माइक्रो फिल्म बनाएर पनि प्रदर्शन गर्ने गरिन्छ ।

### २.३.४ विज्ञान सङ्ग्रहालय

प्राकृतिक र भौतिक विज्ञानसँग सम्बन्धित विषयवस्तुहरू संग्रह गरिने सङ्ग्रहालयलाई विज्ञान सङ्ग्रहालय भनिन्छ (दाहल र खतिवडा,वि.स.२०६०,पृ ३२१) । विज्ञानका सङ्ग्रहालयलाई पनि विज्ञानसँग सम्वद्ध वस्तुहरू संकलन गरिने उद्देश्य र प्रकृतिको आधारमा विविन्न उप प्रकारमा वर्गीकरण गर्न सकिन्छ । गिरीशचन्द्र शुक्ल र विलेशकुमार पाण्डेयले विज्ञान सङ्ग्रहालयलाई विज्ञान एवम् औद्योगिक सङ्ग्रहालय र प्राकृतिक इतिहास सङ्ग्रहालय गरी दुई भागमा वर्गीकरण गरेको देखिन्छ (शुक्ल र पाण्डेय, २००२, पृ ९) । खासगरी विज्ञान सङ्ग्रहालयमा वैज्ञानिक आविष्कारका विषयवस्तुहरूको संकलन र प्रदर्शन गर्ने गरिन्छ ।

यस बाहेक प्रकृतिप्रदत्त वस्तुहरू बाहेक प्राग्मानवको अस्थिअवशेष तथा बोटविरुवा र जनावरका अवशेषहरूलाई वैज्ञानिक उपचारको साथ (संग्रह) संकलन र प्रदर्शन गरिन्छ । यस्ता सङ्ग्रहालयहरू खासगरी विज्ञानका विद्यार्थी तथा अनुसन्धानकर्मीहरूलाई प्राज्ञिक अनुसन्धानको लागि महत्वपूर्ण केन्द्र हुन्छ । नेपालमा खासगरी स्वयम्भू स्थित प्राकृतिक विज्ञान सङ्ग्रहालय, छाउनी स्थित राष्ट्रिय सङ्ग्रहालयको एक खण्डमा एउटा ग्यालरीमा प्राकृतिक विज्ञान सङ्ग्रहालय स्थापना गरिएको छ जुन नेपालकै एकमात्र प्राकृतिक एवम् विज्ञान सङ्ग्रहालयको रुपमा मान्न सकिन्छ । यस्ता विज्ञान सङ्ग्रहालयमा सम्बन्धित विज्ञ र प्राज्ञ व्यक्तिको साथै प्राविधिकहरूको महत्वपूर्ण भूमिका हुन्छ ।

यसरी माथि उल्लेखित विभिन्न प्रकारका सङ्ग्रहालयहरू बाहेक सङ्ग्रहालयमा प्रदर्शनीमा राखिएको विषयवस्तुको प्राकृतिक आधारमा सङ्ग्रहालयलाई वहुउद्देश्यीय विशिष्ट र स्मारक गरी जम्मा ३ भागमा वर्गीकरण गरिएको पाईन्छ । वहुउद्देश्यीय सङ्ग्रहालयमा एकै प्रकारको मात्र नभई कलात्मक ऐतिहासिक, वैज्ञानिक आदि सबै प्रकारका विषयवस्तुहरू संकलन गरिन्छन् जुन सङ्ग्रहालयका आकर्षक विषयवस्तु हुने गर्दछ । नेपालको छाउनीस्थित सङ्ग्रहालयलाई बहुउद्देश्यीय सङ्ग्रहालयको रुपमा लिन सकिन्छ । यसैगरी कुनै व्यक्ति वा घटनाको स्मरण स्वरुप निर्माण गरिएको सङ्ग्रहालयलाई Biography Museum भनिन्छ । जसले वि.स २०५८।०२।१९ गते घटित राज दरवार हत्याकाण्ड (श्री ५ वीरेन्द्रको वंश विनास) को स्मरणमा स्थापना गरिएको सङ्ग्रहालयलाई स्मारक वा स्मृति सङ्ग्रहालय भनिन्छ । त्यस्तैगरी हनुमानढोकास्थित नेपालको त्रिभुवन, महेन्द्र र वीरेन्द्र स्मृति सङ्ग्रहालयलाई उदाहरणको रुपमा लिन सकिन्छ ।

## २.४ सङ्ग्रहालयको इतिहास

वास्तवमा आफूलाई आवश्यक पर्ने वस्तुहरू नौलो अर्थात् भविष्यको लागि जम्मा गर्ने मानवीय सोचको आधारमा सङ्ग्रहालयको अवधारणा अस्तित्वमा आएको देखिन्छ । तथापि यस मान्यताले सङ्ग्रहालयको वर्तमान आधार र अवधारणाको लागि पृष्ठपोषण गर्न सक्दैन । नव सङ्ग्रहालय, शास्त्र अथवा सङ्ग्रहालय विज्ञानसम्बन्धी आधुनिक मान्यताले सङ्ग्रहालयलाई एउटा भण्डारकक्ष मात्र नभएर कुनै राष्ट्र वा समाजको संस्कृति र सभ्यता आदि पक्षको मापन गर्ने एउटा थलोको रुपमा स्वीकार गरिएको पाईन्छ । यसै हुनाले संसारका हरेक राष्ट्रहरूमा सङ्ग्रहालयको महत्वलाई सर्वोपरी ठानेको पाईन्छ । युरोपको पूर्नजागरणको काल अर्थात् सत्रौं शताब्दीदेखि सङ्ग्रहालयसम्बन्धी आधुनिक मान्यता वा दृष्टिकोण बेलायतबाट देखापरेको मानिन्छ । यद्यपि प्राचीन वस्तुहरूको संकलन गर्ने सोच भने प्राचीनकाल देखि नै शुरु भएको पाईन्छ । यसैको परिणाम स्वरुप सङ्ग्रहालयको विकास भएको हो । पछिल्लो कालमा आएर  पुरातत्वको विकासको लागि पनि सङ्ग्रहालयको विकासले महत्वपूर्ण भूमिका खेलेको पाईन्छ ।

विश्वमा सङ्ग्रहालयको विकासक्रममा प्राचीन मिश्रका सासक रेमसेजको महत्वपूर्ण भूमिका मानिन्छ । यद्यपि उनले सङ्ग्रहालयको स्थापना गर्छु भनेर प्राचीन वस्तुहरूको संग्रह गरेका थिएनन् तर उनको सौख भने प्राचनि वस्तुहरू संग्रह गर्नु रहेको थियो । इसापूर्व १३ औं शताब्दीको उनको यो कदम नै सङ्ग्रहालयको इतिहासमा प्रथम कदम बन्न पुग्यो । . १८९८ मा पेट्रीले मिश्रमा उत्खनन् गर्दा रेमसेजले मिश्रमा स्थापना गरेको सङ्ग्रहालयको अवशेष र केही वस्तुहरू फेला पारेका थिए (पुरी,  १९५८, पृ ८) । संभवत रेमसेजले ज्ञान प्राप्तिको लागि भन्दापनि मनोरञ्जनको लागि वस्तु संकलन गरी सङ्ग्रहालयको स्थापना गरेको देखिन्छ । रेमसेजको यस कदम पछि इसापूर्वकालमा आएर सङ्ग्रहालयको स्थापना गर्ने अर्को सासक मोसोपोटामियाका नबोनिदस थिए । उनले इसापूर्व छैटौं शताब्दीमा केही प्राचीन भग्नावशेषहरूमा उत्खनन् गरेर प्राप्त सामग्रीहरू बेबिलोनमा एक सङ्ग्रहालय स्थापना गरी राख्न लगाए (पुरी,  १९५८, पृ ८) । त्यसपछि विश्वविजेता सिकन्दरले पनि प्राकृतिक वस्तुहरूको संग्रहमा रुचि राखेको देखिन्छ । यद्यपि उनले संकलन गरेका सामग्रीहरू लामो समयसम्म सुरक्षित रहन सकेनन् । सिकन्दरको मृत्युपछि मिश्रको अलेक्जेण्ड्रिया नामक शहरमा टोलेमी साटर (Ptoleomy soter) नामक शासकले शासन गर्दथे । इस्वी पूर्व २९० तिर यस सहरलाई सङ्ग्रहालयको रुपमा विकास गरेका थिए । यस सहरमा विज्ञान धर्म र दर्शनशासत्रका विषयवस्तुहरू संकलन गरिएको थियो (सहाय,  १९९२, पृ १६) ।  वास्वतमा कला र शिक्षाकी नौवटी देवीलाई स्थापना गर्नको लागि टोलेमीले आफ्नो शासनकालमा सङ्ग्रहालयको स्थापना गराएका थिए (सहाय, १९९२, पृ १७) । युरोपमा पुनर्जाराणकाल पछि साहित्य, इतिहास, धर्म, दर्शन समाज र संस्कृतिको विषयहरूमा नयाँ सोच र दृष्टिकोणहरू देखापरे । साथसाथै प्राचीन इतिहासको खोजी कार्यको सिलसिला देखापऱ्यो । यसै क्रममा प्राप्त वस्तु साक्षहरूको संग्रह र प्रदर्शनीको लागि पन्ध्रौ शताब्दी इस्वीमा फ्लोरेन्स सहरमा लोरेन्जो द मेडीसी

स्थापना  गरियो । त्यसैबेला देखि सङ्ग्रहालयमा संग्रह गरिएका कला संस्कृतिहरूको बारेमा अध्ययन, अनुसन्धान एवम् प्रकाशन गर्ने कार्यको थालनी भयो । यसै क्रममा बेलायतमा पुरावशेष एवम् इतिहासप्रति चासो राख्ने मानिसहरू मिलेर सन् १७०७ मा एउटा क्लबको गठन गरियो (शुक्ल र पाण्डेय,  २००२, पृ १४)  । पछि यही क्लवको प्रयासले गर्दा सन् १७५१ मा कानुनी मान्यता प्राप्त सोसाइटी अफ एन्टिक्विटिज अफ लण्डन (Society of Antiquities of London) नामक संस्था खुल्न सक्यो र यसले Archeaologia नामक पत्रिका प्रकाशनको काम समेत गर्न  थाल्यो (आचार्य, वि.स. २०५५, पृ १७) ।

यद्यपि सोह्रौं र सत्रौं शताब्दीको बीचमा व्यक्ति विशेषको रुचिमा निजी सङ्ग्रहालयको विकास भई अल्ब्रोभाण्ड (Ablrovand) को निजी संग्रहमा बोलोग्नी (Bologne) सङ्ग्रहालयको स्थापना भएको थियो (श्रेष्ठ, वि.स.२०६२, पृ १५)  । आर्कदुक फर्डिनाण्ड द्वितीय (Archduke Furdinand II) द्वारा अस्त्र शस्त्र, मुद्रा तथा अन्य बहुमूल्य पुरावशेष तथा दुक अफ ओर्लिन (Duke of orlean) द्वारा क्याण्टनको मुद्रा तथा प्राकृतिक इतिहास संग्रहबाट नै पेरिसको वर्तमान राष्ट्रिय सङ्ग्रहालय बनेको थियो  (श्रेष्ठ,वि.स. २०६२, पृ १५) ।

सत्रौं शताब्दीतिर युरोपमा मानव निर्मित तथा प्राकृतिक विचित्र तथा विलक्षण वस्तुहरू संग्रहको लागि Museum शब्दको प्रयोग गरिएको थियो  (शुक्ल र पाण्डेय, २००२, पृ १५) । बेलायती प्रकृतिविद् जोन ट्रेडिसेन्ट द एल्डर (John tradeseant the elder) तथा उनका छोरा जोन ट्रेडिसेण्ट द योंगर (John tradeseant the Yonger) ले विभिन्न ठाउँमा घुमी धेरै वस्तुहरू संग्रह गरी सर्वसाधारणलाई पनि पैसा लिएर देखाउने गर्न थाले । उनीहरूको उक्त सङ्ग्रहालयलाई द आर्क ( The Ark) नाम दिइएको थियो (शुक्ल र पाण्डेय,  २००२, पृ १५) । सन् १६६२ मा जोन ट्रेडिसेन्ट योंगरको मृत्युपछि उक्त सङ्ग्रहालयको जिम्मा इलियस एस्मोलाई (Ilias Ashmole) दिइयो र पछि उनले सो सङ्ग्रहालय विश्वविद्यालयलाई दिए । बेलायतमा खोलिएको यो अस्मोलियन सङ्ग्रहालयलाई विश्वको पहिलो सार्वजनिक तथा वैज्ञानिक सङ्ग्रहालयको रुपमा लिने गरिन्छ (शुक्ल र पाण्डेय, २००२, पृ १५ ) ।

विशेषगरी पहिलो तथा दोस्रो विश्वयुद्ध पछाडि प्राज्ञिक चिन्तन र मननमा व्यापक उथलपुथल आएको पाईन्छ । विश्वले भोगेका दुईवटा विश्वयुद्धको कारण सामाजिक तथा सांस्कृतिक संरचनामा परिवर्तनको साथ समाज शास्त्रीय एवम् मानव शास्त्रीय विषयहरूमा नयाँ दर्शन र सिद्धान्त परिवर्तन भएको देखिन्छ । बेलायती औपनिवेसवादको सिद्धान्तलाई विरोध गर्दै एकातिर थुप्रै राज्यहरू स्वतन्त्रताको युद्ध लड्न थाले भने अर्कोतिर राजनीतिक अधिकार व्यक्तिगत स्वतन्त्रता र मानवअधिकारको लहरले गर्दा इतिहास संस्कृति तथा सभ्यताप्रति हेर्ने दृष्टिकोणहरू पनि परिवर्तन भएको पाईन्छ । विज्ञानको व्यापक विकास र त्यसको उपयोगले गर्दा आज विश्व सानो ग्रामको रुपमा विकसित भएको छ । त्यस्तैगरी विश्व मौसम तथा हावापानीमा भएको परिवर्तनले गर्दा

सामाजिक संरचनामा परिवर्तन आएको छ । यसले गर्दा समाजशास्त्रीय एवम् मानवशास्त्रीय अध्ययको सिलसिलामा इतिहास तथा संस्कृतिको पनि महत्वपूर्ण हुने देखिन्छ । अर्को आधारमा भन्नु पर्दा इतिहास तथा संस्कृतिको आत्मा भनेको सङ्ग्रहालय हो । अर्थात् सङ्ग्रहालयको अध्ययन विना समाजशास्त्रीय एवम् मानवशास्त्रीय अध्ययन अपूर्ण हुने देखिन्छ ।

खासगरी वीसौं शताब्दी तथा एक्काइसौं शताब्दीतिर सङ्ग्रहालय एउटा विज्ञान वा शास्त्रको रुपमा विकास भएको देखिन्छ । युरोपमा खासगरी पहिलो विश्वयुद्ध पछि १९१८ तिर युद्ध पश्चातको पुनः निर्माणको समय (Post war)को समय शुरु भयो । त्यसपछि सङ्ग्रहालयमा पनि विश्वयुद्धमा प्रयोग भएका हतियार तथा उपकरणहरूलाई प्रदर्शनीमा राख्न थालियो । पछि सङ्ग्रहालय एउटा शास्त्रको रुपमा विकास भयो । त्यस्तै विभिन्न प्राज्ञिक संस्थाहरू जस्तो UN, UNESCO, ICOM ले सङ्ग्रहालयसम्बन्धी गहन परिभाषाहरू दिएको पाइन्छ । सङ्ग्रहालयमा खासगरी विभिन्न पक्षहरू जस्तो Display, Exhibition, Museum Management, Law, Rule and Regulations आदि विषयमा नयाँ अवधारणा देखापरेको छ ।

यसरी प्राचीन वस्तुहरूको संग्रह र संकलनबाट शुरु भएको सङ्ग्रहालय आज एक प्रतिष्ठित संस्थाको रुपमा स्थापित हुनु सफल भएको छ । यसको लोकप्रियता तथा जनविश्वासलाई अक्षुण राख्न आइकम (ICOM) जस्ता संस्थाको स्थापना भएको छ । आज सङ्ग्रहालय अनुसन्धान शिक्षा र मनोरञ्जनको केन्द्र बनेको छ ।

## २.५ नेपालमा सङ्ग्रहालयको विकास

नेपाल भौगोलिक विविधताले सम्पन्न देश भएकाले भौगोलिक विविधता अनुरुप नै सांस्कृतिक विविधताले पूर्ण छ । वातावरण र पर्यावरण अनुरुप नै यहाँको सामाजिक तथा सांस्कृतिक संरचना संरक्षित छ । जसको प्रतिविम्व सङ्ग्रहालयमा पनि देखिन्छ । यद्यपि नेपाललाई एउटा अनौपचारिक खुल्ला विश्वविद्यालयको रुपमा मान्ने गरिएको पाईन्छ । नेपाल विविध जनजातिको देश मात्र नभएर धार्मिक ग्रन्थ र यहाँको सांस्कृतिक मान्यता अनुसार आदिम देवदेवी तथा प्राचीन तीर्थ स्थलको रुपमा नेपाल परिचित छ । सांस्कृकतिक र धार्मिक सम्पन्नताले पूर्ण देश भएकाले समाजशास्त्रीय एवम् मानवशास्त्रीय अध्ययन केन्द्रको रुपमा स्थापित छ । यति हुँदाहँदै पनि संस्कृतिको आत्मा मानिएको संग्रहालयको इतिहास नेपालमा त्यति पुरानो छैन । यद्यपि लिच्छवीकालदेखि नै संग्रहालयको अवधारणा रहेको संकेत लिच्छविकालका अभिलेखहरूमा पाईन्छ । नेपालमा संग्रहालयको विकासलाई ध्यान दिंदा अध्ययन सुविधाको लागि यसलाई चार चरणमा विभाजन गरि अध्ययन गर्नु उपर्युक्त देखिन्छ (द्विवेदी,वि.स. २०३७,पृ ७) ।

### २.५.१ पहिलो चरण

नेपालमा आधुनिक संग्रहालयको शुरुवात हतियार संकलनको कार्यबाट शुरु भएको थियो ( ल्याण्डन, १९२८, पृ १८) । यद्यपि लिच्छवि काललमै संग्रहालयको अवधारणाको प्रष्ट संकेत देखा परेको छ । यस आधारमा वि.सं १८७६ मा छाउँनी शिलखाना स्थापना हुनु भन्दा अगाडि देखि नै संग्रहालय सम्बन्धि संकेतहरूलाई अध्ययन सुविधाको लागि प्रथम चरणमा राखिएको छ (लयाण्डन, १९२८, प १८) । लिच्छवीकालका अभिलेखहरूमा संग्रहालय सम्बन्धि संकेत देखिएता पनि पुराना वस्तुहरू संकलन गरिएका र संग्रहालयको रुपमा स्थापना गरिएको प्रमाण दिने कुनै पुरातात्विक प्रमाणहरू पाउन सकिएको छैन । तर पनि प्राचीन राजा महाराजाहरूमा प्राचीन सौख चाहिं थिएन भन्न सकिन्न । पाटन सुन्धाराको अंशुवर्माको संवत ३४ को अभिलेखमा देव मन्दिरहरूको संरक्षण र सम्बद्धनको लागि गुठीको व्यवस्था गरेको उल्लेख **छ** ( श्रेष्ठ,वि.स. २०६२, पृ १९) । संग्रहालयको कार्य खालि वस्तु संकलन गर्ने मात्र नभएर पुराना वस्तु तथा भग्नावशेषहरूको संरक्षण गर्नु पनि हो । यसर मान्यतालाई आधार लिने हो भने उक्त अभिलेखमा व्यक्त भएको भावार्थले संग्रहालयको अवधारणालाई संकेत गरेको छ । लिच्छवि कालमा थुप्रै मठमन्दिर तथा विहारहरूको निर्माण भएको तथ्य अभिलेखहरूकाट पाईन्छ । सम्भवत यिनै मठ मन्दिर तथा कलात्मक वस्तुहरू संग्रहालयमा संकलन गरिन्थे । लिच्छविकालिन अभिलेखहरूमा गोष्ठि शब्द उल्लेख भएको पाईन्छ । जुन धार्मिक कार्यसंग सम्बन्धित छ । सम्भवतः यिनै गोष्ठी मार्फत प्राचीनयुगमा देवदेवीका पुराना मूर्तिहरू र वस्तुहरू संग्रह गरेको चलन हुन सक्छ । यद्यपि त्यो युगमा सङ्ग्रहालय स्थापना गरिएको संकेत चाहिं प्राप्त भएको छैन ।

मल्लकालमा आएर भने वस्तु संकलन गर्ने अभिरुचिमा व्यापकता आएको पाईन्छ । काठमाडौं उपत्यकाको ३ वटा राज्यहरूबीच राजनैतिक प्रतिस्पर्धा जस्तै सांस्कृतिक तथा धार्मिक प्रतिस्प्रर्धाले तीव्रता पाएकोले प्राचीन दरवार, देवालय तथा विहारहरूमा कलात्मक वस्तु संग्रह गर्ने क्रम भने व्यापक रुपले भयो । खासगरेर मल्लकालीन तीनवटै दरवारहरू आफैमा कलाका उच्चतम नमुना हुनुका साथै यिनका हरेक चोकहरू कलात्मक वस्तुहरूले श्रृंगार गरिएको पाईन्छ । वहुमूल्य वस्तु तथा पुराना तथा दुर्लभ सामाग्रीहरू जस्तो की हस्तलिखित ग्रन्थ, ताम्रपत्र, स्वर्णपत्र, मूर्ति, हतियार, अभिलेख, सन्धिपत्रहरू आदि दरवार तथा धार्मिक मठ मन्दिरमा जम्मा गर्ने प्रचलन थियो । खासगरी प्रताप मल्ल, भूपतिन्द्र मल्ल, रणजित मल्ल आदि मल्ल शासकहरूले दुर्लभ वस्तु संकलन गर्दथे । वास्तवमा मनोरञ्जनको दृष्टिले नै त्यस्ता वस्तुहरू संकलन गर्ने गरेको पाइन्छ । त्यस्तैगरी बौद्ध विहारहरूमा तथा गुठीहरूमा पनि पुराना वस्तु संकलन गर्ने गरेको पाईन्छ । भोटो देखाउने जात्रा होस् या अन्य जात्रामा वस्तुहरू प्रदर्शन गर्ने परम्पराले एक प्रकारको Mobile Exhibition लाई संकेत गरेको छ । यसबाट के भन्न सकिन्छ भने नेपालमा सङ्ग्रहालयको विकास हुनुभन्दा अगाडिदेखि नै खुल्ला सङ्ग्रहालयको अवधारणाको विकास भइसकेको थियो ।

### २.५.१ दोस्रो चरण

वि.सं. १८७६ देखि १९९५ सम्मको अवधिभित्र भएका सङ्ग्रहालयसम्बन्धी गतिविधिहरूलाई यस चरणमा राखिएको छ । वि.सं. १८७६ मा तत्कालीन प्रधानमन्त्री भिमसेन थापाले आफ्नो निवास बनाउने उद्देश्यले छाउनी सैनिक व्यारेक नजिकै आफ्नो निवास स्थापना गरे । पछि उनले यही भवनमा विभिन्न स्वदेशी तथा विदेशी हातहतियार संकलन गराई शास्त्रगारको रुपमा वि.स. १८८१ मा स्थापना भएको र यसको प्रारम्भिक नाम छाउनी शिलखाना भएको पाईन्छ ( श्रेष्ठ,वि.स. २०६२, पृ १९) । पछि यस सङ्ग्रहालयको नाम छाउनी म्यूजियम हुन भएको देखिन्छ ( श्रेष्ठ,वि.स. २०६२, पृ १९) । यही नै नेपालमा आधुनिक सङ्ग्रहालयको सुरुवात थियो । भिमसेन थापाको पतनपछि राणाकालीन समयमा यस भवनमा अनेकथरिका स्वदेशी तथा विदेशी हतियारहरू संकलन गरी प्रदर्शन गर्न लागिएको इतिहास छ ।

वि.सं. १९९० माघ दुई गतेको महाभुकम्पपछि वि.सं. १९९५ फागुन १ गते जुद्ध समशेरले यसको नाम नेपाल म्यूजियम राखी सर्वसाधारणको लागि खुल्ला गरे । यसभन्दा अगाडि उक्त संग्रहालयमा प्रधानमन्त्री, उच्च पदाधिकारी, विदेशी पाहुनाहरू तथा अन्य गन्यमान्य व्यक्तिहरूलाई मात्र भ्रमण गर्ने अनुमति थियो । इतिहासकार पर्सिभल ल्याण्डनले त्यस संग्रहालयलाई द आर्सेनल म्यूजियम अर्थात् शस्त्र तथा हातहतियारहरू संग्रह गर्ने संग्रहालयको रुपमा दिए (द्विवेदी, १९७२, पृ ७) । यसै वर्ष अर्थात् वि.सं. १९९५ मा लण्डनको एक संग्रहालयमा काम गरिसकेका भारतीय विशेषज्ञ शिवनारायण सेनलाई जमदार कृष्ण शम्सेरले नेपाल ल्याए र छाउनीमा रहेको यस म्यूजियमका लागि किपर पदमा नियुक्ति गरे (द्विवेदी,१९७२, पृ ७)।

यसरी दोस्रो चरणमा नेपालमा संग्रहालयसम्बन्धी धेरै कृयाकलापहरू नभएतापनि खासगरी जहाँनिया राणा शासनकालमा इतिहास र संस्कृतिको संरक्षणको लागि भनेर संग्रहालयको स्थापना हुनु नै संग्रहालयको विकासको लागि महत्वपूर्ण कदम मानिनु पर्छ ।

### २.५.२ तेस्रो चरण

वि.सं. १९९५ मा श्री ३ जुद्ध शम्सेर बेलायत भ्रमणबाट फर्केपछि नेपालमा सङ्ग्रहालयको विकासमा उनले विषेश योगदान दिए । नेपालमा सङ्ग्रहालयको विकासक्रमको क्रम विभाजन गर्दा वि.सं. १९९६ देखि वि.सं. २०२८ साल बीचमा सङ्ग्रहालयसम्बन्धी भएका गतिविधिहरूलाई तेस्रो चरणमा राखिएको छ । वि.सं. १९९९ सालमा जुद्ध शम्सेरले सङ्ग्रहालयको लागि भनेर एक भवन निर्माण गर्न लगाए । यो भवन नै नेपालको प्रथम सङ्ग्रहालय भवन हो । जुद्धजातीय कलाशाला नामले स्थापित यो सङ्ग्रहालय वि.सं. २००० साल बैशाख २५ गते आइतबारको दिन ४ पैसा शुल्क लिई सर्वसाधारणको लागि खुल्ला गरिएको इतिहास छ । जुद्धजातीय कलाशालामा एउटा ताम्रपत्र छ । यो नेपालमा सङ्ग्रहालय विकासका दृष्टिले महत्वपूर्ण छ । सो ताम्रपत्रमा जुद्ध शम्सेरले भनेका छन्

"शिल्प उपायमात्र हो तर त्यसलाई वास नगर्ने कलाकारले आफ्नो उद्देश्य प्राप्त गर्न सक्दैन, यस्तो कलाकार आफ्नो घोडालाई दाना दिन विर्सने जस्तो हुनेछ" (स्थलगत् अध्ययन, राष्ट्रिय संग्रहालयमा रहेको जुद्ध समशेरको शालिकको पादपीठबाट) ।

त्यतिबेला देश, काल र परिस्थिमा आएको राजनीतिक परिवर्तनले गर्दा संग्रहालयसम्बन्धी नयाँ अवधारणा आएको पाईन्छ । अतः उनले सर्वसाधारण जनताले पनि टिकट दस्तुर तिरेर हेर्ने सकिने गरी नेपाल म्यूजियम खुल्ला गरिदिएका थिए ( स्थलगत् अध्ययन) । उक्त संग्रहालयमा काष्ठ कला, प्रस्तर कला, मृतिका कला, चित्रकला र हाड आदिका माध्यमबाट बनेका कलाकृतिहरू प्रदर्शनी गरिएका छन् । साथै अन्य कतिपय ठाउँबाट ल्याइएका कलाकृति समेत प्रदर्शित गरिएको छ । यस कलाशाला निर्माण अनुभवि विशेषज्ञ शिवनारायण सेनको पनि ठूलो योगदान रहेको छ । उनी २००३ सालमा नेपाली कला तथा संस्कृतिको प्रदर्शन गर्ने जिम्मा लिएर विदेश गएका थिए । त्यसैबेला नेपालका धेरै ऐतिहासिक तथा सांस्कृतिक सामग्रीहरू हराएर गए । शिवनारायण सेनपछि यस संग्रहालयको निर्देशक पदमा भारतका ख्यातीप्राप्त बंगाली कलाकारी श्री विनोदविहारी मुखर्जीले पनि केही कालसम्म काम गरे (अन्तर्वार्ता) । प्रथम नेपालीको रुपमा यस पदलाई प्राप्त गर्ने गौरव नेपालका प्रख्यात कलाकार चन्द्रमान मास्केलाई वि.सं. २००८ सालमा प्राप्त भयो र उनी २०१८ सालसम्म उक्त पदमा बहाल रहे ।

२००७ सालको क्रान्ति पछि नेपालमा, शिक्षा स्वास्थ्य, प्रशासनिक क्षेत्रमा निकै परिवर्तन भयो । इतिहास लेखन तथा अनुसन्धानमा देशी विदेशी विद्वानहरूले महत्वपूर्ण योगदान दिएको पाईन्छ । यसको साथै २००७ सालको परिवर्तनले संग्रहालयको विकासमा पनि सकारात्मक प्रभाव पर्न गयो । यसको साथै २००९ सालमा पुरातत्व विभागको स्थापना भयो । पछि २०१३ सालमा प्राचीन स्मारक संरक्षण ऐन लागू गरियो । उक्त ऐन कार्यान्वयन भएपछि पुरातत्व विभागले पनि कानूनी मान्यता प्राप्त गऱ्यो र संग्रहालय पुरातत्व विभाग अन्तर्गत एउटा कार्यालयको रुपमा रहन गयो । त्यसपछि नेपाली साहित्य, इतिहास तथा संस्कृतिमा विशेष रुची राख्ने तत्कालीन राजा श्री ५ महेन्द्रबाट नेपालको ऐतिहासिक तथा धार्मिक एवं सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्ने उद्देश्यले ३ वटै शहरका मल्लकालीन दरवारहरूलाई संग्रहालयको रुपमा विकास गरे । ती संग्रहालयहरूमा काठमाडौं हनुमानढोकाको मुद्रा संग्रहालय (२०१९)[३३] (अहिले राष्ट्रिय संग्रहालय छाउनीमा सारिएको) पाटन दरवारको केशव नारायण चोकको धातु संग्रहालय (हाल पाटन संग्रहालयको रुपमा विकसित) २०१९ सालमा स्थापित र भक्तपुर दरवारको राष्ट्रिय चित्रकला संग्रहालय पर्दछन् । भक्तपुरको राष्ट्रिय चित्रकला संग्रहालयको उद्घाटन स्वर्गीय वि.पी. कोइरालाले २०१७ सालमा गर्नु भएको थियो । यस चरणमा संग्रहालयको संख्यात्मक भन्दा पनि गुणात्मक रुपमा विकास गरेको देखिन्छ । संग्रहालय विकासकै सन्दर्भमा २०१९ सालतिर पाटनमा विभिन्न प्रस्तर मूर्तिहरूलाई पाटनको पुरातात्विक बगैंचाको स्थापना भएको देखिन्छ । वि.सं. २०१९ सालतिर पुरातात्विक क्षेत्रीय संग्रहालयको रुपमा कपिलवस्तुमा Site Museum को स्थापना भयो । यसै सिलसिलामा भक्तपुरमा

राष्ट्रिय काष्ठकला संग्रहालय स्थापना भई वि.सं. २०२४ सालदेखि सार्वजनिक रुपमा खुल्ला गरियो । २०२४ सालमा नेपाल म्यूजियमलाई नेपालको राष्ट्रिय संग्रहालयको रुपमा नामाकरण गरियो । यस चरणमा नेपालको संग्रहालयको विकासमा सरकारी तवरबाट विशेष पहल भएको देखिन्छ ।

### २.५.३ चौथो चरण

वि.सं. २०२८ सालदेखि हालसम्म संग्रहालयसम्बन्धी भएका गतिविधिहरूलाई यस चरणमा राखिएको छ । यस संस्थागत साथै व्यक्तिगत तवरबाट पनि संग्रहालयहरू स्थापना हुन थाले । २०४६ सालको राजनीतिक परिवर्तन पछि देखिएको जातीय तथा क्षेत्रीय अधिकारको पहिचानको मागलाई सम्बोधन गर्ने प्रयास स्वरुप Ethnic and Regional Museum को अवधारणा लाई अगाडि सारियो ।

व्यक्तिगत स्वतन्त्रता, जातीय पहिचानको राजनीतिक मुद्दा तथा मानवअधिकारको लहर शिक्षा तथा सूचनाको क्षेत्रमा आएको विकासको तीव्रताले गर्दा जनजाति दलित तथा पिछडिएका वर्गहरूको व्यक्तिगत तथा जातीय अधिकारको आवाज बुलन्द हुन पुग्यो जसले गर्दा नेपालमा जातीय संग्रहालयको स्थापना हुन पुग्यो ।

२०२८ साल पछाडि खासगरी २०२९ सालमा स्वयम्भू विकास मण्डल नामक संस्थाले स्वयम्भू क्षेत्र भित्र बौद्ध मूर्तिहरूको संग्रहालयको स्थापना गऱ्यो । त्यस्तै गरी वि.सं. २०३२ सालमा नेपाल प्राकृतिक इतिहास संग्रहालयको स्थापना भयो । जसको व्यवस्थापन तथा संचालन हाल त्रिभूवन विश्वविद्यालयको विज्ञान संग्रहालयले गर्दै आएको छ । देशको पाँचवटै विकास क्षेत्रमा संग्रहालयको स्थापना गर्ने कार्यक्रम अनुसार पूर्वाञ्चलको धनकुटामा वि.सं. २०५१ आषाढ १ गतेदेखि क्षेत्रीय सङ्ग्रहालय सञ्चालित भए । त्यस्तै पोखरामा पनि क्षेत्रीय संचाललन भइरहेको छ । सरकारी स्तरबाट बाहेक विभिन्न संस्था तथा व्यक्तिगत तवरबाट सङ्ग्रहालयको विकासमा महत्वपूर्ण योजनाहरू आएका छन् । विभिन्न उद्देश्य अनुरुप तिनका प्रकृति अनुसार विभिन्न प्रकारका सङ्ग्रहालयहरू स्थापना हुन थालेका छन् । सङ्ग्रहालयको आधुनिक सिद्धान्त र अवधारणा अनुरुप पोखरामा निजी क्षेत्रबाट अन्तराष्ट्रिय पर्वतीय सङ्ग्रहालयको स्थापना भएको छ । यस सङ्ग्रहालयमा हिमाली जनजीवन तथा पर्वतारोहणसँग सम्बन्धित गतिविधि तथा सामग्रीहरूलाई प्रदर्शनीमा राखिएको छ ।

यसैगरी सङ्ग्रहालयको विकासको चर्चा गर्दा खुल्ला सङ्ग्रहालयको अवधारणालाई विर्सनु हुँदैन । यस्तो सङ्ग्रहालय कुनै खुलला मैदानमा देश भित्रका जातजातिहरूको धार्मिक, सांस्कृतिक र आर्थिक जीवनशैलीलाई सहज ढंगले बुझिने गरी स्थापना गरिएको हुन्छ । यसरी हेर्दा यस्तो खाले खुल्ला आकाशे सङ्ग्रहालयको सुरुवात नर्वेको लिलाह्यामर भन्ने ठाउँमा एकजना पेशाले दन्त

चिकित्सक Arders ले सन् १८८७ मा गरेका थिए । यस्ता खुल्ला आकाशे सङ्ग्रहालयहरू स्वीडेन, डेनमार्क, बेलायत, अमेरिका र जापानजस्ता विकसित राष्ट्रहरूमा प्रसस्त देख्न पाइन्छ ।

यस सन्दर्भमा नेपालमा पनि यस्तै खाले खुल्ला आकाशे जातीय सङ्ग्रहालय स्थापनको प्रयास भइरहेको छ । कीर्तिपुरस्थित चम्पादेवीको डाँडाको फेदीमा खुल्ला आकाशे जातीय सङ्ग्रहालयको स्थापना गरिने योजना अगाडि बढेको छ । नेपाल एक सांस्कृतिक विविधताले पूर्ण देश भएकाले यस सङ्ग्रहालयमा उक्त वास्तविकताको प्रतिविम्व झल्कने गरी सांस्कृकि यथार्थता प्रदर्शित हुनेछन् । अर्थात् यहाँको धार्मिक, सांस्कृतिक विविधताले पूर्ण देश भएकाले यस सङ्ग्रहालयमा उक्त वास्तविकतको प्रतिविम्व झल्कने गरी सांस्कृतिक बगैंचाको अवधारणा अनुरुप स्थापना हुनेछ । यस सङ्ग्रहालयको लागि उपयुक्त ठाउँ चम्पादेवीको २०० रोपनीको खुला मैदान किटान भइसकेको छ । यस सङ्ग्रहालयको स्थापनको लागि वृटिस नागरिक जोन साल्टरको योगदान महत्वपूर्ण छ । साथै नेपाल पर्यटन बोर्ड तथा आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठानले यस्तो सङ्ग्रहालय निर्माणको अभियानलाई सहयोग पुऱ्याउँदै आएको छ ।

यसरी नेपालमा सङ्ग्रहालयको विकासक्रमको सिलसिलालाई अध्ययन सुविधाको लागि वर्गीकरण गरिएको छ । नेपालमा सङ्ग्रहालयको विकासक्रमको चौथो चरणमा संग्रहालयको मात्रात्मक साथसाथै गुणात्मक पक्षको पनि विकास भएको देखिन्छ । खासगरी अन्य देशहरूमा जस्तै नेपालमा पनि यहाँको पुरातात्विक र ऐतिहासिक दृष्टिकोणले महत्व राख्ने सांस्कृतिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धनको लागि UNESCO जस्ता विश्वप्रसिद्ध संस्थाले महत्वपूर्ण भूमिका खेलेको छ । नेपालको खासगरी काठमाडौं उपत्यका र लुम्बिनी क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरेर नेपाललाई विश्वमा चिनाउने काम UNESCO ले गरेको छ । यसलाई अनौपचारिक रुपमा खुल्ला संग्रहालयको विकासको लागि एक महत्वपूर्ण योगदान मान्न सकिन्छ ।

## २.६ सङ्ग्रहालयको इतिहासमा राष्ट्रिय मुद्रा सङ्ग्रहालयको भूमिका

नेपालको इतिहासमा राष्ट्रिय मुद्रा संग्रहालयको विशेष महत्व रहेको छ । मुद्राको समग्र इतिहासको विकासक्रम झल्कने गरि प्रदर्शित गरिएकाले यस संग्रहालयलाई विशिष्टकृत संग्रहालय भनिन्छ । पौराणिक र वैदिक साहित्यहरूमा मुद्राको प्रसंग परेको छ । त्यस्तै, सिन्धुघाँटी सभ्यताको पुरातात्विक उत्खनन्मा माटोको सिलछापहरू प्राप्त भएको छ जसलाई कतिपय इतिहासकारहरूले पैसाको प्रारम्भिक स्वरुप मानेका छन् । भारतीय उपमहाद्विपमा आहत मुद्रालाई सर्वप्राचीन मुद्रा मानिन्छ । आहत मुद्रापछि सुँग-कुषाण कालखण्डका मुद्राहरूले भारतीय सभ्यताको मौद्रिक इतिहासलाई झल्काएका छन् । नेपालको राष्ट्रिय मुद्रा संग्रहालयमा भारतीय मौद्रिक इतिहास झल्काउँने आहत मुद्रा र सुँग-कुषाणकालका मुद्राहरू प्रदशर्नीमा राखिएको छ, जसले नेपालको मौद्रिक इतिहासमा यी मुद्राहरूको भूमिकालाई दर्शाउँछ । त्यस्तै गरि लिच्छविकालको इतिहासलाई प्रामाणिक गर्ने मानांक, वैश्रवण, अंशुवर्मा र वृष मुद्राहरू प्रदर्शनीमा राखिएका छन् जसले नेपालको

मौद्रिक इतिहासलाई झल्काउँछन् । मल्लकालमा आएर मुद्राको वनावट र बनौटमा विविधता देखिन्छ । लिच्छविकालको तुलनामा मल्लकालमा अत्याधिक मात्रामा मुद्राहरू जारि भएका छन् तर पूर्वमल्लकालका निकै कम मुद्राहरू प्राप्त छन् । मल्लकालमा काठमाण्डौ उपत्यका तीन राज्यमा विभाजित भएपछि, तीन शहरका राजाहरूले स्वतन्त्र रुपमा मुद्राहरू प्रशारण गरेको देखिन्छ । यी मुद्राहरूका माध्यमबाट तात्कालिक सामाजिक, साँस्कृतिक, आर्थिक, धार्मिक र राजनीतिक लगायत समाजका विविध पक्षहरूमा जानकारी लिन सकिन्छ । मल्ल राज्यका पतनसंगै नेपालको राजनीतिक इतिहासमा शाहकाल सुरु हुन्छ । शाहकालमा पृथ्वीनारायण शाहदेखि ज्ञानेन्द्र शाहसम्मका विविध मौद्रिक मूल्यका  सिक्काहरू जारी भएको प्रदर्शनीका माध्यमबाट देख्न सकिन्छ । विशेषतः राजा त्रिभूवनको पालादेखि नेपालमा कागजी नोटको प्रचलन भयो । कागजी नोटको प्रचलन भएसंगै कागजी नोटको विविधताहरू पनि देखिन्छ ।  समग्रमा मुद्रा महत्वपूर्ण पुरातात्विक आधार हो जसले इतिहास, संस्कृति र सभ्यताका विविध आयामहरूमाथि प्रकाश पार्दछ । नेपालको एक मात्र राष्ट्रिय मुद्रा संग्रहालय भएकाले पनि यसको विशेष महत्व रहेको छ । विशेषतः नेपालको धार्मिक, साँस्कृतिक, आर्थिक र राजनीतिक इतिहासको अध्ययनको लागि यसको विशेष महत्व रहेको छ । वस्तु संकलन गर्नुमात्र संग्रहालयको कार्य होइन, संकलित वस्तुका पहिचान, वर्गिकरण, संरक्षण, अभिलेखन र प्रदर्शन समेत यसको परिधिभित्र पर्छ । राष्ट्रिय मुद्रा संग्रहालयले पनि आफ्ना संकलित मुद्राहरूको नियमित संरक्षण गर्दै आएको देखिन्छ ।  नेपालमा २५० वर्षदेखि चल्दै आएको राजसंस्था पतन भएपछि गणतन्त्रकालमा  निर्माण र प्रसारण गरिएका मुद्राहरूको पनि यहाँ संकलन र प्रदर्शन गरिएको देखिन्छ । त्यस्तै माटो, छाला र कौडाका मुद्राहरूको प्रदर्शनीले मुद्राहरूको विविधतालाई प्रष्ट्याएको देखिन्छ । सारमा राष्टिय मुद्रा संग्रहालयले एउटा विशिष्टिकृत संग्रहालयको रुपमा आफूलाई उभ्याएको छ जसको अध्ययन र अनुसन्धान विना नेपालको समग्र संग्रहालयको इतिहास पुरा हुँदैन ।

# अध्याय तीन

# प्रदर्शनी

## ३.१ संग्रहालय र यसको प्रदर्शनी व्यवस्थापन

कुनै पनि संघ वा संस्थालाई  समुचित र सुव्यवस्थित तरिकाले संचालन गर्नको लागि सहि किसिमको नीति तथा योजना हुनुपर्दछ । नीति तथा योजना भनेको एक प्रकारको यस्तो रुपरेखा हो जसो सीमाभित्र रहेर प्रकार्यात्मक गतिविधि गर्न सकिन्छ अर्थात् एउटा निश्चित Framework भित्र रहेर संस्थागत उद्देश्यलाई परिपूर्ति गर्ने गतिविधिहरू गर्ने गरिन्छ । यस आधारमा विषय वा प्रसंगमा आउँदा संग्रहालय व्यवस्थापनको सैद्धान्तिक विषयमा चर्चा गर्नु मनासिव देखिन्छ । कुनै पनि संग्रहालय संचालन गर्दा विभिन्न समस्याहरूसँग सामना गनुपर्ने हुन्छ  । यसर्थ भन्ने पनि गरिन्छ कि संग्रहालय संचालन गर्नु अत्यन्तै ज्यादै जटिल कार्य हो । संग्रहालयमा वस्तुहरू संग्रह गर्न सजिलो होला तर ती संग्रहित वस्तुहरूलाई उचित ढंगले वैज्ञानिक उपचार गरी प्रदर्शन गर्नु ज्यादै कठिन कार्य  हो । किनभने तिनले राष्ट्रको सभ्यता र संस्कृतिलाई प्रतिविम्वित गरिरहेका हुन्छन् । अतः यिनै इतिहास, सभ्यता र संस्कृतिका दस्तावेजहरूलाई सहि र समुचित तरिकाले संकलन, संरक्षण र सम्वर्द्धन गरी प्रदर्शन गर्नको लागि संग्रहालया विशेषज्ञहरूले एउटा छुट्टै शास्त्रको विकास गरेका छन् । संग्रहालयको वैज्ञानिक परिभाषाभित्र नै संग्रहालय व्यवस्थापनसम्बन्धी सैद्धान्तिक विषयहरू समाविष्ट रहेको हुन्छ । एउटा संग्रहालय संचालन गर्दा के कस्ता विषयमा ध्यान पुऱ्याउनु पर्छ भन्ने विषयमा संग्रहालय व्यवस्थापक अथवा संग्रहालय संचालकले ध्यान पुऱ्याउनु पर्छ । संग्रहालय संचालनका लागि कानूनी अधिकारका विषयहरू, त्यस्तै संग्रहालयमा संग्रहित वस्तुहरूलाई कानूनी मान्यता दिने सैद्धान्तिक आधारको विषयमा भवन योजना कस्तो हुनुपर्छ, वस्तुहरू कसरी संकलन, संरक्षण र सम्वर्द्धन गरी प्रदर्शन गरिनुपर्छ ? वस्तुको कसरी सुरक्षा गर्नु पर्छ ? आदि जस्ता विषयहरूमा संग्रहालय व्यवस्थापन अन्तर्गत चर्चा परिचर्चा गरिनु पर्छ । यसरी स्रंग्रहालय व्यवस्थापनसँग विविध पक्षहरूको आ-आफ्नै महत्व हुने गर्दछ । संग्रहालय व्यवस्थापनसँग विविध विषयहरूमध्ये केही महत्वपूर्ण विषयको बारेमा यहाँ चर्चा गरिन्छ ।

संग्रहालय व्यवस्थापन पक्ष उत्तम हुन आवश्यक पर्दछ । व्यवस्थापन पक्ष अन्तर्गत प्रदर्शनी व्यवस्थापन एउटा महत्वपूर्ण आधार मानिन्छ । अवलोकनकर्ता संग प्रत्यक्ष रुपमा सम्पर्कमा रहने स्थान नै प्रदर्शनी स्थल हो । यसको उचित व्यवस्थापनले संग्रहालयको शाख, इज्जत र स्तरीयतालाई झल्काउँछ । संग्रहालय व्यवस्थापनसम्बन्धी धेरै विषयमा छलफल गरिएको पाईन्छ । वास्तवमा व्यवस्थापन भनेको एक प्रकारको कार्य योजना हो । कार्य योजनाको उद्देश्य र सीमाभित्र रहेर काम गर्दा कामको लक्ष्यमा छिटो पुग्न सकिन्छ । फलस्वरुप काम सफल हुन्छ । व्यवस्थापन भित्र विभिन्न तत्वहरू हुन्छन्, जस्तो योजना, नेतृत्व, नीति, नियम, मानव साधन, पूँजी, संगठन

तथा अन्य प्राविधिक पक्षहरू । यिनै विषयगत आधारमा संग्रहालय व्यवस्थापनलाई दुई खण्डमा विभाजन गरेर अध्ययन गर्नु बढी उपयुक्त देखिन्छ। जुन यस प्रकार छन् ।

(क) प्राविधिक व्यवस्थापन

(ख) प्रशासनिक व्यवस्थापन

### ३.१.१ प्राविधिक व्यवस्थापन

संग्रहालयशास्त्र एउटा कलाशास्त्र मात्र नभएर प्रविधि अर्थात् विज्ञानसँग सम्बन्धित विषय पनि हो । हुनसक्छ कुनै व्यक्तिले आफ्नो सौखको लागि पुराना वा कुनै पनि वस्तुहरू संकलन गर्ला तर जब संकलित वस्तुलाई वैज्ञानिक किसिमले संग्रहालयमा संग्रहित गरिन्छ तव शास्त्र वा विज्ञानका विषयहरूको आवश्यकता हुन जान्छ ।

संग्रहालयको सैद्धान्तिक विषयमा चर्चा गर्दा खासगरी प्राविधिक विषयको महत्वपूर्ण हुन्छ । प्राविधिक व्यवस्थापनमा भवन योजना वास्तुकला देखि लिएर सुरक्षा व्यवस्थापनसम्म वस्तुको संरक्षण सम्वर्द्धनदेखि लिएर प्रदर्शन व्यवस्था सम्मका विषयहरूमा गहन अध्ययन अनुसन्धान हुनुपर्छ । यहाँ प्राविधिक व्यवस्थापनका विविध शीर्षकहरूमा चर्चा गरिन्छ ।

#### ३.१.१.१. संग्रहालय भवन योजना

संग्रहालय भवन वस्तु थुपार्ने एक गोदामघर मात्र नभएकोले संग्रहालय भवन निर्माण गर्दा विशेष ध्यान पुऱ्याउनु पर्छ । संग्रहालयमा संग्रह गरिने वस्तुहरूको प्रकृति अनुसार संग्रहालय भवनको वैज्ञानिक मापदण्ड तयार गर्न सकिन्छ । कतिपय अवस्थामा पुराना दरवार भवन मन्दिर विहार आदिलाई पनि संग्रहालयको रुपमा परिवर्तन गर्नुपर्ने हुन्छ । यस अवस्थामा संग्रहालयविज्ञको सुझाव लिन सकिन्छ । प्राचीन भवन एवं दरवारहरूको मौलिकतामा परिवर्तन नहुने गरी प्रदहिर्शत गरिने वस्तुको प्रकृति अनुसार ती दरवार एवं मन्दिरहरूको भित्रि संरचनामा केही परिवर्तन गर्न सकिन्छ । नेपालको सन्दर्भमा पाटन दरवार भक्तपुर दरवार, वसन्तपुर दरवार लगायतका थुप्रै दरवार एवं विहारहरूलाई यसै आाधारमा संग्रहालयको स्वरुप दिएको पाइन्छ । वास्तवमा संग्रहालय भवन निर्माण गर्नुपूर्व विविध विषयहरूमा ध्यान पुऱ्याउनु पर्छ ।

संग्रहालयमा विभिन्न शाखाहरू जस्तै जिन्सी, भण्डारहरू, विक्रि केन्द्र सूचना केन्द्र पुस्तकालय, शैक्षिक कार्यक्रम गर्ने स्थान, स्थाई तथा अस्थाई प्रदर्शनी गर्ने स्थानहरू, प्राविधिक कक्षहरू, रासायनिक संरक्षण प्रयोगशाला, अनुसन्धान कक्ष आदिको व्यवस्था हुनु पर्छ (द्विवेदी, वि.स.२०३२, पृ ८) । ICOM ले पनि संग्रहालयसम्बन्धी विशेष ध्यान दिँदै भनेको छ की सौन्दर्यको दृष्टिकोणले सुरुचिपूर्ण प्रदर्शनको लागि उपयुक्त हुनेगरी भवनको निर्माण गर्दा धेरै विषयमा विचार पुऱ्याउनु पर्छ (पाण्डेय र शुक्ल, २००२, पृ १०३)। Display र Exhibition को लागि सुविधा हुनेगरी

साथसाथै प्रकाश वा उज्यालो प्रत्येक ग्यालरीहरूमा पुग्ने गरी भवन निर्माण गर्नुपर्छ । प्रथमतः संग्रहालय स्थापना गर्ने स्थानको छनौट गर्दा पनि केही कुराहरूमा ख्याल गर्नुपर्छ जस्तो संग्रहालय शहरदेखि केही नजिक तर शान्त र स्वच्छ ठाउँमा र सबै साधारण व्यक्तिहरूलाई पायक पर्ने ठाउँमा स्थापना गरिनु पर्छ तर यसो भन्दैमा अन्य बाहिरी गतिविधि तथा क्रियाकलापले अनावश्यक बाधा पुग्ने ठाउँमा संग्रहालय भवन स्थापना गर्नु त्यति उपयुक्त मानिदैन । संग्रहालयको सम्वेदनशिलता प्रति उक्तिकै सतर्क हुनुपर्छ । संग्रहालय भवन स्थापना गर्न योजना बनाउँदा दुईवटा विषयमा ध्यान दिनु पर्छ ।

(अ) बाह्य संरचना

(आ) आन्तरिक संरचना

**३.१.१.२ बाह्य संरचना**

यस अन्तर्गत भवन स्थापना गर्दा अपनाउनु पर्ने बाह्य विषय जस्तो भवन कहाँ बनाउने, कति बनाउने, कसरी बनाउने, भवनको अकार प्रकार के कस्तो हुने आदिमा विचार गर्नु पर्छ । यसबाहेक भवन बनाउँदा निम्न तथ्यहरूमा ध्यान दिनु पर्छ (पाण्डेय र शुक्ल, २००२, पृ १०५) ।

(क) शहरबाट नजिकै शान्त र सुरक्षित ठाउँको छनौट गर्नु पर्छ ।

(ख) संग्रहालयमा संग्रहित वस्तुहरूलाई औद्योगिक प्रदूषणले असर पुऱ्याउने हुँदा पार्किङ्ग स्थल डम्पिङ्ग एरिया तथा मुख्य सडकबाट केही टाढा हुनुपर्छ ।

(ग) पोखरी नदी, ढल, नाली तथा सिमसार क्षेत्रको आसपासमा संग्रहालय भवन स्थापना गर्न अनुपयुक्त मानिन्छ ।

प्रसिद्ध भारतीय विद्वान शिवस्वरुप सहायले पनि माथि उल्लेख गरिएका तथ्यहरूलाई स्वीकार गर्दै यस अन्य कुराको पनि चर्चा गरेका छन् । जुन यस प्रकार छन् (सहाय, १९९२, पृ १८०) । प्रशासनिक भवन र संग्रहालय भवन गरी अलग अलग भवनहरू हुनुपर्छ । संग्रहालय परिसरमा पुस्तकालय कक्ष, चमेना गृह, सूचना केन्द्र, सुरक्षा पोष्ट आदिको व्यवस्था हुनुको साथै ढलपानी तथा शौचालयको उचित व्यवस्था हुनुपर्छ ।

बाह्य संरचना निर्माण गर्दा संग्रहालय परिसरमा आकर्षक बगैंचा र स-सानो खेल्ने चौरको निर्माण गर्दा संग्रहालय भवनको सौर्न्यमा सुगन्धता थपिन्छ । समाजका हरेक वर्गलाई विचार पुऱ्याएर र उमेर समूहलाई पनि मध्ये नजर राख्दै संग्रहालय व्यवस्थापनसम्बन्धी विषयमा ध्यान पुऱ्याउनु पर्छ ।

### ३.१.१.३ आन्तरिक संरचना

संग्रहालय भवन निर्माण गर्दा संग्रहालय भवनको आन्तरिक संरचनामा ध्यान पुऱ्याउनु पर्छ अर्थात् वस्तु प्रदर्शन गरिने ग्यालरीहरूमा बढी वैज्ञानिक तरिकाले निर्माण गर्नु पर्छ। वस्तुको आकार, प्रकार र प्रकृति अनुसार ग्यालरीको साइज, शोकेसको निर्माण गर्नु पर्छ । यसो भएमा वस्तु प्रदर्शन गर्दा ग्यालरीको आन्तरिक सौन्दर्य झल्किन्छ । शोकेस बीचको दूरी, त्यसको उचाई पनि उचित ढंगको हुनुपर्छ । ताकी दर्शकहरूलाई दृश्यावलोकन गर्न कुनै कठिनाई नआओस् । संग्रहालयको आन्तरिक संरचना तयार गर्दा निम्न कुराहरूमा ध्यान दिनु पर्दछ ।

**अ. ग्यालरी व्यवस्था**

प्रदर्शन हल अर्थात् ग्यालरी नै संग्रहालयको मुख्य केन्द्रविन्दु हो । तसर्थ ग्यालरी अर्थात् प्रदर्शन कक्ष संग्रह गरिने वस्तुहरूको प्रकृतिसँग सामाञ्जस्यता राख्ने हुनु पर्छ अर्थात् सन्तुलित हुनुपर्छ । वायुमण्डलमा सिलिका, एल्मुनियम, सोडियम, क्लोराइड, Floric Acid अक्साइड, क्याल्सियम एवं म्याग्नेसियम आदिका सुक्ष्म कणहरू हुन्छन् । यिनको कारण संग्रह गरी प्रदर्शनमा राखिएका वस्तुहरूसँग रासायनिक प्रतिक्रिया हुन पुगी वस्तुलाई कमजोर बनाउँछन् (सहाय, १९९२, पृ १०९) । यसर्थ ग्यालरी निर्माण गर्दा हावा ओहोरदोहोर हुने झ्याल तथा आँखीझ्यालको निर्माण गर्नुपर्छ। वस्तुहरूको सुरक्षाको लागि पनि झ्याल तथा ढोका बलियो र राम्रोसँग खोल्न र बन्द गर्न सकिने हुनुपर्छ (Molajoli,A.D.1967, Page:167)।

वास्तवमै संग्रहालय भवन निर्माण गर्नु ज्यादै नै जटिल कार्य हो। ग्यालरीको निर्माण गर्ने प्रक्रियामा अन्य ध्यान पुऱ्याउने कुराहरूमा भुइँ सिलिङ्ग बीचको दूरी, भुइँ र सिलिङ्गमा प्रयोग गरिने रंग रोगन लगायतका प्राविधिक विषयमा पनि बढी संवेदनशील हुनुपर्छ।

**आ. प्रकाश व्यवस्था : कृत्रिम र प्राकृतिक प्रकाश**

ग्यालरी वा प्रदर्शनी कक्षको निर्माण गर्दा वा व्यवस्था गर्दा प्रकाशले महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । प्रदर्शनीमा राखिने कतिपय वस्तुहरूको आयू ह्रास हुनमा प्रकाश वा प्रदर्शनी कक्षको तापक्रम पनि महत्वपूर्ण भूमिका हुनछ । कुनै वस्तुहरू अधिक प्रकाशको कारण नष्ट हुन जान्छ भने कुनै वस्तुहरू कम प्रकाशको कारण नष्ट हुन जान्छ। तसर्थ वस्तुहरूको सम्वेदनशीलता अर्थात् प्रकृति माथि विचार पुऱ्याउँदै उचित तरिकाले प्रकाशको व्यवस्था गर्नु पर्छ। अर्थात् विश्वभरि नै प्रदर्शनकक्षमा प्रकाश व्यवस्था एकै प्रकारले हुनुपर्छ भनेर भन्न सकिएको छैन । तथापि देशको भूगोल पर्यावरण र वातावरण तथा जलवायुलाई ध्यान दिँदै प्रकाश व्यवस्था गर्नु पर्छ भन्ने मान्यता रहि आएको पाईन्छ ( श्रेष्ठ, वि.स.२०६२, पृ ८४) । प्रदर्शनकक्षमा सन्तुलित रुपमा प्रकाशको व्यवस्था गर्नु एक महत्वपूर्ण तर जटिल कार्य हो। उचित ढंगले प्रकाशको व्यवस्था गरिएमा वस्तुको

सुरक्षणको साथै प्रदर्शनी कक्षको सौन्दर्यता झल्किन्छ । यस बाहेक मूलतः दुईवटा उद्देश्यले संग्रहालयमा प्रकाशको व्यवस्था गरिन्छ ( सिंह, १९८७, पृ १०८) ।

(क) उच्चतम रुपमा वस्तुहरूको सम्वेदनशिलतालाई ख्याल गर्दै तिनको सुरक्षामा ध्यान पुऱ्याउन ।

(ख) दर्शकको शारीरिक तथा मानसिक चाहनालाई पूरा गर्न ।

प्रकाशलाई प्रदर्शित वस्तुमा केन्द्रित गरिन्छ । संग्रहालय भवन पुरानै भएतापनि प्रदर्शित वस्तुको महत्व नघट्नेगरी प्रकाशको व्यवस्था गर्नु पर्छ । जहाँसम्म संग्रहालयमा प्रकाशको प्रयोगको प्रश्न छ विशेषज्ञहरूका अनुसार दुई प्रकारका मतहरू प्रचलनमा रहेका देखिन्छन् (श्रेष्ठ, वि.स.२०६२, पृ ८४) ।

(क) केही संग्रहालयविदहरू, वैज्ञानिक एवं विद्युतीय इन्जिनियरहरू कृतिम प्रकाशका हिमायती देखिन्छन् ।

(ख) अन्य संग्रहालयविद्हरू भने प्राकृतिक प्रकाशमा जोड दिन्छन् । डा. ए.पि. सिंहले प्राकृतिक प्रकाशको महत्वलाई जोड दिँदै प्राकृतिक प्रकाशको प्रयोगमा विधिहरूलाई निम्न प्रकारले चर्चा गर्नु भएको **छ** (सिंह, १९८७, पृ १०९) ।

(अ) साइड लाइटिङ्ग : यस विधिबाट प्रकृतिक प्रकाशको प्रयोग गर्दा प्रदर्शनी कक्षको पर्खालको माथिपट्टि स-साना खिड्कीहरू (Ventilation) मार्फत प्राकृतिक प्रकाश लिइन्छ ।

(आ) रिबन विण्डोज : संग्रहालय प्रदर्शनी कक्षको उत्तरी पर्खालको लगभग ५ फिट माथि स-साना झ्यालहरू बनाईन्छ र संग्रहालयको लागि आवश्यक प्रकाश लिईन्छ । यस्तो विधिलाई रिबन विण्डोज भनिन्छ ।

(इ) स्काइ लाइट : यस विधिबाट प्रांकृतिक प्रकाशको प्रयोग गर्दा संग्रहालयको छानोमा बुलेट प्रुफ काँच मार्फत संग्रहालयमा प्रकाश पठाइन्छ ।

## ३.२ कृत्रिम प्रकाशको व्यवस्थापन विधि

प्राकृतिक प्रकाशको व्यवस्था भन्दा कृतिम प्रकाशको व्यवस्था गर्न सहज हुन्छ । किनभने कृतिम प्रकाशको व्यवस्था गर्दा आधुनिक विज्ञान र प्रविधिको प्रयोग गरेर चाहेको ठाउँमा चाहेको अवस्थामा र चाहेको मात्रामा प्रयोग गर्न सकिने भएकाले यस विधिलाई महत्वपूर्ण मानिन्छ । कृत्रिम प्रकाश ट्युवलाइट, बल्ब, मर्करी आदिको माध्यमबाट प्रयोग गर्न सकिन्छ । कृतिम प्रकाशको प्रयोग पनि दुई तरिकाले गर्न सकिन्छ ( पण्डेय र शुक्ल, २००२, पृः ११५) ।

### ३.२.१ प्रत्यक्ष कृत्रिम प्रकाश

वस्तुहरूलाई केन्द्रित गरी देखाउनको लागि प्रत्यक्ष प्रकाशको प्रयोग गरिन्छ भने कोठाको उज्यालोको लागि अप्रत्यक्ष प्रक्रियाबाट प्रकाश दिने गरिन्छ । अतः संग्रहालयको प्रकृति हेरी दुवै प्रकारका प्रकाशको प्रयोग गर्नु उपयुक्त देखिन्छ । संग्रहालय भवनमा प्रकाशको व्यवस्था सुनिश्चित गर्नको लागि निम्न लिखित विषयमा ध्यान पुऱ्याउनु पर्दछ ( पाण्डेय र शुक्ल, इश्व २००२, पृ: ११५) ।

१. विद्युतीय तार र स्वीच बक्स छोपिएको हुनु पर्दछ ।

२. प्रकाश व्यवस्था शान्तिपूर्ण एवं सुखद हुनुपर्दछ ।

३. रंगिन प्रकाशको व्यवस्था गर्दा होसियारी अपनाउनु पर्दछ ।

४. कलावस्तुको विरोधी रंगको प्रकाश व्यवस्था हुनु पर्दछ ।

### ३.२.२ अप्रत्यक्ष कृत्रिम प्रकाश

ग्यालरी वा कक्षहरूको उज्यालोका लागि अप्रत्यक्ष तरिकाले कृत्रिम प्रकाशको व्यवस्था गर्न सकिन्छ । जस्तो फल्स सिलिंगको एक कुनामा राखिएको मार्फत सम्पूर्ण कक्षमा प्रकाश छर्न सकिन्छ ।

संग्रहालय परिसरको वातावरण अनुसार प्रकाशको व्यवस्था गर्नु पर्छ । संग्रहालयमा भएका विभिन्न प्रकारका वस्तुहरूमा ढुसी नलागोस् नमक्किउन भनेर तथा प्राकृतिक लागि पनि वायु संचारण (Ventilation) को प्रयोग गर्नुपर्छ । यसले गर्दा संग्रहालय भित्रको तापक्रम सन्तुलनमा राख्न सहयोग पुऱ्याउँछ । तसर्थ संग्रहालय भवनको निर्माण गर्दाको समयमै प्रकाश व्यवस्थापनको लागि सहि तरिकाले योजना बनाएको खण्डमा प्रदर्शनी कक्षमा प्रर्दशित वस्तुहरूको प्राकृतिक क्षति हुनबाट बनाउँन सकिन्छ ।

### ३.२.३ प्रदर्शनी व्यवस्था

संग्रहालयका अवधारणा प्राकृतिक वस्तु संकलन गर्न मात्र होइन संकलित वस्तुहरूलाई तिनको अकार, प्रकार, प्रकृति र अनुक्रम अनुसार दर्शकलाई मनोरञ्जनको साथसाथै केही जानकारी पनि दिलाउने उद्देश्यले निश्चित परिस्थितिमा तथा परिवेशमा रहेर सार्वजानीकरण गर्नु नै प्रदर्शन हो । त्यसैले संग्रहालयको प्रमुख कार्य प्रदर्शन नै हो । खाली भण्डार कक्षमा मात्र थुपारिएको कलाकृतिले संग्रहालयको गरिमालाई बढाउँदैन किनभने संकलित वस्तुहरूको प्रदर्शन नगरी खाली संग्रहण मात्र गरिन्छ भने त्यो एउटा केवल भण्डारकक्ष वा गोदाम घर समान हुन जान्छ । अतः संग्रहालय व्यवस्थापकको प्रमुख कार्य भनेको संकलित वस्तुलाई सम्भव भएसम्म सँगै राखि प्रदर्शन गर्नु हो (

डंगोल र एलन, ईश्वी १९६२, पृः २०) । उचित तरिकाले प्रदर्शन गरिएको खण्डमा अर्थात् संग्रहालयले आफूसँग भएका विभिन्न वस्तुहरूलाई तिनको विषयवस्तु कलाक्रम तथा क्षेत्रको आधारमा त्यसलाई सुहाउँदो र आकर्षक पृष्ठभूमिका प्रदर्शन गर्दछ । संग्रहालय भवनको आन्तरिक संरचना तयार पार्दा ती कुराहरूमा ध्यान दिनु पर्छ । सही ढगमा व्यवस्थापन गरिएको प्रदर्शनीले दर्शकलाई एकीकृत गर्नुको साथै उनीहरूको मनमा कलाकृतिहरूसम्बन्धी जिज्ञासा उत्पन्न गराउँछ ( पाण्डेय र शुक्ल, इश्वी २००२, पृः ७१ । प्रदर्शनी कक्षको पृष्ठभूमि भित्ता र सिलिंगको रंगको अवस्था, प्रदर्शित वस्तुहरूको संवेदनशीलता, शोकेसको आकार र प्रकार तथा प्रदर्शनी कक्ष भित्र वातावरणको सन्तुलन आदि व्यवस्थापन गर्न सकिएमा प्रर्दनीको शोभा बढ्न जान्छ । संग्रहालयमा प्रदर्शनीको व्यवस्था गर्दा निम्न कुराहरूमा ध्यान दिनुपर्छ (पाण्डेय र शुक्ल, इश्वी २००२, पृः ७१) ।

(क) कुनै पनि वस्तुलाई ज्यादै होसियारीपूर्वक वर्गीकरण गरिनु पर्दछ । वर्गीकरण भित्र बाहिरका वस्तु नआउन भन्ने बारेमा विशेष ध्यान दिनु पर्छ ।

(ख) वस्तुहरू ठिक ठाउँमा ठिक तरिकाले राख्नु पर्छ । उदाहरणका लागि ठूला ठूला ढुंगाका मूर्तिहरूलाई पादपिठमा राख्न सकिन्छ । यस्तै सानासाना वस्तुहरूलाई सुरक्षाको दृष्टिकोणले शोकेश भित्र राख्न सकिन्छ । यसो भन्दैमा स-साना वस्तुहरूलाई ठूलाठूला र ठूला वस्तुहरूलाई साना सोशेकाम राखि पनि प्रदर्शन गर्नु हुँदैन । वस्तुको अकार अनुसारको सोकेश बनाउनु नै उत्तम हुन्छ ।

(ग) वस्तुहरू आकर्षक रुपमा मात्र नभई वस्तुको महत्व बुझाउने किसिमले राख्नु पर्दछ । उदाहरणको लागि यदि नृत्यदेवीको मूर्तिलाई बीचमा राखिएको भने यसको चारैतिर प्रसस्त ठाउँहरू राखिनु पर्छ ताकि दर्शकहरूले तुरुन्तै यसको महत्व बुझ्न सकुन् ।

(घ) कृत्रिम प्रकाशको व्यवस्था गर्दा दर्शकहरूको आँखलाई असर नपुग्ने गरी वस्तुमा मात्र लक्षित गर्नु पर्छ । त्यसैले यस प्रयोजनको लागि उपयुक्त हुनेगरी प्रकाशको व्यवस्था गर्नु पर्दछ (हेर्नुहोस् माथि प्रकाश व्यवस्थामा) ।

(ङ) प्रकाशको व्यवस्था गर्दा उक्त वस्तुको चरित्र र किसिमलाई पनि ध्यान दिनु पर्छ । जस्तै जैविक वस्तुहरूको लागि प्रकाशको व्यवथा गर्दा तिनीहरूमा असर नगरोस् भनि चनाखो हुनुपर्दछ ।

(च) वस्तुहरूको बारेमा दर्शकलाई जानकारी दिनको लागि छापा वा टंकन गरिएको परिचयपाटी Lebel राख्नु पर्छ । परिचयपाटीमा वस्तुको छोटकरी विवरण समेत उल्लेख गरिनु पर्दछ । यस्तो परिचयपाटीको माध्यमबाट संग्रहालय भ्रमण गर्ने दर्शकहरूले ज्ञान हासिल गर्न सक्दछन् ।

(छ) प्रदर्शनमा ऐतिहासिक क्रमवद्धता पनि एउटा महत्वपूर्ण कुरा हो । यसप्रति पनि उचित ध्यान दिनु पर्छ । लथालिंग किसिमले राखिएका वस्तुहरूबाट दर्शकहरूलाई दुविधा तथा अन्योल हुन जान्छ ।

प्रदर्शनी व्यवस्थाका सिद्धान्तहरू यहि नै हुनुपर्दछ भन्ने कुनै सर्वमान्य नियम छैन तथापि प्रदर्शनीको उद्देश्य, महत्व तथा समय अनुसार फरक फरक विधिहरू अपनाइएको पाइन्छ । प्रदर्शनी कक्षको पृष्ठभूमिले पनि प्रदर्शनमा महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । अक्सर गरेर गरगहनाको पृष्ठभूमिको रुपमा रेशम वा मखमलको कपडा प्रयोग गर्ने गरिन्छ (द्विवेदी, १९७६, पृ: ६८) । यसले पृष्ठभूमिको नरमपनालाई दर्शाउछ । यसै कारण गहनाका बट्टाहरूमा गाढा कलेजी वा निलो रंगको मखमल वा रेशमको प्रयोग भएको हुन्छ जसले गर्दा गहनाको सौन्दर्य बढाउँछ । यहि सिद्धान्त हामी संग्रहालयको गहना तथा अन्य वस्तुहरूको प्रदर्शनमा पनि लागू भएको पाउँछौ । यसैगरी सिसा, काठ, ढुंगा आदिका स-साना मूर्तिको पृष्ठभूमिको लागि सोहि अनुसारको पृष्ठभूमि प्रयोग गर्ने गरिन्छ (द्विवेदी, १९७६, पृ: ६८) । रंग दर्शकहरूलाई आकर्षित गर्ने सबै भन्दा महत्वपूर्ण विषय हो । त्यसैले संग्रहालयमा वस्तुहरू प्रदर्शन गर्दा रंगमा विशेष ध्यान दिनुपर्छ (द्विवेदी, १९७६, पृष्ठः १७७ ) ।

संग्रहालयमा वस्तुहरूलाई प्रदर्शन गर्दा पृष्ठभूमि वस्तुको रंग आपसमा मिलेको हुनु पर्छ । रंग धेरै चम्किलो र मधुर पनि हुन हुँदैन । यसले दृश्यलाई प्रदूषित गराइदिन्छ । यस बाहेक वस्तुहरू प्रदर्शन गर्दा सकेसम्म आँखाको समतलमा हुनेगरी मिलाएर राख्नु पर्छ । त्यस्तै वस्तुहरू राख्दा त्रिआयामिक पद्धति अनुरुप राख्नु पर्छ । प्रदर्शनीमा प्रदर्शित वस्तुहरूको प्रदर्शन व्यवस्था बारे चर्चा गर्दा प्रदर्शनीको महत्वपूर्ण तत्वहरूमध्ये शोकेसको विषयमा पनि चर्चा गर्नु उपयुक्त हुन्छ । शोकेस केवल वस्तुहरूको सुरक्षाको दृष्टिकोणले मात्र होइन सौन्दर्यपरक दृष्टिकोणले पनि महत्वपूर्ण **हो** ( गणेशन, इश्वी, २००२, पृ: ८०) । अर्थात् आधुनिक दृष्टिकोणमा संग्रह गरिएका वस्तुको सजावट एवं सौन्दर्यको साथै सुरक्षित तरिकाले प्रदर्शन गर्नको लागि शोकेस एक महत्वपूर्ण साधन हो ( गणेशन, इश्वी, २००२, पृ: ८०) । वस्तुको आकार र प्रकार अनुरुप शोकेस तयार गर्नु उपयुक्त मानिन्छ ।

संग्रहालयमा प्रदर्शन व्यवस्थापन गर्नु एकदमै कठिन कार्य हो । वैज्ञानिक तथा रोचक ढंगमा गरिने प्रदर्शनले संग्रहालयको गरिमा त बढाउँछ नै यसको साथै अर्कोतिर प्रदर्शित वस्तुहरूको सुरक्षाको विषयमा पनि सतर्क हुन जरुरी देखिन्छ । यस विषयमा तल चर्चा गरिनेछ । माथि चर्चा गरिएका प्रदर्शनीको गहना र जटिलतातिर सम्बन्धित क्षेत्रबाट अध्ययन हुनु जरुरी देखिन्छ । सामान्यतया सैद्धान्तिक रुपमा ४०% वस्तुहरूमात्र प्रदर्शन गरिन्छ भने बाँकी ६०% चाहिँ भण्डारमा नै संग्रह गरिन्छ । तथापि भण्डारमा संग्रह गरिएका वस्तुहरूलाई पनि विभिन्न समयमा प्रदर्शन गर्ने गरिन्छ ।

समय र परिस्थिति अनुसार प्रदर्शनीको प्रकृतिमा भिन्नता पाइन्छ । कसैकसैले स्थाई र अस्थाई प्रदर्शनी गरी दुई तरिकाले प्रदर्शनीलाई हेरेका छन् भने कसैले परम्परागत विधि र आधुनिक विधि गरी दुई तरिकाले प्रदर्शन गर्न सकिने बताएका छन् तापनि मोटामोटी रुपमा प्रदशनीलाई तीन भागमा विभाजन गर्न सकिन्छ ।

(क) अस्थायी प्रदर्शनी (Temporary Exhibition)

(ख) गतिशील र विशेष किसिमको प्रदर्शनी (Mobile Exhibition)

(ग) स्थायी प्रदर्शनी (Permanent Exhibition)

कुनै एउटा संग्रहालमया त्यहाँ संग्रहित सम्पूर्ण वस्तुहरू एकैपटक प्रदर्शनमा राख्न सकिदैन भने अर्कोतिर संग्रहालयको सुविधा नभएका ठाउँमा मानिसहरू केन्द्रीय संग्रहालयमा आएर आफ्नो सौख पुरा गर्ने आर्थिक हैसियत नभएका पनि हुन सक्छन् । यस बाहेक संग्रहालयले संग्रह गरेका वस्तुहरूलाई सम्बन्धित गाउँ ठाउँ, स्कूल, कलेज वा समुदायमा लगेर वस्तुहरूको प्रदर्शन गर्न सक्छ । यसरी निश्चित समयमा निश्चित समूह विशेष लाभान्वित हुनेगरी गरिने प्रदर्शनीलाई अस्थायी प्रदर्शनी भनिन्छ । यस्तो खालको अस्थायी प्रदर्शनीले एकातिर सर्वसाधारण व्यक्तिहरूमा आफ्नो इतिहास, कला, संस्कृति था सभ्यताप्रति रुचि जगाई दिन्छ भने अर्कोतिर शोधार्थी तथा अन्वेषकहरूलाई सहयोग पुऱ्याउनुको साथै क्षेत्रीय संग्रहालय खोल्नको लागि सहयोग पुऱ्याउने देखिन्छ (गणेशन, इश्वी, २००२, पृ: ८१) ।

कुनै पनि निश्चित ठाउँमा स्थापित संग्रहालयमा गरिने प्रदर्शनीलाई स्थायी प्रदर्शनी भनिन्छ । यस्तो प्रदर्शनीमा आधिकारिक विधि र पद्धति अनुरुप प्रदर्शनको व्यवस्था गरिन्छ । वस्तुहरूको सुरक्षणको साथै सजावट र सौन्दर्यतर्फ पनि उत्तिकै ध्यान दिइन्छ । स्थायी प्रदर्शनीमा प्रदर्शन गरिएका वस्तुहरूलाई बेलाबेलामा परिवर्तन गर्नु आवश्यक हुन्छ । त्यसैले भण्डारमा रहेका वस्तुहरूलाई पनि समय समयमा परिवर्तन गर्दै प्रदर्शनीमा राख्नाले दर्शकहरूले नयाँ वस्तु देख्न पाउने हुन्छन् र एक पटक संग्रहालय भ्रमण गरिसकेका दर्शकहरू पनि फेरी संग्रहालय भ्रमण गर्न अभ्रिप्रेरित हुन्छन् (गणेशन, इश्वी, २००२, पृ: ८२) ।

कुनै विशेष दिन वा घटनाको अवसरमा गरिने प्रदर्शनीलाई विशेष प्रकारको प्रदर्शनीको रुपमा हेरिन्छ । जस्तै भोटो जात्राको दिन प्रदर्शन गरिने भोटोलाई यस प्रकारको प्रदर्शनीको रुपमा हेर्ने गरिन्छ । वास्तवमा यस प्रकारको प्रदर्शनीमा जुन वस्तुहरू स्थायी रुपमा प्रदर्शन गरिदैन, त्यस्ता वस्तुहरूमात्र विशेष प्रदर्शनीमा प्रदर्शन गरिन्छ । यसरी गरिने प्रदर्शनीमा दर्शकको ध्यान प्रदर्शित वस्तुमा आकर्षिक गर्न सक्नु पर्दछ ।

वास्तवमा संग्रहालयको मूल विषय नै वस्तुहरूको प्रदर्शन गर्नु हो । यसरी प्रदर्शनी गर्दा संग्रहालय व्यवस्थापकले विशेष ध्यान पुऱ्याउन जान्नु पर्छ । संग्रहालय भवनको आन्तरिक संरचना तयार गर्दा प्रर्दशनी कक्षहरू वैज्ञानिक तरिकाले निर्माण गर्ने विषयमा बढी केन्द्रित हुनुपर्छ । कक्ष भित्रको वातावरणको सन्तुलनदेखि लिएर सुरक्षासम्मका विषयहरूमा संवेदनशील रहेर प्रदर्शनीको व्यवस्थापन गर्नु नै संग्रहालयको आधार हो । यसर्थ प्रदर्शनी व्यवस्थापनका दुईवटा महत्वपूर्ण विषयहरूमा ध्यान पुऱ्याउनु पर्छ ।

### ३.२.३.१ प्रदर्शित वस्तुहरूको परिचयपाटी

संग्रहालयमा वस्तुहरू प्रदर्शन गर्ने काममा परिचयपाटी (Lebelling) को निकै महत्वपूर्ण स्थान छ । परिचयपाटी बिनाको प्रदर्शनलाई उचित तथा सफल प्रदर्शनी मानिदैन । कुनै वस्तु देख्नासाथ दर्शकहरूमा त्यसबारे सामान्य जिज्ञासा उठ्नु स्वभाविक नै हो । दर्शकको सो जिज्ञासालाई शान्त गराउने उद्देश्यले संग्रहालयमा प्रदर्शित वस्तुहरूको बारेमा संक्षिप्त विवरणलाई परिचयपाटी भन्छि । दर्शक संग्रहालय प्रवेश गरिसकेपछि दर्शकले त्यहाँ प्रदर्शित प्रत्येक वस्तुहरू बारे सामानय जानकारी हासिल गरी सन्तुष्टि प्राप्त गर्न पाउनु उसको अधिकारको कुरा हो । यसको लागि परिचयपाटी सहायक बन्नु पर्छ । परिचयपाटीको प्रमुख उद्देश्य भन्नु नै संग्रहालय हेर्न आउने

दर्शकहरूलाई प्रदर्शित गरिएका प्रत्येक वस्तुहरू बारे आवश्यक सूचना ठिक ठाउँ र परिवेशमा प्रदान गर्नु हो । यस अर्थमा शिक्षाको उद्देश्य पुरा गर्न समेत परिचयपाटीको महत्वपूर्ण भूमिका हुन्छ । प्रयाप्त गाइडहरूको व्यवस्था गर्न नसकिने नेपाल जस्तो विकासोन्मुख देशहरूको संग्रहालमा त झन् प्रदर्शित वस्तुहरू बारे ज्ञान तथा शिक्षा प्रदान गर्ने सशक्त माध्यम भनेको नै परिचयपाटी हुन गएको देखिन्छ ।

संग्रहालयमा प्रदर्शित वस्तुहरूको बारेमा लिखित र मौखिक गरी दुई माध्यमबाट जानकारी दिईन्छ । गाइडले वस्तुहरूको बारेमा जानकारी मौखिक रुपमा दिने गर्छ । आजभोलि विकसित देशका संग्रहालयमा अडियो, भिडियो जस्तो श्रव्ययन्त्रिक उपकरणहरूको पनि प्रयोग गर्न थालिएको छ । त्यस्तै प्रदर्शित वस्तुको जानकारी भिडियो रेकर्डबाट पनि दिने गरिन्छ । जो श्रव्यदृश्य दुवैका माध्यम हुन आएका छन् । लिखित जानकारी अन्तर्गत क्याटलग (Catlogue), निर्देशिका पुस्तिका ( Guide Book) आदि पर्दछन् । संग्रहालयमा वस्तु प्रदर्शन गरिएको मौलिक ठाउँमा नै जानकारी प्रदान गर्नको तालि भन्दा परिचयपाटी नै बढी उपयुक्त हुने देखिन्छ । परिचयपाटीहरूमा वस्तुहरूको वर्णन लामो किसिमले गरिएका हुँदैनन् । तिनमा छोटो विवरण उल्लेख गरिन्छ जसमा शीर्षक तथा उपशीर्षक राखेर कुन किसिमको वस्तु, कहिले बनेको, कहाँ पाइएको, के बाट बनेको, कसले बनाएको, वस्तुको आकार प्रकार आदि कुराहरूको छोटो रुपमा परिचय हुन्छ । परिचयपाटीहरू स्पष्ट सँग पढ्न सकिने गरी स्पष्ट अक्षरमा टाइप गरी एउटै रंगको भित्ता वा पृष्ठभूमिमा राख्ने गरिन्छ । रंगले वस्तुको आकर्षणलाई प्रभाव पार्ने भएकोले दर्शकहरूमा छिटो र स्थायी प्रभाव परोस् भनेर

परिचयपाटीमा विशेष गरी सेतो पृष्ठभूमिमा कालो अक्षरको प्रयोग गर्ने गरिन्छ । यसमा लेखिएका अक्षरहरू ठूला ठूला हुने गर्दछन् जसले गर्दा दर्शकले वस्तुहरूको बारे सजिलै जानकारी लिन सक्दछन् । अक्षर सर्वसाधारण जनताले पनि बुझ्ने भाषा तथा लिपिको प्रयोग परिचयपाटीमा गर्ने गरिन्छ । प्रदर्शित वस्तु जस्तै परिचयपाटीहरूमा पनि आँखाको समतलमा नै राख्ने गरिन्छ । परिचयपाटी यस्तो तरिकाले लेखिनु पर्छकी जसले दर्शकहरूमा त्यस वस्तुबारे अझ जान्ने कौतुहलता जागोस् ।

प्रदर्शनी व्यवस्थापनमा परिचयपाटीको महत्वपूर्ण भूमिका हुँदाहुँदै पनि यसको सही व्यवस्थापन गर्न नसक्दा प्रदर्शनी नराम्रो देखिन्छ । परिचयपाटीको पनि विभिन्न आकार र प्रकार हुने भएकाले कस्तो परिस्थितिमा कस्तो प्रकारको परिचयपाटी प्रयोग गर्ने भन्नेमा प्रदर्शनी व्यवस्थापकले ख्याल पुऱ्याउनु पर्छ । साधारणतया परिचयपाटी दुई प्रकारका हुने गर्दछन् ।

### क. ग्यालरी लेवल

यस्तो प्रकारको परिचयपाटीमा कुनै एक ग्यालरी वा कक्षमा आएका सम्पूर्ण वस्तुहरूको बारेमा संक्षिप्त विवरण प्रस्तुत गरिन्छ । यस्तो प्रकारको परिचयपाटीबाटी दर्शकले उक्त कक्षमा भएका वस्तुहरूको कला, विशेषता, ऐतिहासिकता र सांस्कृतिक एवं पुरातात्विक वस्तुहरूको बारेमा जानकारी प्राप्त गर्न सक्दछ ।

### ख. इन्डिभिजुअल लेवल

यस्तो प्रकारको परिचयपाटीमा उक्त वस्तुको सम्पूर्ण विवरण छोटकरीमा प्रस्तुत गरिन्छ । यस्तो प्रकारको परिचयपाटीको भाषा सहज र सरल हुनुपर्छ साथै आकर्षक शब्दावलीको प्रयोग हुनुपर्छ । अक्षरको आकार प्रकार राम्रोसँग देख्न सकिने र ठूलो हुनुपर्छ ।

परिचयपाटीहरू हस्तलिखित, टाइप गरिएका, मुद्रित आदि अनेक प्रकारका हुन सक्छन् । यसका साथै शीर्षकसँग सम्बन्धित परिचयपाटी, विशिष्ट वस्तुसँग सम्बन्धित परिचयपाटी समूहका वस्तुहरूसँग सम्बन्धित परिचयपाटी, वर्णानात्मक परिचयपाटी आदि गरी विषयवस्तुको आधारमा पनि अनेक थरिका परिचयपाटीहरू हुन सक्छन् । परिचयपाटीको स्वरुप जे जस्तो भए तापनि यसको शीर्षक घतलाग्दो हुनुपर्छ । तर भ्रमात्क एवं रहस्यात्मक चाहिँ हुनु हुँदैन । परिचय पाटीहरू लामो भएको अवस्थामा यसलाई दुई वा तीन भागमा विभाजन गर्ने गरिन्छ । सामग्री छनौट, रंगको चयन, अक्षरको प्रकार, सामग्रीको प्रदर्शित वस्तु राख्ने स्थान आदि जस्ता समस्याहरू परिचयपाटी निर्माण गर्दा आइपर्ने देखिन्छ । तथापि परिचयपाटी प्रदर्शनीको लागि ताल्चाको साँचो सरह नै भएको पाइन्छ । प्रदर्शनमा राखिएका वस्तुहरूले नै दर्शक सामु केही जानकारी दिइसकेको हुन्छ भने त्यस वस्तुको कथालाई सफल ढंगसँग दर्शकलाई बुझाउने र शिक्षा दिन परिचयपाटीको महत्वपूर्ण भूमिका रहेका

हुन्छ । यसरी परिचय पाटीको वैज्ञानिक प्रस्तुतिकरण नै प्रदर्शनीको अभूतपूर्व सफलता मान्न सकिन्छ ।

**ग. शो-केश**

प्रदर्शनी व्यवस्थापनमा शो-केश महत्वपूर्ण अवयव हो । खासगरी वस्तुलाई सुरक्षा प्रदान गर्नको लागि शोकेशको प्रयोग गरिन्छ । शोकेशको निर्माण गर्दा अत्यन्त सुक्ष्म विषयहरूमा ध्यान दिनु पर्छ । वस्तु प्रदर्शनी गर्नु भन्दा पहिले नै कुन वस्तुलाई कहाँ र कसरी प्रस्तुत गर्ने हो ? शो कुरामा विचार पुऱ्याउनु पर्छ । वस्तु प्रदर्शन गर्दा कुनै एक वस्तुको कारण अर्को वस्तुलाई बाधा पुग्नु हुँदैन । प्रदर्शनी व्यवस्थाको आन्तरिक रुपरेखा तयार गरिसके पछि वस्तुको अकार प्रकार अनुरुप शोकेशको निर्माण गर्नु पर्छ । शोकेशमा प्रयोग गरिने काँच बुलेटप्रुफ र अल्ट्राभाइलट रे को गुण भएको हुनुपर्छ । सामान्यतया शोकेशलाई विभिन्न प्रकारमा राखेर व्याख्या गर्न सकिन्छ ।

**घ. टेवल शो-केस**

संग्रहालय भवनको आन्तरिक कक्षहरूको बनावट र वस्तुको प्रकृति अनुसार शोकेश तयार गरिन्छ । सामान्यतया टेवल जस्तो आकारमा तयार पारिएको शोकेलाई टेवल शोकेश भनिन्छ ।

**ङ. वाल शो-केस**

ग्यालरीको भित्ता खोपेर तयार गरिएको शेकेशलाई वाल शो-केश भनिन्छ । सामान्यतया पुराना दरवारहरूलाई संग्रहालयको रुप दिने क्रममा वाल शोकेशको अवधारणालाई बढी जोड दिइन्छ ।

**च. फ्रि स्ट्याण्डिङ्ग शो-केस**

एक ठाउँबाट अर्को ठाउँम सहजै सार्न सकिने शोकेशलाई फ्री स्ट्याण्डिङ्ग शोकेश भनिन्छ । शोकेशले वस्तुलाई सुरक्षा प्रदान गर्नुको साथै प्रदर्शनीलाई पनि सौन्दर्य प्रदान गर्ने भएकाले शेकेशको निर्माण एउटा प्राविधिक पक्ष मात्र नभएर कला पनि हो । वस्तुहरूको आन्तरिक भावनालाई बुझेर त्यस अनुरुपको शोकेश तयार गर्दा कमसेकम संग्रहालयसम्बन्धी सैद्धान्तिक अवधारणालाई पनि ख्याल पुऱ्याउनु पर्दछ ।

### ३.२.४ सम्पदाहरूको संरक्षण, सम्वर्द्धन तथा सुरक्षा व्यवस्थामा राष्ट्रिय मुद्रा संग्रहालयकौ भूमिका

मानवले उसको दैनिक जीवनमा आईपर्ने अनेकौं कठिनाईहरूको समाधानको लागि अपनाउने धार्मिक, सामाजिक, सांस्कृतिक र आध्यात्मिक अनुभव र अनुभभुतिहरूको निरन्तर अभ्यास र क्रियाकलापहरूको समग्र संस्लेषणको सार नै संस्कृति हो । धर्म र दर्शनको सरलीकृत स्वरुप अर्थात् संस्कृतिलाई अभिव्यक्त गर्ने प्रक्रियामा देखापर्ने मूर्त र अमूर्त सामाजिक

क्रियाकलापहरूको व्याख्यात्मक र भौतिक स्वरुप नै साँस्कृतिक सम्पदाहरू हुन् । अर्को अर्थमा साँस्कृतिक र धार्मिक चिन्तनको प्रतिकात्मक स्वरुपमा निमार्ण भएका भौतिक संरचनाहरू साँस्कृतिक सम्पदाको परिभाषा भित्र समाविष्ट भएको मानिन्छ । यिनै साँस्कृतिक सम्पदाहरूले प्राचीन मानवजातिको ईतिहास, धर्म, संस्कृति र आध्यात्मिक चिन्तनलाई भौतिक आधारमा अभिव्यक्त गरेका हुन्छन् साथै तत्कालीन समाजको कला, वास्तुकला, वातावरण, पर्यावरण, शिल्प, सौन्दर्य र जीवन पद्धतिको अध्ययनको लागि महत्वपूर्ण आधार हुन जान्छन् । कुनै पनि जाति, जनजातिको सामाजिक, सांस्कृतिक र ऐतिहासिक पहिचानको खोजीमा तिनका पुर्खाहरूले अपनाएका मूर्त अथवा अमूर्त संस्कृति र तिनका परम्परागत हस्तान्तरण नै महत्वपूर्ण आधार हुन् । यिनै सांस्कृतिक आधारहरूको सर्वश्रेष्ठ गुण र विशेषताले गर्दा यी राज्यका अमूल्य निधि भएका हुन् । आज हामीले चाहेर पनि निर्माण र पुनःउत्पादन गर्न नसकिने प्राचीन मानव मस्तिष्कका श्रृजना र संस्कृतिका सम्वाहकरुपी यी विश्वव्यापि अनुपम र अद्धितिय महत्व बोकेका अमुल्य निधिहरू लामो समय र कालक्रमले गर्दा स्वभाविक रुपले जीर्ण बन्दै अन्तमा नष्ट हुने अवस्थामा सम्म पुग्छन् । यी महत्वपूर्ण गरिमा भएका ऐतिहासिक र साँस्कृतिक धरोहरहरूलाई (पुर्खाको नासो) जस्ताको तस्तै संरक्षण गरि भावी पुस्ताको लागि हस्तान्तरण गर्नै पर्ने गहन जिम्मेवारी हामीमा आएको छ । पुर्खाको पहिचानको रुपमा रहेका यि धरोहरहरू कुनै राजा वा महाराजाको सम्झना स्वरुपमा निमार्ण गरिएका मात्र नभएर तत्कालिन समाजको साँस्कृतिक, धार्मिक, राजनैतिक र आध्यात्मिक चिन्तनका भौतिक प्रमाणहरू हुन् । तत्कालिन संस्कृति र सभ्यताको निर्माणको क्रममा सृजना गरिएका यी विश्वव्यापि महत्व बोकेका अमुल्य निधिहरूले ऐतिहासिक विशिष्टता ओगटेका छन् ।

वातावरण,प्रकृति र पर्यावरणमा आउँने अनेकौं परिवर्तनहरूले लामो समय र ईतिहास बोकेका यी साँस्कृतिक सम्पदाको कार्य क्षमतालाई क्रमिक रुपमा असर पारिरहेको हुन्छ । अचानक आईपर्ने भू-कम्प, बाढी, पहिरो आदि प्रकृतिजन्य प्रकोपहरूले हाम्रा सम्पदा मात्र नभएर सिङ्गो सभ्यता नै सखाप पार्न सक्छन भने युद्ध, महायुद्ध, चोरी, डकैति, लुटपाट र अवैज्ञानिक किसिमले गरिएको विकास निर्माण कार्यको प्रतिकुल असरहरूले हाम्रा सम्पदाहरू नास हुने अवस्थासम्म आईपुग्छन् । बढ्दो शहरीकरण, गरिबी, बेरोजगारी, वातावरणीय र पर्यावरणीय प्रदुषणले समेत सम्पदा माथि नकरात्मक असर गरिरहेको हुन्छ । अतितका सभ्यताको दपर्ण र धरोहरको रुपमा रहेका यी सम्पदाहरूको संरक्षण गर्नु भनेको हाम्रा पुर्खाहरूप्रतिको गौरव र भविष्यका सन्ततिहरूप्रति उत्तरदायित्व वहन गर्नु पनि हो ।

हाम्रा सम्पदा र स्मारकहरू धार्मिक आस्था र साँस्कृतिक मूल्यको कारणले मात्रै महत्वपूर्ण भएको नभई सम्पदा निर्माण गर्ने शैली र शिल्पजन्य परम्परागत प्रविधिको कारणले पनि विशिष्ट हुन पुगेका हुन् । अर्को अर्थमा यी परम्परागत निर्माण प्रविधि पनि सम्पदाका अंशियार हुन् । सम्पदाको संरक्षण अत्यन्त जटिल कार्य हो । अन्य आधुनिक भवनहरूको निर्माण गर्ने शैली र पद्धतिसंग सम्पदा संरक्षणको पद्धतिलाई तुलना गर्न मिल्दैन न त पर्याप्त आर्थिक लगानी गर्दैमा सम्पदाको संरक्षण कार्य सम्पन्न हुन्छ । सम्पदा संरक्षणको लागि पर्याप्त धैर्य,अध्ययन,अनुसन्धान र अन्वेषणको आवश्यकता पर्छ । सम्पदाको ऐतिहासिक पृष्ठभूमि,त्यसको प्रयोग, मुल्य र त्यसमा निहित मूर्त र अमूर्त साँस्कृतिक परम्पराहरूको अभिलेखिकरण र निरीक्षण गरेर मात्र सम्पदा संरक्षणको थालनी गर्नु उचित मानिन्छ । अतित संस्कृतिको ऐतिहासिक साक्षीको रुपमा रहेका सम्पदाहरूको एक विशिष्ट र

नैसर्गिक मुल्य रहेको हुन्छ । यस विशिष्ट मुल्यको प्रामाणिकता र आधिकारिकताको दिगो संरक्षणको अवधारणलाई समेत कदर गर्दै सम्पदाको स्वरुप र शैलीमा परिवर्तन नआउँने गरि संरक्षण गर्ने तर्फ सचेत हुनै पर्छ । विश्वव्यापि महत्व दर्शाउने अद्बितिय र अनुपम श्रृजनाहरूको कारणले नै हाम्रा सम्पदाहरू विश्वसम्पदाको सूचिमा सूचिकृत भएका हुन् र त्यसै कारण यी विशिष्ट मुल्य बोकेका सम्पदाको संरक्षण गर्दा पनि सम्पदामाथि भएको क्षतिको आँकलन, त्यसको मुल्याङ्कन र वातावरणीय पर्यावरणीय प्रभावको अनिवार्य अध्ययन गरेर मात्र सम्पदा संरक्षणको प्रक्रिया अगाडि बढाउँन उचित ठानिन्छ ।

गत वैशाखमा गएको भुकम्प पछाडि सम्पदा संरक्षणमा व्यापक वहस र पैरवी भएको पाईन्छ । सम्पदा माथिको लगानी अनुत्पादक लगानी जस्तै ठान्ने नेपाल सरकारले समेत भूकम्प पछि सम्पदा संरक्षणको कार्यमा विशेष चासो दिएको देखिन्छ । एउटा पुरातत्व विभागले मात्र सारा सम्पदाहरूको एकै चोटि संरक्षण कार्य गर्न सक्दैन । सम्पदा संरक्षण सम्बन्धि स्थापित मान्यता, सिद्धान्त र पद्धतिलाई प्रमुख आधार मानेर सम्पदा पुरातत्व विभागका साथै काठमाण्डौ महा-नगरपालिका, ललितपुर उप-महनगरपालिका, नगरपालिकाहरू, जी.वि.स.हरू, गुठी संस्थान लगायतसम्पदा संरक्षणसंग आबद्ध अन्य राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरूले सम्पदा संरक्षणमा हातेमालो गर्नुपर्छ । सम्पदा संरक्षण सम्बन्धि ऐन, नियम, नियमावलीहरू लगायतका निर्देशक सिद्धान्तहरूका साथै संरक्षण विशेषज्ञहरूको  सल्लाहलाई पनि आधार मानेर हाम्रा स्मारकहरूको संरक्षण गर्नु उचित देखिन्छ ।

सम्पदा संरक्षणमा परम्परागत प्रविधिलाई मात्र मान्यता दिने की आधुनिक निर्माण सामग्री र प्रविधिलाई पनि अपनाउने ? यस विषयमा सम्बद्ध प्राज्ञ र संरक्षणकर्मीहरूको बीचमा व्यापक छलफल भएको छ तर ठोस र सर्वमान्य निष्कर्श निस्कन सकेको छैन । तथापि परम्परागत सम्पदा भवनहरूलाई चाहिनेभन्दा बढी बलियो बनाउने मनसायले पछि अवलम्वन गरिएका आधुनिक उपायहरूकै कारणले सम्पदाहरूमा क्षति भएका कुरा विज्ञहरूले भनिरहेका छन् ।  प्राकृतिक सामग्री र स्थानीय प्रविधिको प्रयोग गरी बनाइएका सम्पदाहरूमा ती सामग्रीभन्दा बलिया रड सिमेण्ट र कंक्रिटजस्ता आधुनिक सामग्रीको  प्रयोग हुँदा असन्तुलित संयोजनले सम्पदा नै जोखिममा परेको परिणाम देखिएको छ । त्यसैले सम्पदाहरूको संरक्षणमा विशेष परिस्थिति बाहेक आधुनिक निर्माण सामाग्रीहरूको प्रयोगलाई विचार गर्नु पर्छ । सम्पदा संरक्षणमा परम्परागत प्रविधिलाई नै श्रेयस्कर मान्नुपर्छ । प्राचीनकालदेखि नै पुस्तान्तरण हुँदै अभिच्छिन्न अभ्यास गरिँदै आएका हाम्रा सम्पदा संरक्षणको शैली र पद्दति नै बढि वैज्ञानिक हुन्छन् । विगत पाँच, छ सय वर्ष देखि प्राकृतिक कठिनाईहरू सहँदै आएका साँस्कृतिक धरोहरहरू आज पनि जीबन्त रहने गरि बनाईएको हुनाले प्राचीन ईञ्जिनियरिङ्ग पद्धतिको समेत विष्लेशण गरिनु आवश्यक छ । कतिपय हाम्रा सम्पदाहरू भुकम्पको कारणले भन्दा पनि विगतमा गरिएको गलत संरक्षणको कारणले गर्दा कमजोर भई भत्किन गएका हुन  भन्ने तथ्यलाई संरक्षणविदहरूले स्वीकार गरेका छन् । पचास वर्षको आयु भएको सिमेण्ट भन्दा माटो, इँटाको प्रयोग गरी हाम्रो आफ्नै प्रविधिमा निर्मित सम्पदा कयौं गुणा बलियो र भरपर्दो छन् भन्ने तथ्यलाई आज पनि नेपाली आकाशलाई चुम्दै गरेका मन्दिरहरूले प्रमणित गरेका छन् ।  प्रयोग विहिन स्मारकहरू भन्दा साँस्कृतिक परम्परासंग जोडिएका सम्पदाहरू अझ जीवन्त  बन्न सक्छन् । त्यसैले सम्पदा संरक्षणको लागि स्मारकहरूको परम्परागत प्रयोजनलाई

वदलिंदो परिवेशमा समेत नकरात्मक प्रभाव नपार्ने गरि निरन्तरता दिईनु पर्छ । सम्पदा संरक्षण किन गर्ने ? कस्को लागि गर्ने र कसरी गर्ने भन्ने प्रश्नको निश्कर्षात्मक जवाफ प्राप्त भएपछि मात्र सम्पदा संरक्षण गरिएमा बढी वैज्ञनिक होला । सम्पदाहरूको पनि ऐतिहासिक र भावनात्मक संवेदनशिलता हुन्छन् । यी संवेदनशीलताहरूलाई ख्याल गरेर सम्पदा संरक्षण गर्नु नै सम्पदा संरक्षणको नैतिक दायित्व हो । यस नैतिक दायित्व र जिम्मेवारीलाई समेत मनन् गरिएमा मात्र साँस्कृतिक सम्पदाहरूको जीवन्त संरक्षण हुने देखिन्छ र यस कार्यमा जनअभिरुची बढ्न जानेछ ।

देश, काल, भूगोल र परिस्थिति अनुसार सम्पदा संरक्षण विधि र पद्धति फरक फरक हुन्छन् । पश्चिमाहरूले प्रतिपादन गरेको संरक्षण सम्बन्धि निर्देशक सिद्धान्तहरू हाम्रो सम्पदाको संरक्षण कार्यमा हुवहु अपनाउन नमिल्न सक्छ । अपनाउनै परे शंष्लेसित रुपमा अपनाउनु पर्ने हुन्छ । विशेष गरि संरक्षण कार्य गर्दा कम्तिमा पनि सम्पदाका श्रजक र श्रष्टाप्रति असम्मान नहुने गरि गर्नुपर्दछ । हाम्रा सम्पदाहरू हाम्रो देशको वातावरण र पर्यावरण अनुकुल छन् । यस कारण प्राकृतिक वस्तुहरूको प्रयोग गरि सम्पदाको संरक्षण कार्य गर्नु उचित ठहर्छ । यसले गर्दा भुकम्प गई नै हाले पनि तत्काल तिनको उद्धार र जिर्णोद्धार गर्न सहयोग पुग्छ किनभने प्राकृतिक सामग्री तथा प्रविधिको व्यवस्थापन आधुनिक सामग्री तथा प्रविधिको व्यवस्थापनभन्दा सरल, सहज र पर्यावरणमैत्री हुन्छ । हाम्रा कलात्मक सम्पदाहरूको संरक्षण गर्दा सम्पदाहरूमा प्रयोग गरिएका सरल र सहज रुपमा पाईने माटो, ईटा र काठहरूलाई नै प्रयोग गर्नु नै उचित मानिन्छ । परम्परागत शैली, स्वरुप र सामग्री, संरचनाहरूको निर्माण प्रविधिलाई समेत कायम राखि स्थानीय कर्मी र कालीगढहरूको परम्परागत अनुभवलाई पूर्ण तरिकाले प्रयोग गरि सम्पदाको संरक्षण गर्नु नै संरक्षणकर्मी र सम्बद्ध निकायहरूको विशेष दायित्व हुन जान्छ । सम्बन्धित संस्कृतिका प्रयोगकर्ता र सम्वाहकहरू पनि यस कार्यमा अभिमुखि हुनैपर्छ । आवश्यकता अनुसार ऐन, नियम, नियमावलीहरूको समेत परिमार्जन गर्नै पर्ने समय आईसकेको छ । स्थानीय समाजसेवी, प्राध्यापक, विद्यार्थी, कलाकार र संरक्षणकर्मीहरूलाई संरक्षण सम्बन्धि व्यवहारिक तथा सैद्धान्तिक प्रशिक्षण दिनुपर्ने अनिवार्य आवश्यकता भईसकेको छ र सम्पदालाई यस कै मौलिक अस्तित्व दिने गरी अनुभवसिद्ध सिद्धान्तहरूलाई एकत्रित गरी त्यसलाई कार्यरुपमा ल्याउने तर्फ सम्बन्धित सबैजना लाग्नु अत्यन्त आवश्यक भई सकेको छ ।

### ३.२.५ सांस्कृतिक सम्पदा संरक्षणमा राष्ट्रिय मुद्रा संग्रहालयको भूमिका

विभिन्न माध्यमबाट संग्रहालयमा संग्रहित वस्तुहरूको संरक्षण, सम्वर्द्धन गर्नु संग्रहालयको प्रमुख दायित्व हो, अर्थात् संग्रहालय विज्ञानसँग सम्बन्धित महत्वपूर्ण पक्षहरूमा संरक्षण सम्वर्द्धन तथा सुरक्षा व्यवस्था पनि पर्दछ । मानव सभ्यता, संस्कृति र इतिहासँग जोडिएका यी विभिन्न भौतिक वस्तुहरू विभिन्न प्रकारको हावापानीमा अवस्थित हुन्छन् । ती वस्तुहरूलाई यदि संग्रहालयमा ल्याएर राखिने हो भने सोही प्रकृति अनुसारको वातावरण तथा सुरक्षाको व्यवस्था गर्नु पर्छ । मानवीय तथा प्राकृतिक कारणबाट पुराना वस्तुहरू नष्ट हुने गर्दछन् । यस्ता प्राचीन वस्तुलाई विग्रनबाट बचाउनु तथा विग्रिसकेको अथवा विग्रन लागेका वस्तुको वैज्ञानिक उपचार गर्नु

संग्रहालयको प्रंमुख दायित्व हो । यसकारण संग्रहालयमा विशेष प्रकारले एउटा छुट्टै वैज्ञानिक प्रयोगशलाको स्थापना हुनु पर्छ जहाँ त्यस्ता वस्तुहरूको रसायनिक उपचार गर्न सकिन्छ । त्यस्तै गरी संरक्षणविद् तथा रसायनशास्त्री तथा अन्य दक्ष जनशक्तिको व्यवस्था पनि संग्रहालयले नै गर्नु पर्छ ।

प्राचीन वस्तुहरू इतिहासका प्रतिविम्व हुन त्यस्ता वस्तुहरूको सहि तरिकाले संरक्षण गर्न सकिएमा भावी पुस्ताले इतिहासको यथार्थतासँग साक्षत्कार गर्न पाउने छन् । तसर्थ संग्रहालय शास्त्रमा संरक्षण र सम्वर्द्धनको महत्वपूर्ण भूमिका छ । पुरातत्वशास्त्र वा विषयमा त उत्खनन् स्थल मै अस्थाइ प्रकारको संग्रहालय र रासायनिक प्रयोगशलाको व्यवस्था गरिएको पाईन्छ । विगतका सांस्कृतिक प्रतिविम्वहरूलाई आजको समयमा त्यहि ढाँचामा निर्माण गर्न असम्भव हुन्छ । त्यसैले विगतका तयस्ता सम्पदा कला र पुरावस्तुहरू हाम्रा पुर्खाका देन हुन् जो वर्तमानमा स्वदेशी र विदेशीहरूको लागि समेत आकर्षणका केन्द्र विन्दु भएका छन् । त्यस्ता नमूनाहरूले नै हाम्रो अतितको संस्कृतिसँगको सम्बन्ध झल्काउने गर्दछन् । तसर्थ यस्ता महत्वपूर्ण वस्तुहरूको संरक्षण गर्न नेपाल जस्तो विकासोन्मुख देशमा जटिल छ तथापि नेपाल सुकार पुरातत्व विभागले संरक्षण र सम्वर्द्धनको महत्वपूर्ण जिम्मेवारी बहन गरेको छ र संग्रहालयले पनि यसतर्फ आफ्नो कदम बढाएको देखिन्छ ।

संरक्षण एक जटिल प्रक्रिया हो । यस कार्यमा बढी मात्रामा विज्ञानका विधि र प्रविधिहरू अपनाइन्छ । डा. ए.पि. सिंहले संरक्षणलाई Out door Conservation र Indoor Conservation गरी दुई प्रकारमा वर्गीकरण गर्नु भएको **छ** (सिंह, इश्वी १९८७, पृ: १०८) । उहाँका अनुसार प्राचीन सांस्कृतिक सम्पदाहरूलाई सकेसम्म त्यसको अकार प्रकार र रंगमा कुनै परिवर्तन नहुने गरी संभव भएसम्म प्राचीन कच्चा पदार्थहरूलाई नै प्रयोग गरेर ती वस्तुको उपचार गर्नु नै संरक्षण तथा सम्वर्द्धन हो । उहाँका अनुसार संग्रहालयमा संग्रहित नगरिएका प्राचीन सम्पदाहरू खासगरी किल्ला वास्तुकला, दरवार, विहार, लगायतका अन्य स्मारकहरूलाई संरक्षण गर्ने विधिहरूको चर्चा Outdoor conservation मा गर्नु भएको **छ** (सिंह, इश्वी १९८७, पृ: **१०८**)। त्यस्तै संग्रहालय भित्रका कला कृतिहरूको संरक्षण विधिको विषयमा Indoor conservation मा गर्नु भएको छ (सिंह, इश्वी १९८७, पृ: ५५) ।

कुनै पनि संरक्षणको लागि प्रयोगशाला पठाउँदा त्यसको अभिलेख राख्नु पर्छ । कुन वस्तु कुन अवस्थामा कहिले र को मार्फत प्रयोगशालामा पठाइयो ? यी सबको विवरण खुलाउनु पर्छ । संरक्षण प्रक्रियामा विविध कानूनी पद्धतिलाई पनि अपनाउनु पर्छ । अन्यथा वस्तु सम्बन्धित व्यक्तिबाट डराउने डर हुन्छ । कानूनी प्रक्रिया पुरा गरेपछि संग्रहालयमा संग्रहित वस्तुहरू जसको संरक्षण गर्नु पर्ने आवश्यकता देखिएको छ, लाई उचित उपचारको लागि रसायनशालामा पठाइन्छ ।

वस्तुहरूको सुरक्षाको लागि मुख्यतया संग्रहालय भवन नै वैज्ञानिक प्रविधिबाट निर्माण गरिनु पर्छ । नेपालमा हालसम्म पनि वैज्ञानिक ढंगले संग्रहालयको निर्माण गरिएको छैन । पुराना भवन तथा दरवारहरूलाई नै आधुनिकीकरण गरेर संग्रहालयको रुपमा स्थापना गरिएको छ । व्यवस्थित संग्रहाल व्यवस्थापकले रसायन शास्त्रीहरूको व्यवस्थापन गरेको हुन्छ । तिनै रासायनशास्त्रीहरूको निर्देशनमा संग्रहित वस्तुहरू अवस्था हेरी रासायनिक प्रविधि प्रयोग गरी वस्तुलाई संरक्षित गर्नुपर्ने हुन्छ ।

संकलनमा रहेका वस्तुहरूलाई चोरी निकासीबाट बचाउने जिम्मेवारी पनि संग्रहालयकै हुन्छ । स्रोत र साधनको अभावका कारण चोरीबाट सामानहरू बचाउन संग्रहालय समक्ष ठूलो समस्या रहेको हुन्छ । संग्रहालयमा सकभर एउटा मात्र प्रवेश द्वार राख्ने र झ्यालहरूमा ग्रील एवं जाली राखेर पनि यसलाई सुरक्षित गर्न सकिन्छ । प्रदर्शनका वस्तुहरू संग्रहालयका कर्मचारीहरूले समेत हेर्न सक्ने किसिमले मिलाएर राख्नु पर्छ । संग्रहालयका ग्यालरी इन्चार्ज तथा ग्यालरी गार्डहरूले पनि समय समयमा निरीक्षण गरिराख्नु पर्छ । महत्वपूर्ण वस्तुहरू राखिएको ठाउँमा राम्रो प्रकाश व्यवस्थाको साथै कडा सुरक्षा व्यवस्था गरिनु पर्छ । ठूला ठूला प्रस्तरका कलाकृति तथा त्यस्तै चिजहरू बाहेक अन्य वस्तुहरू खुल्ला नराखी शोकेश भित्र राख्नु पर्छ । संग्रहालयको सुरक्षा व्यवस्थालाई ध्यानमा राखी विशेषगरी तालिम प्राप्त तथा सुरक्षा निकायमा कार्यरत भूतपूर्व कर्मचारीहरूलाई संग्रहालय गार्डको रुपमा नियुक्ति गर्नु पर्छ । चोरीबाट बचाउनको लागि ठाउँ ठाउँमा सी. सि. टि.भी. क्यामेराहरू जडान गर्नु उचित मानिन्छ । तर नेपालको लागि यो महंगो हुन जान्छ । तैपनि राष्ट्रिय संग्रहालय लगायतका अरु केहि संग्रहालयहरूमा हालसालै सि.सि.टि.भी. जडान गरिएका छन् ।

विशेषगरि मानवीय संरक्षण, विद्युतीय संरक्षण र रासायनीक संरक्षण गरि सम्पदा संरक्षणका विविध तरिकाहरू हुन्छन् । राष्ट्रिय मुद्रा संग्रहालयमा यी तिनै उपायहरूलाई अपनाइएकै छ । विशेषतः रासायनिक संरक्षणमा यस संग्रहालयले बढी जोड दिएको छ ।

### ३.३. प्रशासनिक व्यवस्था

कुनै संघ संस्था वा सरकारी कार्यालयको सही तरिकाले संचालन गर्नको लागि प्रशासन पक्षको महत्वपूर्ण भूमिका हुन्छ । वास्तवमा प्रशासन एउटा यस्तो संयन्त्र हो जसले कुनै पनि कार्यालयलाई गतिशिलता दिने गर्छ अर्थात् त्यो संघ वा कार्यालयको उद्देश्य र भावनालाई परिपूर्ति गर्नको लागि संस्थागत विधान अनुरुप कार्यालय संचालन गर्ने हैसियत राख्छ । यसै सन्दर्भमा संग्रहालय प्रशासनको महत्वपूर्ण भूमिका हुने देखिन्छ । संग्रहालय चाहे जतिसुकै सानो वा ठूलो होस् त्यसलाई गतिशील एवं उपयोगी बनाउनेमा संग्रहालयध्यक्षको प्रमुख भूमिका हुन्छ । मुख्य प्रशासकीय अधिकृतको हैसियतले संग्रहालय प्रशासनको मुख्य जिम्मेवारी संग्रहालय प्रमुख माथि हुन्छ । संग्रहित वस्तुहरूको जिम्मा विशेषज्ञहरू माथि हुन्छ (द्विवेदी, २०३२, पृ:८ ) ।

संग्रहालय प्रमुख कुनै पनि विषयको विशेषज्ञ नहोस् तर उसमा संग्रहालयसँग सम्बन्धित विषयहरू बुझ्न र त्यसलाई कार्यान्वयन गर्नको लागि वृहत दृष्टिकोण र रुचि हुनु पर्छ । संग्रहालय प्रशासनले संग्रहालयसम्बन्धी सम्पूर्ण विषयहरूको गहन अध्ययन एवं छलफल गरी संग्रहालय संचालनको रुपरेखा तयार गर्नु पर्छ । सर्वप्रथम त संग्रहालयले मान्यता प्राप्त गरिसकेपछि संग्रहालय सम्बन्धित गतिविधिहरू अगाडि बढाउन सहज हुन्छ । जस्तो वस्तु संकलन र संरक्षण एवं सुरक्षण तथा त्यसको दर्ता गर्नेदेखि लिएर प्रदर्शन गर्ने सम्मका जिम्मेवारीहरूलाई पुरा गर्ने प्रक्रिया अगाडि बढाईन्छ । जुन काम संग्रहालय प्रशासकको हुने गर्दछ ( द्विवेदी, इश्वी १९७६, पृ: ८)।

संग्रहालयको प्राविधिक व्यवस्थापन नै प्रशासनको नीति तथा नियमको आधारमा गरिन्छ । कर्मचारी भर्ना प्रक्रियादेखि लिएर कर्मचारीको तलव निर्धारण एवं कार्यविभाजन सम्मको सम्पूर्ण प्रंक्रियाहरूलाई प्रशासनले व्यवस्थापन गर्छ । कुनै कामको जिम्मेवारी वा दायित्व कुन कर्मचारीलाई दिने अर्थात् सही कर्मचारीको छनौटको प्रक्रिया कसरी अवलम्वन गर्ने भन्ने विषयमा प्रशासनले हेर्ने गर्छ । संग्रहालय संचालनको लागि आर्थिक श्रोत कसरी जुटाउने ? एक संग्रहालयले अर्को संग्रहालयसँग कसरी सहकार्य गर्ने ? संग्रहालयको विकासको लागि के कस्ता कार्ययोजना तथा नियम नीतिको व्यवस्थापन गर्ने ? जस्ता प्राज्ञिक विषयहरूमा प्रशासनले ध्यान पुऱ्याउनु पर्छ । कर्मचारीको कार्य विभाजन गर्दा प्राविधिक कर्मचारी र प्रशासनिक कर्मचारी गरी दुई वर्गमा विभाजन गरिएको पाईन्छ । संग्रहालयको सम्पूर्ण व्यवस्थापनको जिम्मा संग्रहालय प्रमुखमा रहेको हुन्छ । उसको गहन दृष्टिकोणको आधारमा संग्रहालयको विविध पक्षहरूको व्यवस्थापन गरिन्छ ।

संग्रहालयको मुख्य व्यक्तिका रुपमा संग्रहालय प्रमुख रहेका हुन्छन् । उनैले समग्र संग्रहालय तथा कर्मचारीहरूको नेतृत्व गरिराखेका हुन्छन् । संग्रहालय प्रमुखमा दक्षता, अनुभव, विषयसम्बन्धी ज्ञान, प्रशासन संचालन तथा नेतृत्व गर्ने क्षमता जस्ता गुणहरू हुन पर्दछ । संग्रहालय संचालक समितिले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरूलाई मूर्त रुप दिने काम संग्रहालय प्रमुखको नेतृत्वमा अन्य कर्मचारीहरूले गर्ने गर्दछन् । ज्यादै ठूला खालका संग्रहालयमा संग्रहालय प्रमुख एक जनाले मात्र प्रशासन संचालन गर्न कठिनाई हुने अवस्थामा सहायक प्रमखुको पनि व्यवस्था गरिएको हुन्छ । सहायक प्रमुखले नै प्रमुखलाई हरेक कार्यहरूमा सहयोग पुऱ्याउने गर्दछन् । तसर्थ संग्रहालय प्रमुखमा हुनु पर्ने क्षमताहरू सहायक प्रमुखमा पनि हुनुपर्छ ।

संग्रहालयमा रहने अर्को महत्वपूर्ण पद क्यूरेटर हो । संग्रहालय कति जना क्यूरेटर रहने भन्ने कुरा पनि संग्रहालयमा रहेका विभाग वा ग्यालरीहरूको संख्यामा भर पर्छ । क्यूरेटरलाई ग्यालरी इन्चार्ज पनि भनिन्छ ।

संग्रहालयसँग सम्बन्धित अन्य सामग्रीहरूको जिम्मा क्यूरेटरमा जाने गर्दछ । प्रदर्शन अधिकारी (Exhibition officer) को सहयोगमा ग्यालरीहरूमा हुने प्रदर्शनको तयारी तथा योजना निर्माण कार्य पनि क्यूरेटरले नै गर्ने गर्दछन् । संग्रहालय शिक्षाको केन्द्रको रुपमा विकास भइरहेको

अवस्थामा संग्रहालयमा हुने सम्पूर्ण शैक्षिक कृयाकलापहरू यिनै अधिकारीको मातहतमा हुने गर्दछन् । संग्रहालय तथा त्यहाँ प्रदर्शित वस्तुहरू बारे व्याख्या गर्ने काम लगायत अध्ययन अनुसन्धान तथा प्रकाशन सम्बन्धित कामहरूमा पनि यिनीहरूको ठूलो भूमिका रहेको हुन्छ । शैक्षिक अधिकारीको मातहतमा कर्मचारहिरूको रुपमा विभिन्न पथप्रदर्शनकहरू पनि रहेका हुन्छन् । यिनै गाइडहरूले विभिन्न दर्शकहरूलाई प्रदर्शित वस्तुहरूको अर्थ र त्यसको महत्व बारे प्रकाश पार्ने गर्दछन् । संग्रहालयमा भएका वस्तुहरू तथा नयाँ प्राप्त भएका वस्तुहरूको दर्ता किताव खडा गर्न दर्ता अधिकारी पनि संग्रहालयमा रहेका हुन्छन् । वस्तु कुन माध्यमबाट कस्तो स्वरुपमा प्राप्त भएको, त्यसको वर्गीकरण, दर्ता प्रक्रिया तथा क्याटलग निर्माण गर्ने आदि कार्यहरू यिनीहरूको जिम्मेवारी भित्र पर्दछ । संग्रहालयमा भएका वस्तुहरूलाई भावी पुस्ता वा सयौं हजारौं वर्षपछि सम्म पनि सुरक्षित रुपमा जस्ताको तस्तै राख्नु पर्ने भएको हुनाले संग्रहालयमा रसायनशास्त्री तथा संरक्षणविद् पनि राख्ने गरिन्छ । यिनीहरूको काम भनेको जसरी पनि संग्रहित वस्तुहरूलाई संरक्षण गरी पछिसम्म नविग्रने बनाउनु हो । यी बाहेक संग्रहालय प्रशासन व्यवस्था सुचारु रुपले संचालन गर्नको लागि प्रशासकीय कर्मचारीहरू, लेखासम्बन्धी कर्मचारीहरू, पुस्तकालयसम्बन्धी कर्मचारीहरू, स्टोर किपर,ग्यालरी गार्ड, चौकीदार, सरसफाई गर्ने कर्मचारी आदि अनेक कर्मचारीहरूको व्यवस्थापन प्रशासनिक संयन्त्र भित्र व्यवस्था गरिन्छ ।

यसरी हेर्दा संग्रहालय प्रशासन व्यवस्थापनको लागि चाहिने कर्मचारीहरू निम्न अनुसार देखिन्छन् द्विवेदी, २०३२, पृ:८) ।

१. निर्देशक वा संग्रहालयध्यक्ष वा संग्रहालय प्रमुख

२. किपर तथा सहायक किपर

३. जीव विज्ञान तथा मानव विज्ञान विशेषज्ञ

४. अनुसन्धान अधिकृत प्राविधिक

५. अन्य कर्मचारी वर्ग

(क) टेक्सी डर्मिष्ट (ख) फोटो ग्राफर

(ग) रसायनिक सहायक (घ) मोडेलर

(ङ) ड्राफ्टम्यान (च) माक्समेन

(छ) सिकर्मी (ज) चित्रकार

(झ) पेन्टर (ञ) इलेक्ट्रीसियन

(ट) मेकानिक्स (ठ) डकर्मी

(ड) नकर्मी

६. कक्ष सहायक

७. गाइड लेकचर्स र गाइडहरू

८. पुस्तकालयध्यक्ष

९. स्टोर किपर

१०. प्रशासकीय कर्मचारी

(क) प्रशासन अधिकृत (ख) लेखापाल

(ग) कार्यालय सहायक (घ) लिपि विशेषज्ञ

(ङ) कार्यालय सहयोगी, बगैंचा, चौकीदार तथा सरसफाई गर्ने स्वीपर आदि ।

संग्रहालय व्यवस्थापन पनि प्राविधिकरुपमा विज्ञान र सैद्धान्तिक रुपमा एउटा कला नै हो । जसरी सिद्धहस्त कलाकारले आफ्नो अन्तर्मनको अभिव्यक्तिलाई आफ्नो सृजनाद्वारा प्रस्तुत गर्दछ, त्यसरी नै संग्रहालय व्यवस्थापकले मानव सभ्यताको दस्तावेजको रुपमा रहेको संग्रहालयलाई सयौं वर्षसम्म जीवन्त रहने शिलशिलाको आधारभूमि तयार गरिदिन्छ । अर्थात् संग्रहालयमा संग्रहित संवेदनशीलता कला र संस्कृतिका प्राचीन प्रतिविम्वहरूलाई भावी पुस्ताको लागि जोगाई राख्न सहि किसिमको वैज्ञानिक र सैद्धान्तिक व्यवस्थापनको विश्लेषण गरी संग्रहालय संचालन गर्ने आधारभूमि तथा भावी योजनाको रुपरेखा तयार गर्छ । संग्रहालय संचालक समितिले संग्रहालय भवन स्थापना गरिसकेपछि वस्तु संकलनको प्रक्रिया अगाडि बढाउँछ । यसरी विभिन्न स्रोतबाट प्राप्त वस्तुलाई सही तरिकाले उपचार गरिसकेपछि त्यसको सूची तयार पारिन्छ । अर्थात् दर्ता गरिन्छ र प्रदर्शनीमा राखिन्छ । वस्तु संकलनदेखि प्रदर्शनसम्मको प्रक्रियामा एउटा प्रकार्यात्मक आन्तरिक संजालको स्थापना हुन्छ, जसलाई व्यवस्थापकीय संजाल भन्नु उपयुक्त हुन्छ । उक्त व्यवस्थापन समितिले नै संग्रहालयको गतिविधिलाई अगाडि बढाउँछ । संग्रहालयको विज्ञापन, प्रचार प्रसारको साथै अन्य संग्रहालयको सहकार्यमा कसरी संग्रहालयलाई समुचित तरिकाले संचालन गर्न सकिन्छ भन्नेमा व्यवस्थापकीय कार्ययोजनाले निर्धारण गर्छ ।

संग्रहालयमा संग्रहित वस्तुहरूको आधारमा नेपालमा समाजशास्त्रीय एवं मानवशास्त्रीय अध्ययन गरिएको छैन । संग्रहालय एउटा खुल्ला पुस्तकालयको प्रतिविम्व भएकोले प्राज्ञिक अध्ययन, अनुसन्धान र प्रकाशनको लागि संग्रहालयले व्यवस्थापन समितिले प्राज्ञिक संस्था स्थापना गरेर यस कार्यलाई अगाडि बढाउन सक्छ । संग्रहालय भनेको सांस्कृतिक, ऐतिहासिक धार्मिक तथा पुरातात्विक वस्तुहरूको संग्रह गर्ने एउटा भण्डार मात्र होइन, यो त महत्वपूर्ण शैक्षिक संस्था पनि हो । संग्रहालयमा बसि गरिएको उपयुक्त अनुसन्धानलाई हाम्रो संस्कृतिको हराएको सम्बन्धसँग जोडेर विभिन्न आम संचारका माध्यमबाट ज्ञानको प्रवाह छर्न सकिन्छ । यसको लागि पनि संग्रहालय व्यवस्थापकको महत्वपूर्ण भूमिका हुन्छ ।

अतः एउटा संग्रहालय संचालन तथा व्यवस्थापनको लागि प्रथमतः संग्रहालयको उद्देश्यको परिपूर्तिको लागि दुरगामी योजना नै हुनु पर्छ । संग्रहालय व्यवस्थापकले प्राज्ञिक छलफल र अनुसन्धान गरेर सैद्धान्तिक, प्राविधिक तथा प्रशासनक व्यवस्थापनको त्रिकोणात्मक संयोजन गर्न सक्छ ।

## अध्याय –४

## राष्ट्रिय मुद्रा संग्रहालयको प्रदर्शनी व्यवस्थापन

### ४.१ पृष्ठभूमि

नेपालमा संग्रहालयको विकासक्रमको इतिहासमा राष्ट्रिय मुद्रा संग्रहालयको महत्व रहेको देखिन्छ । वि.स. १९९५ सालमै हाल राष्ट्रिय संग्रहालयको नामले चिनिने संग्रहालय भवनको तात्कालिक राणा प्रधानान्त्री जुद्ध शमसेरले स्थापना गरेतापनि त्यसमा मुद्राहरूको संकलन र प्रदर्शन गरिएको थिएन । इतिहास र संस्कृतिको अध्ययनमा मुद्राको विशेष महत्व हुन्छ भन्ने बुझेर तत्कालिन राजा श्री ५ महेन्द्रले वि.स.२०१९ साल पौष १ गते राष्ट्रिय मुद्रा संग्रहालयको स्थापना गरेका थिए । समुदघाटन समारोहको तस्वीरमा वर्णन गरिएको आधारमा हनुमानढोका दरबार परिसरमा स्थापित यस संग्रहालयलाई वि.स. २०५० सालमा राष्ट्रिय संग्रहालयस्थित भिमसेन थापाले निर्णय गरेको सिलखाना भवनको माथिल्लो तलामा स्थानान्तरण गरिएको थियो । वि.स.२०७२ साल वैशाख १२ गते गएको भूकम्पका कारण लगभग लामो समय बन्द अवस्थामा रह्यो र पछि वि.स २०७९ भाद्र ३१ गते राष्ट्रिय संग्रहालयको दक्षिणी पुलघरमा स्थानान्तरण गरी पुनः सञ्चालनमा ल्याइएको थियो । पुरानो भावना अर्थात् भिमसेन थापाले निर्माण गरेको शिलाखाना भवनको दक्षिपट्टीको पुलघरमा स्थापना गरी प्रर्दशन गरिएको छ । जुन भवन पश्चिमी शैलीमा चुना सुर्कीको प्रयोग गरी निर्माण गरिइएको.र भवनको बाहिरी भागमा सेतो रङ्गको प्रयोग गरी तीन तलामा निर्माण गरीएको छ । संग्रहालयमो भुई तल्ला र पहिलो तल्लामा मुद्राहरू प्रर्दशनी गरिएको छ भने दोस्रो तल्लामा कार्यालय संचालन गरिएको छ । (चित्र नं.१,२)

### ४.२ राष्ट्रिय मुद्रा संग्रहालयमा संकलित र प्रदर्शित मुद्राहरूको संक्षिप्त विवरण

विशिष्ट संग्रहालयको रुपमा परिचित राष्ट्रिय मुद्रा संग्रहालयको विशेष महत्व रहेको छ । देशको एउटा मात्र मुद्रा संग्रहालय भएकोले यसको महत्ता रहनु स्वभाविक छ । यस संग्रहालयमा भारतिय मौद्रिक इतिहासको झल्काउने मुद्राहरू समेत संकलन एवं प्रदर्शन गरिएको छ । इशापूर्व ५ औ शताब्दीको मानिने आहत मुद्रा (पञ्चमार्क), मौर्य, शुंग कुषाणकालको मुद्राहरूले भारतीय मौद्रिक परम्परालाई उजागर गर्दछन् । त्यस्तै लिच्छविकालका मुद्राहरूले नेपालको मौद्रिक इतिहासलाई उजागर गर्छन् । नेपालको प्रथम राजा मानदेवले प्रचलनमा ल्याएको मानाङ्क मुद्रा, अंशुवर्माले प्रचलनमा ल्याएका विभिन्न मुद्राहरू, जिष्णु गुप्तका मुद्रा, गुणाङ्क मुद्रा, वृष मुद्रा लगायतका मुद्राहरू प्रदर्शित छन् जसले लिच्छविकालका मौद्रिक अवस्थितिबारे उजागर गर्छन् । नेपालको इतिहासमा लिच्छविकाल पछि पूर्वमल्लकालको शुरु हुन्छ । पूर्वमल्लकालको मानिने मुद्राहरू पर्याप्त छैनन् । शिवदेव ले चलाएको सुनबाट निर्मित शिवका र चाँदीबाट निर्मित द्रम्म मुद्राहरू यस संग्रहालयको महत्वपूर्ण संकलन हुन । यसैगरी दोलखाका राजा जयइन्द्र शिहदेवले

चलाएको मल्लकालको सबैभन्दा पुरानो मुद्रा यहाँ प्रदर्शित छन । त्यस पछि काठमाण्डौका राजा महेन्द्र मल्लले चलाएको महेन्द्र मल्ली यहाँ प्रर्दशित छन् । जो नेपालको दुर्लभ मुद्राहरूमा पर्छन ।

नेपालको इतिहासमा मल्लकालले एउटा विशेष आयाम बोकेको छ । यक्ष मल्लको पालामा काठमाण्डौ उपत्यकालाई ३ वटा राज्यमा विभाजित भएपछि तीन वटै विभाजित राज्यले मुद्राहरू निष्काशन गर्न थालेको देखिन्छ । तीनवटै राज्यका राजाहरूले प्रशारण गरेका मुद्राहरूमा विशेषतः हिन्दू तथा बौद्ध संस्कृतिलाई बढी जोड दिएको देखिन्छ । विविध ज्यमितीय आकार-प्रकार, खड्ग, शंख, चक्र, विन्दुयूक्त घेरा, मत्स्य जस्ता आकृतिहरूले प्रतिकात्मक रुपमा हिन्दु तथा बौद्ध धर्म र सकृतिलाई जोड दिएको देखिन्छ । मुद्राहरूमा लिएका उपाधि ब्याक्त गरीइएका कथनले राजामहाराजाहरूको शिक्षा साहित्य र संगित प्रतीकात्मक रुपमा हिन्दू तथा बौद्ध धर्म तथा संस्कृतिलाई जोड दिएको देखिन्छ । मुद्राहरूमा राजाहरूले धारण गरेका उपाधी, व्यक्त गरिएका कथनले राजा-महाराजाहरूको शिक्षा, साहित्य र संगीतप्रतिको अभिरुची र योगदान बारे थाहा हुन्छ ।

मल्लकाल पछि शाहकालिन राजाहरूले प्रसारण गरेका मुद्राहरू यहाँ प्रर्दशित गरिएका छन् । पृथ्वीनारायण शाहदेखि ज्ञानेन्द्र शाह सम्मका राजाले प्रसारण गरेका मुद्राहरूमा विविध सांस्कृतिक, सामाजिक, धार्मिक एवम् प्राकृतिक पक्षहरूलाई जोड दिएको देखिन्छ । लिच्छविकालका मुद्राहरूमा स्पष्ट रुपमा मौद्रिक इकाई व्यक्त भएको देखिंदैन । तर मल्लकालका मुद्राहरूमा मौद्रिक इकाई उल्लेख भएको देखिन्छ । मल्लकालिन मुद्राहरूको बनौटको अध्ययन गर्दा यसकालका मुद्राहरूमा तान्त्रिक प्रभाव परेको देखिन्छ । त्रिकोणाकार, चतुष्कोणकार विन्दुयूक्त घेरा, वर्गाकार, खप्टिएको त्रिभूज (षटकोण) आदी तन्त्रवोधार्थक चिह्न हुन् जसले शैव-शाक्तको सम्बन्धलाई अभिव्यक्त गर्छन् । लिच्छविकालका मुद्रामा लिपि लिच्छवि र संस्कृत भाषामा अभिव्यक्त छ । त्यस्तै मल्लकालका मुद्राहरूमा लिपि नेवारी भाषाको प्रयोग गरिएको देखिन्छ । शाहकालका मुद्राहरू नेपालको धार्मिक, सामाजिक तथा सांस्कृतिक तथा सामाजिक इतिहासको अध्ययनको लागि महत्वपूर्ण छन् ।

मल्लकालका मुद्राहरूमा नेपाल सवंत हुन्थ्यो भने प्रारम्भिक शाहराजाहका मुद्रामा शक संवतको प्रयोग गरिएको देखिन्छ भने पछिल्लो शाहकालीन मुद्राहरूमा विक्रम संवतको प्रयोग गरिएको देखिन्छ । पछिल्ला शाहकालिन मुद्रामा लिपि देवनागरी र नेपाली भाषाको प्रयोग गरिएको देखिन्छ । राजा महेन्द्रले प्रशारण गरेका पछिल्ला शाहकालिन मुद्राहरूमा अंग्रेजी भाषा र र रोमन लिपिको समेत प्रयोग गरिएको देखिन्छ जसको प्रभाव राजा वीरेन्द्रका मुद्राहरूमा समेत देखिन्छ । मल्लकालीन मुद्राहरूमा तान्त्रिक प्रभाव परेजस्तै शाहकालिन मुद्राहरूमा पनि तान्त्रिक प्रभाव देखिन्छ । अर्थात् मल्लकालीन मुद्रामा प्रयुक्त धार्मिक एवम् साँस्कृतिक र प्रभावले शाहकाल सम्म पनि निरन्तरता पाएको देखिन्छ । विशेषतः शैव-शाक्त वोधार्थक धार्मिक चिह्नहरू हुनु शाहकालिन

मुद्राको विशेषता हो । राजा महेन्द्र र वीरेन्द्रका मुद्राहरू भने सामाजिक र आर्थिक एवम् सम-सामायिक विश्वका घटनाक्रमहरूलाई सम्बोधन गरेको देखिन्छ ।

वि.स. २००२ साल अर्थात् राजा त्रिभुवनको समयदेखि नेपालमा कागजी मुद्राहरूको प्रयोग गरेको देखिन्छ । कागजी नोटमा पनि मुद्रामा जस्तै हिन्दू तथा बौद्धधर्मसंग सम्बन्धित धार्मिक एवम् सांस्कृतिक भावार्थलाई अभिव्यक्त गरेको देखिन्छ । त्यसतै विभिन्न अवसरमा प्रसारण गरिएका नोटहरूमा सामाजिक सांस्कृतिक एकतालाई मजबुत गर्ने राष्ट्रियताको भावार्थलाई बढी सम्बोधन गरिएको देखिन्छ जुन हिन्दू आर्दशबाट अभिप्रेरित छ । समग्रमा लिच्छविदेखि शाहकाल सम्ममा मुद्राहरूको सामन्य अन्वेषण गर्दा मुद्रामा हिन्दू धर्म र संस्कृतिले बढी सम्मान पाएको देखिन्छ । प्रयुक्त सांस्कृतिक एवम् प्रकृतिक चिह्नहरू पनि हिन्दु आदर्शबाट अभिप्रेरित छन् । मल्ल तथा शाहकालका मुद्महरूमा विदेशी लिपि तथा विदेशि भाषाको समेत प्रभाव परेको देखिन्छ । मल्लकालका मुद्रामा विशेषत : उर्दुभाषा र लिपिको प्रभाव छ , भने पछिल्लो शाहकालिन मुद्रामा अंग्रेजी भाषा र रोमन लिपिको प्रयोग गरिएको देखिन्छ । लिच्छविकालका मुद्रामा मौद्रिक इकाई उल्लेख पाईंदैन तर मल्लकालका मुद्रामा विविध प्रकारका मौलिक इकाई देखिन्छन् । शाहकालका मुद्रामा पाचँ पैसा देखि रु पाँच हजार सम्मका मौद्रिक इकाइहरू छन् । राजतन्त्र पछिका गणतन्त्रकालिक मुद्राहरूमा पनि समावेशी रुपमा सांस्कृतिक विविधतालाई समेटेको देखिन्छ । राष्ट्रिय मुद्रा संग्रहालयमा प्रर्दशन व्यवस्थापनमा परिचयपाटी महत्वपूर्ण भुमिका रहेको देखिन्छ जसमा ग्यालरी र इन्डिभिजुअल दुवै प्रकारका लेवल र क्याप्सन प्रयोग भएको छ । (चित्र न.३/४)

## ४.३ राष्ट्रिय मुद्रा संग्रहालयको प्रदर्शनी व्यवस्थापन

प्रर्दशनी संग्रहालयको मुटु हो । ऐतिहासिक, पुरातात्विक एवम ऐतिहासिक मूल्यका दुर्लभ वस्तुहरूलाई प्रदर्शनी मार्फत नै जन-समुदाय समक्ष पुऱ्याउन सकिन्छ । त्यसकारण प्रर्दशनी विनाको संग्रहालय गोदामघर वा भण्डारण कक्ष जस्तै हुन्छ । संग्रहालयसम्बन्धी अन्तर्राष्ट्रिय संगठन ICOM ले पनि संग्रहालयको परिभाषामा प्रर्दशनीलाई बढी जोड दिएको छ । यस कारण संग्रहालयले अतित र वर्तमानलाई जोड्ने सम्वन्धमा प्रदर्शनि व्यवस्थापनले पूलको काम गर्दछ ।

यस संग्रहालयमा मुद्राहरूलाई दुइ खण्डमा प्रर्दशन गरिएको छ । कार्यालय प्रमुख सुवाश कृष्ण डंगोलका अनुसार तल्लो तल्लालाई भुँई तला र बीचको तल्लालाई पहिलो तल्ला भनिएको छ । त्यस्तै ग्यालरीहरूमा भएका प्रर्दशन व्यवस्थापनलाई पूर्व तयारीका साथ ऐतिहासिक तथा सांस्कृतिक कालक्रम, प्रकाश व्यवस्थापन , जसमा ग्यालरी लेवल , इन्डिभिजुअल लेवल र क्याप्सन लगायतका कोणबाट प्रदर्शनी व्यवस्था सम्वन्धी परीचर्चा गरिएको छ । भुई तला मा ९ वटा शोकेशहरू छन् । शोकेशहरू बक्स शैलीमा लाम्चो आकारमा राखिएको छ भने जसमा फ्रिस्ट्याण्डिग र इण्डिभिजुल शोकेशहरू प्रयोग भएका छन् । शोकेश भित्र मुद्रा राखिएको प्लेकलाई लगभग ४५ डिग्री को कोणमा व्यवस्था गरिएको छ । शोकेशका भित्री भागबाट lighting को

व्यवस्था गरिएको छ । शोकेशको प्लेकमा प्रदर्शनी ढाँचा बनाउँदा दायाँबायाँ छेउमा ४-४- इन्चको भाग छुट्याइएको छ भने तल-माथी दुवै किनारामा १.५ इन्चमा छोडिएको छ । एक मुद्रा देखि अर्को मुद्रा सम्मको २ इन्चको फरक रहेको छ भने तल देखि माथिको लाइन विच ५.५ इन्चको फरक रहेको छ ।

विचको तलालाई पहिलो तला भनिएको छ । यस ग्यालरी मा पनि ९ वटा शोकेशहरू छन । जसमा वाल शोकेश र टेवल शोकेशको प्रयोग गरिएको छ । यहाँ भित्तामा टँसाइएको शोकेशमा भित्रपट्टिका प्लेकलाई लगभग ७५ डिग्रीको कोणमा ठ्डयाएको छ । भित्तामा टँसाइएका सबै शोकेशहरूलाई त्यसैगरी व्यवस्थापन गरिएको छ । यस प्लेकको दाँयाबायाँ र तलमाथिका किनारमा क्रमश : २–२ इन्च भाग खाली राखिएको छ । ठाडो रेखाका ३ वटा पंक्तिहरूमा मुद्रालाई निश्चित दुरीमा व्यवस्थपन गरिएको छ । यस शोकेशमा पनि प्रत्येक मुद्रालाई नम्बर नाम दिइएको छ नंबर अनुसारको क्याप्सन विवरण खुलाइएको छ । जसले पाठकलाई मुद्राको बस्तु स्थीति बारे जानकारी हुन्छ । मुद्राहरू eye lable मा छन् । तर ज्यादा ठाडो शेकेश भन्दा कम्तीमा ४५ डिग्रीको कोणमा राखिएको छ । शोकेशको फिटिङ्गमा ग्याप देखिएको छ प्रर्दशित शोकेशहरूलाई शोकेश नं. दिई प्रत्यक शोकेश लाई क र ख नामकरण गरिएको छ । जसमा शोकेशहरूबारेमा तलका अनुच्छेदहरूमा प्रस्तुत गरिएको छ । चित्र न.५

**क) भुई तल्ला**

भुई तल्लामा रहेको पहिलो शोकेशमा कौडीहरू प्रदर्शित छन् जुन इन्डिभिजुअल शोकेशमा प्रदर्शित छन् । शोकेशको माथिबाट प्रत्यक्ष light दिएको छ । जसले शोकेशकम रहेको वस्तुलाई प्रकाशमा पारेको छ । कौडीको विषयमा लेखिएको क्यप्सनले कौडीको ऐतिहासिक, सामाजिक एवम् सांस्कृतिक मूल्यको विषयमा चर्चा गरिएको छ ।

शोकेश नं. २ मा भारतीय उप-महाद्विपको मौद्रिक इतिहास झल्काउने आहत मुद्रा कुषाणकालीन राजा हुविष्कका मुद्राहरू प्रदर्शित छन् भने शोकेश नं. २ (ख) मा विशेषगरी लिच्छविकालीन मुद्राहरूलाई प्रदर्शित गरिएको छ । यसमा मानाङ्क, अंशुवर्मा , वैश्रवर्ण , जिष्णु गुप्तका मुद्राहरू लहरै व्यवस्थित गरिएका छन् । यहाँ मुद्राहरूको प्रदर्शनी व्यवस्था गर्दा विशेषतः ऐतिहासिक कालक्रमलाई जोड दिइएको छ ।

शोकेश नं. ३ लाई पनि क र ख गरी विभाजन गरिएको छ । यस शोकेशमा कान्तिपुरका मल्ल राजाहरूको मुद्रा प्रदर्शन गरिएको छ । यस शोकेश नं. ३ क को पहिलो लहरमा शिवका र द्रम्म मुद्राहरू प्रदर्शनीमा राखिएका छन् । त्यस्तै दोस्रो लहरमा शिव सिंह, तेस्रो लहरमा लक्ष्मीनर सिंह, चौथो लहरमा प्रतापमल्ल र पांचौ लहरमा चक्रवर्तेन्द्र मल्ल + यसै लहरमा महिपतेन्द्र मल्ल छैटौ लहरमा नृपेन्द्र मल्ल र पार्थिवेन्द्र मल्लका मुद्राहरू प्रदर्शनी गरिएको छ । शोकेस नं. ३ को ख

मा पनि कान्तिपुरका राजाहरूको मुद्रालाई प्रदर्शित गरिएको छ । यसमा विशेषगरी भूपालेन्द्र मल्ल, महिन्द्र सिंह मल्ल, जगज्जयमल्ल, ज्योतिप्रकाश मल्ल र जयप्रकाशका मल्लका मुद्राहरू व्यवस्थित छन् । शोकेश नं ४ (क) मा ललितपुरका मल्ल- राजाहरूको मुद्रालाई प्रदर्शनीमा राखिएको छ । यस शोकेशको पहिलो ठाडो लहरमा हरिहर सिंह, सोही लहरमा शिद्धिनरसिंह मल्ल, दोश्रो लहरमा श्रीनिवास मल्ल र तेस्रो र चौथो लहरमा योगनरेन्द्र मल्ल पाचौं लहरमा लोकप्रकाश मल्ल र छैटौं लहरमा वीर नरसिंह मल्ल र सोही लहरमा महिन्द्र मल्लका मुद्राहरूलाई व्यवस्थित गरिएको छ ।

शोकेश नं. ४ को ख यसको पहिलो लहरमा ऋद्धिनरसिंह मल्ल र महिन्द्र सिंह मल्लको मुद्राहरू प्रदर्शित छन् भने दोस्रो लहरमा योगप्रकाश मल्ल, तेस्रो लहरमा विष्णु मल्ल, पाँचौं लहरमा विश्वजित मल्ल र जयप्रकाश मल्ल , छैटौं लहरमा रणजित मल्ल, दलमर्द्धन शाह, र तेजनरसिंह मल्लका मुद्राहरू प्रदर्शित छन् । प्रदर्शनी व्यवस्थापनको दृष्टिकोणले हेर्दा ललितपुरका मल्ल राजाहरूको लहरमा दलमर्द्धन शाहका मुद्रालाई प्रर्दशन गरीएको छ ।

यसै गरी शोकेश न. ५मा शोकेशको दुई भाग मध्ये पहिलो क भागमा भक्तपुरका मल्ल राजाहरूको मुद्रा प्रदर्शन गरिएको छ । यस शोकेशमा जगज्योतिमल्ल, जगतप्रकाश मल्ल, जितामित्र मल्ल र भुपतिन्द्र मल्लका मुद्राहरू संकलित एवम् प्रदर्शित छन । । यस शोकेशको न. ५.ख ६ र ७ का दुवै क ख खण्डमा शाहकालिन मुद्राहरू प्रर्दशित गरिएको छ । पृथ्वीनारायण शाहले प्रशारण गरेका मुद्राहरूलाई प्रर्दशनीमा राखिएको छ । यसै गरी शोकेश न ६ (क) मा गिर्वाणयुद्ध विक्रम शाह, राजेन्द्र वीर विक्रम शाह र सुरेन्द्र विक्रम शाहका मुद्राहरू प्रदशित छन् । शोकेश न. ६ को ख खण्डमा पृथ्वी वीर विक्रम शाह देवका मुद्राहरू प्रदर्शनमा राखिएका छन् । शोकेश न- ७ क र ख यस शोकेशमा तात्कालिक राजा श्री ५ त्रिभूवनका मुद्राहरूलााई प्रदर्शनीमा राखिएको छ । यो शोकेशको क र ख भागमा ६–६ वाटा लहरमा यूक्तिसंगत र पंक्तिबद्ध तरिकाले व्यवस्थापन गरिएको छ । शोकेश न ८ राष्ट्रिय मुद्रा संग्रहालयको प्रवेश द्धारको सिधा अगाडि मुल शोकेशमा दोलखाका राजा जयइन्द्र सिंह देवले चलाएको मुद्रा प्रदर्शनीमा राखिएको भने अन्तिम नम्बरको महेन्द्रमल्ली सिक्कालाई प्रदर्शनी गरिएको छ । (चित्र न.६)

**ख) पहिलो तल्ला**

यस शोधको अध्ययन सुविधाको यहाँको प्रर्दशनी व्यवस्थालाई २ खण्डमा विभाजन गरि शोधकार्य पुरागरिएको छ । भूई तल्ला र पहिलो तल्ला नामकरण दिइएको छ । त्यस्तै माथिल्लो सेक्सन अर्थात् पहिलो तलामा महेन्द्र, वीरेन्द्र र ज्ञानेन्द्र र शाहकाल पछि गणतात्रिक शाशन पद्धति शरु भएपछिको कागजी नोट तथा मुद्महरूलाई प्रदर्शित गरिएको छ । त्यस्तै विदेशी मुद्रा, छाला तथा माटाका मुद्राहरू र चाहविल चैत्यको उत्खननबाट प्राप्त मुद्राहरूलाई प्रदर्शन गरीएको छ । यस शोधमा पहिलो तलामा प्रदर्शनी भएका शोकेशहरूलाई १, २ क र ख गरी नामकरण गरिएको

छ । यस ग्यालरीको भित्तामा टाँसेर बनाइएको Wall–Showcase को र टेबल शोकेशको प्रयोग गरीएको छ । संग्रहालयमा Light Management को महत्वपूर्ण भूमका हुन्छ । यस ग्यालरीको भित्तामा पनि गाढा सुन्तला रगं प्रयोग गरीएको छ यस संग्रहालयमा प्राकृतिक Light लाई भन्दा पनि कृतिम प्रकाश वा विद्युतिय बत्तीलाई बढी जोड दिएको छ यो प्रर्दशन ग्यलरी पनि पूर्व योजना अनूरुप नै प्रर्दशन गरेको पाईन्छ । (चित्र.७ )

बीचको तलाको उत्तरपट्टिको कुनामा रहेको शोकेशलाई १ नं नाम दिएको छ । जसमा त्रिभुवान वीरबिक्रम शाहको मुद्राहरू प्रर्दशन गरेको छ जुन मुद्रा पुरै शोकेश मा इण्डिभिजिअल रुपमा प्रर्दशित गरेको छ । शोकेश न. १ (ख) र शोकेश न.शोकेश न. २ क मा पनि राजा वीरेन्द्रले प्रशारण गरेका मुद्राहरूलाई कालकम अनुसार प्रदर्शनी गरिएको छ । शोकेश नम्बर २ ख मा राजा वीरेन्द्रले विभिन्न अवसरमा जारी गरेका मुद्राहरूलाई कालक्रम अनुसार प्रदर्शन गरिएको छ ।

शोकेश न. ३ क मा राजा ज्ञानेन्द्रका मुद्राहरू प्रदर्शित छन् । नेपालको इतिहासमा २ पटक राजा हुने व्यक्ति श्री ५ ज्ञानेन्द्र नै हुन् । वि.सं. २०५८ जेष्ठ १९ गते तत्कालिन राजा श्री ५ वीरेन्द्रको वंश विनास भए पछि उनका भाई ज्ञानेन्द्र राजा भएका थिए । उनि राजा भए पछि जारी गरेका मुद्राहरूलाई यस शोकेशमा प्रदर्शित गरिएको छ । शोकश न.३ ख शोकेशमा रानिका नाम बाट प्रशारण गरिएका मुद्राहरू प्रदर्शनी गरिएका छन् ॥

शोकेश न ४ देखी शोकेश न ६ सम्मका सबै क र ख खण्डमा कागजी नोटहरू प्रर्दशनीमा रहेका छन् । शोकेश नं. ४ क मा नेपालमा प्रसारित सबभन्दा पहिला वि.सं. २००२ सालमा राजा त्रिभुवनको नामका शोकेश कागजी मुद्रहरू प्रकाशन भएको इतिहास छ । यसमा पहिलो ठाडो लहरमा खाजाञ्ची जनकराज , दोस्रो लहरमा भरतराज र तेस्रो लहरमा नरेन्द्रराजको हस्ताक्षर भएको विभिन्न मौद्रिक मुल्यका कागजी मुद्राहरू प्रदर्शनीमा राखिएका छन् । मोरु एकसय, मोरु दश र मोरु पाँच मौद्रिक इकाइ भएका कागजी नोटहरू ठाडो लहरमा क्रमशः राखिएका छन् । शोकेश न ४ को ख मा राजा महेन्द्रले प्रकाशन गरेका कागजी नोटहरूलाई प्रदर्शनी गरिएको छ । राजा महेन्द्रका पालामा ५ जना गभर्नरहरूले कागजी नोटमा हस्ताक्षर गरेका छन् । त्रिभुवन र महेन्द्र दुवैको पालामा गभर्नर बन्न पाउने व्यक्ति हिमालय शम्शेर हुन । महेन्द्रको पालामा हिमालय शम्शेर ज.व.रा., लक्ष्मीनाथ गौतम, प्रद्युम्नलाल राजभण्डारी, डा.भेष बहादुर थापा र डा.यादव प्रसाद पन्तहरू गरी जम्मा ५ जना गभर्नरहरूले कागजी नोटहरूमा हस्ताक्षर गरेका छन् । शोकेश न ५ क र ख शोकेशमा राजा वीरेन्द्रले प्रकाशन गरेका कागजी नोटहरू प्रदर्शित छन् । राजा वीरेन्द्रका पालामा कुलशेखर शर्मा, गणेश बहादुर थापा र सत्येन्द्र प्यारा श्रेष्ठको हस्ताक्षर भएको कागजी नोटहरू प्रदर्शित छन् । रु एक देखि हजार सम्मका कागजी नोटहरू यहाँ प्र्रदशित छन् ।

शोकेश नं. ६- क मा नेपालका अन्तिम राजा ज्ञानेन्द्रले प्रकाशन गरेका कागजी नोटहरू प्रदर्शनीमा राखिएका छन । वि.स. २०५८ जेष्ठ १९ गते तत्कालिन राजा श्री ५ वीरेन्द्रको वंश विनास पछि उनका भाई नेपालको शासन सत्ता ज्ञानेन्द्रको हातमा गयो । हुन त वि.सं. २००७ सालमा पनि उनी राजा हुने अवसर पाएका थिए । त्यस बेला उनको नाममा प्रशारण भएका मुद्राहरू प्रदर्शनीमा छन् । यस शोकेशमा गभर्नर डा. तिलक रावल, का.मु.गर्भनरकृष्ण बहादुर मानन्धर र विजयनाथ भट्टाराईको हस्ताक्षर भएका कागजी नोटहरू प्रदर्शनीमा छन् ।

शोकेश न ६ ख यस शोकेशमा राजसंस्थाको अन्त अर्थात् गणतन्त्रात्मक शासन पद्धति सुरु भए पछिका कागजी नोटहरू प्रदर्शित छन् जुन नेपाल राष्ट्र बैंक बाट उपहारमा प्राप्त भएको हो । यसमा रु पाँच देखि हजारसम्म्मका कागजी मुद्राहरू छन् जसमा गभर्नर महाप्रसाद अधिकारीको हस्ताक्षर गरिएको छ । सम्पूर्ण प्रर्दशित कागजी मुद्राहरूमा गर्भनरहरूका कार्याकाल अनुसार कालक्रम मिलाएर प्रदर्शनीमा व्यवस्थापन गरिएको छ । कागजी नोटहरूमा नम्बर अनुसारको विवरण दिइएको छैन ।

शोकेश न . ७ ग्यलरीको पूर्वपट्टी काठका स्तम्भ संगै यो शोकेश रहेको छ । यसमा मुद्राका माला र औंठीहरू रहेका छन । नेपाली संस्कृतिमा मुद्रालाई गहनाको रुपमा प्रयोग गर्ने प्राचीन परम्परा हो । फ्रि स्ट्याण्डिङ्ग शोकेशमा माला र गहना प्रदर्शित छन शोकेश न ८ क यस शोकेशलाई २ खण्डमा विभाजन गरिएको छ । शोकेश न. ८ ख खण्डमा विशेषतः छाला तथा माटाबाट बनेका मुद्राहरू प्रदर्शित छन भने उत्खनन्बाट प्राप्त लिच्छवीकालका तामाबाट बनेका मुद्राहरू प्रदर्शित छन् । उत्खनन्बाट प्राप्त मुद्राहरूको विस्तृत विवरण खुलाइएको छैन । यसै गरी शोकेश नं ९ को पश्चिमपट्टि काठका स्तम्भ छेउमा यो शोकेश रहेको छ । यसको पनि २ खण्ड रहेको छ । दक्षिणपट्टिको खण्डलाई क नाम दिएको छ । यसमा नेपाल सरकारले तिब्बतको लागी ढालिदिएको तिब्बती ढाँचाको तिब्बती भाषा उल्लेख गरिएको मुद्राहरू प्रदर्शित छन् ।शोकेश न ९ ख उत्तरी ख खण्डमा गणतन्त्र कालका सुनका असर्फी र साधारण प्रकृतिका मुद्राहरू प्रदर्शित छन् । (चित्र न. ८ )

# अध्याय - ५

## उपसंहार

मुद्रा विनिमयको  माध्यमको एउटा आधार हो । सामाजिक व्यवहारमा यसले आर्थिक पक्षहरूमा सहजताको भूमिका निर्वाह गर्छ ।  त्यसकारण आजको पुंजीवादी युगमा मुद्राको अपरिहार्यतालाई नकार्न सकिदैन र त्यसको विकल्प छैन । त्यसकारण पूर्विय धर्मग्रन्थहरूले मुद्राको महत्तालाई धार्मीकरण एवम संस्कृतिकरण गरेका छन् । वस्तुतः वैदिक तथा पौराणिक साहित्यहरूमा मुद्राको  विभिन्न सन्दर्भबाट  यसको इतिहासलाई उजागर  गरेको देखिन्छ  । मुद्राले आर्थिक कारोबारको भूमिकामात्र  निर्वाह गर्दैन की यसले मानविकि विषयमा  विविध पक्षहरूमा प्रकाश पार्दछ ।  यो एउटा यस्तो पुरातात्विक  आधार हो  जसले इतिहासलाई नयाँ ढंगबाट व्याख्या गर्न सहयोग पुयाऱ्उँछ । अतः यो इतिहास लेखनको एउटा उपकरण वा प्रविधि हो जसलाई ऐतिहासिक स्रोतको रुपमा लिइन्छ । यसले ऐतिहासिक किंवदन्ती र मिथकिय कथा-  पटकथाको जंगलबाट बाहिर निकाल्न सहयोग पुयाऱ्उँछ । विशेषत : मानविकि विषयका  सामाजिक, आर्थिक, राजनैतिक , धार्मिक कला प्रदर्शन, सौन्दर्य , विदेश सम्बन्ध, परराष्ट्र मामिला,  उद्योग,  सांस्कृतिक फैलावाट जस्ता विषयमा  अध्ययन गर्नका लागी मुद्राले समाजशात्रीय या मानवशास्त्रीय  भूमिका निर्वाह गर्दछ । सामाजिक जनजीवन तथा लोक व्यवहारमा पनि मुद्राको  भूमिका रहेको देखिन्छ ।  विशेषतः भाषा साहित्य , गीत -गायन, अभिनयात्मक प्रस्तुति, श्रृंगार, परिधान, दान-दात्व्य, आस्था- विश्वास, मूल्य -मान्यता, जा-दुटुना एवम् आभिचारिक अभ्यास तथा परम्परागत् उपचार पद्धतीमा समेत मुद्राले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ  । यसकारण मुद्रालाई प्राज्ञिक अध्ययन क्षेत्रको रुपमा मुद्राशास्त्र वा विज्ञानको रुपमा लिइन्छ । विश्वविद्यालयहरूमा साामाजिक तथा सांस्कृतिक अध्ययनको रुपमा मुद्राको खोज एवम  विधागत अध्ययन तथा अनुसन्धान गर्न थालिइएको छ । नेपालको इतिहासमा मुद्रा प्रचलनको लगभग १५०० वर्षको इतिहास देखिन्छ ।

लिच्छविकालदेखि मुद्रा प्रचलन देखिएतापनि सो भन्दा पहिलेको मानिने  मुद्रा हालसम्म प्राप्ती भएको छैन । त्यसकारण लिच्छवी पूर्वको किरात, महिषपाल र गोपाल काललाई अन्धकार युग वा  आद्यःइतिहास भन्न सकिन्छ । त्यसो त लिच्छविपूर्वको मानिने आहत मुद्राहरू नेपालको तराई क्षेत्र अर्थात् लुम्विनी- कपिलवस्तुबाट प्राप्त भएका छन् ।  तर तिनले नेपालको राजनैतिक इतिहासको  अध्ययनमा खास महत्व राख्दैन । यति लेख्दै गर्दा  प्राज्ञिक अध्ययनमा  मुद्राको भूमिकालाई पृथकीकरण गर्न खोजिएको होइन । विद्यातात्विक कोणबाट हेर्दा नेपालमा मुद्राको

प्राज्ञिकरुपमा अध्ययन र अनुसन्धान गरिएको पाईन्छ । विशेषत : त्रिभुवन विश्वविद्यालय , नेपाली, इतिहास ,संस्कृति र पुरातत्व केन्द्रीय विभागले यस विषयमा लामो समयदेखि अध्ययन- अनुसन्धान एवम पठन-पाठन गराउँदै आएको छ । मानविकी विषय विभागको मातहतमा रहेर विद्यावारिधी र स्नातकोत्तर तहको शोधपत्र यसै विषयमा तयार गरिएको छ । त्यस्तै नेपाल र एसियाली अध्ययन केन्द्र सिनासबाट प्रकाशित हुने जर्नलमा मुद्रासम्बन्धी लेखहरू प्रकाशित छन भने पुरातत्व विभागबाट प्रकाशित हुने जर्नल प्राचीन नेपालका अंकहरूमा पनि मुद्रासम्बन्धी लेख रचनाहरू प्रकाशित भएका छन् । मुद्राको अध्ययन अनुसन्धान संकलन र संरक्षण गर्ने उद्देश्य बोकेर नेपालमा वि.स.२०१९ साल पुष १ गते राष्ट्रिय मुद्रा संग्रहालयाको स्थापना भएको थियो । यस संग्रहालयले हालसम्म हजारौंको संख्यामा प्राचीनदेखि आधुनिक कालसम्मका मुद्राहरू संकलन एंवम् प्रदर्शन गर्दै आएको छ । विशिष्ट संग्रहालयको रुपमा स्थापित यस संग्रहालयले मुद्रासम्बन्धी ब्रोसर, क्यटलग , स्मारिका र पुस्तकहरू प्रकाशित गरेको छ । यी अध्ययन तथा प्रकाशित कृतिले मुद्राको साधरण परिचय , प्रस्तुती र आलेखहरूलाई स्थान दिएको छ । विविध कारणबस राष्ट्रिय मुद्रा संग्रहालयले मुद्रासम्बन्धी गहन अध्ययन कार्य गरे गराएको देखिंदैन । सस्थामार्फत जति काम भएको छ त्यो अपूग छ र यससम्बन्धी थप अध्ययन अनुसन्धानको आवश्यकता छ । प्रस्तुत शोधपत्र संग्रहालय विज्ञानसंग केन्द्रित भएकोले मुद्राको ऐतिहासिक, सामाजिक, एवम सांस्कृतिक पक्षहरूमा प्रसंगवस मात्र चर्चा गरिएको छ । वस्तुतः संग्रहालयको प्रदर्शनी व्यवस्थापनमा केन्द्रित रहेर यो शोधपत्र तयार गरिएको छ । संग्रहालय को महत्वपूर्ण काम प्रदर्शनी गर्नु हो । संग्रहालयसम्बन्धी अर्न्तराष्ट्रिय परिषदले पनि प्रदर्शनी व्यवस्थापनलाई बढी जोड दिएको छ । संग्रहलयका क्षेत्रमा प्रदर्शनी व्यवस्थापन महत्वपूर्ण पक्ष हो । संग्रहालयको Ethics वस्तु प्रदर्शन गर्नु हो । संग्रहालयसम्बन्धी अन्तराष्ट्रिय परिषदले पनि प्रदर्शनि व्यस्थापनलाई बढी जोड दिएको छ । प्रदर्शनी व्यवस्थापन कला र विज्ञानको संयोजन हो । यसको वैज्ञानिक व्यवस्थापनबाट संग्रहालयलाई जिवन्त, आधिकारिक, वस्तुनिष्ठ बनाउँन सकिन्छ । प्रदर्शनी व्यवस्थापनमा विशेषगरी ऐतिहासिक एवम् सांस्कृतिक कालक्रमको श्रृंखला र क्रोनोलोजी, लाइटिङ, लेवलिङ , क्याप्सन , कलरिङ (रंग सयोजन ) शोकेश व्यवस्थापन, संरक्षण र सुरक्षण जस्ता विषयहरू महत्वपूर्ण हुन्छन् । छोटो समयमा दर्शकलाई आधिकारिक ज्ञान र मनोरञ्जन समेत दिलाउनु संग्रहालय प्रदर्शनी व्यवस्थाको दायित्व र जिम्मेवारी हो । यसकारण संग्रहालय प्रदर्शनी व्यवस्था गर्दा उल्लिखित पक्षहरूमा ध्यान लिनु पर्छ । पक्कै पनि संग्रहालय कुनै भण्डार गृह मात्र होइन भन्ने तर्कलाई संग्रहालयको वैज्ञानिक प्रदर्शनी व्यवस्थापनबाट प्रमाणित गर्नु पर्दछ भन्ने मर्मलाई राष्ट्रिय मुद्रा संग्रहालय बुझ्ने प्रयास गरेको छ ।

वि.स.२०१९ सालदेखि प्रदर्शनीमा आएको राष्ट्रिय मुद्रा संग्रहालय वि.स २०७२ ।०१।१२ मा गएको विनासकारी भूकम्पका कारण लामो समयसम्म बन्द अवस्थामा रहन पुग्यो । पछि वि. २०७९ साल भदौ ३१ देखि यस संग्रहालयलाई पुनः सञ्चालनमा ल्याउनको लागि नयाँ ढँगले काम सुरुवात गरियो । निश्चय नै पहिलेको भन्दा यस पटकको प्रदर्शनी व्यवस्थापनमा सुधार भएको देखिन्छ । यहाँको प्रदर्शनीमा संग्रहालय प्रदर्शनीको सिद्धान्तलाई अपनाएको छ । विशेषगरी Historical and cultural chronology lighting, labeling , caption writing जस्ता विषयलाई बढी ध्यान दिइएको छ । शोकेस व्यवस्थापनमा पनि दर्शकको सहजतालाई अनुकुल हुनेगरी व्यवस्था गरिएको छ । यहाँ प्रदर्शनी कक्षहरूमा ऐतिहासिक कालक्रमअनुसार प्रदर्शनी गरिएको छ भने संग्रहालयको दोस्रो तलामा शाहकालीन मुद्रा तथा कागजी नोटहरूलाई प्रदर्शनीमा राखिएको छ । दोस्रो तलामा पनि प्रदर्शनी व्यवस्थापनको प्राविधिक पक्षहरूलाइ जोड दिएको देखिन्छ । दोस्रो तलाका शोकेशहरू अति ठाडो रहेको देखिन्छ । यसकारण यसलाई कम्तिमा ४५ डिग्रीको कोणबाट व्यस्थापन गर्न उचित हुन्छ । समग्रमा यो एकमात्र मुद्रा संग्रहालय भएकोले यसको महत्व बढेर गएको छ । शोधपत्र तयारीको काममा अध्ययन गर्दा देखिएका छलफल र सुधारका विषयलाई निम्नअनुसारका बुँदामा उल्लखे गरिएका छन् ।

## प्राविधिक सुझाव

१. संग्रहालयलाई सकेसम्म अपागंमैत्री बनाउनु पर्ने ।

२. कागजी नोटलाई प्रत्यक्ष प्रकासले पनि असर गर्न सक्छ र अर्न्तराष्ट्रिय मापदण्ड अनुसार प्रकास मापक इकाई बनाउनु पर्ने ।

३. उत्खननबाट प्राप्त मुद्राको लागि संक्षिप्त जानकारी बोर्ड राख्नुपर्ने ।

४. दृष्टिवहिनहरूको लागि अडियो-भिडियोको व्यवस्थापन हुनुपर्ने ।

५. शोकेशहरूमा पनि डिजिटल लक सिष्टम हुनुपर्ने ।

## परिशिष्ट एक

**छलफलमा सहभागी कार्यालय प्रमुख एवम कर्मचारीहरू**

- राष्ट्रिय मुद्रा संग्रहालय प्रमुख – सुबाश कृष्ण डंगोल
- राष्ट्रिय मुद्रा संग्रहालय ग्यालरी सहायक – हीरादेवी महर्जन
- राष्ट्रिय मुद्रा संग्रहालय ग्यालरी सहायक –गीता देवि दाहाल

छलफलमा सहभागीहरूको नाम

- विनिता थापा
- राजु थापा
- शिवहरी पौडेल
- बन्दना पाण्डे
- दिया महर्जन

## परिशिष्ट दुई

राष्ट्रिय मुद्रा संग्रहालयको प्रर्दशन व्यवस्थापनबारे दर्शकहरूसँग गरिएको प्रश्नावलीहरूको ढाँचा :

यो प्रश्नावाली मैले मेरो स्नातकोत्तर शोध कार्यको लागि तयार पारेको हुँ । यसमा उल्लेखित विविध पक्षका बारेमा आफ्नो राय प्रकट गरी सहयोग गरिदिनु भए आभारी हुने छु । यहाँको उत्तर शोध प्रयोजनको लागि मात्र उपयोग हुने विश्वास गर्दछु ।

नाम थर :

ठेगाना :

शैशिक योग्यता :

उमेर :

लिङ्ग :

हाल कार्यरत सस्था :

१)यहाँको संग्रहालयमा प्रदर्शनी व्यस्थापन कस्तो लाग्यो ?

२) शोकेशहरू कत्तिको सुरक्षित छन् ?

३) बस्तुहरू आईलेवलमा प्रर्दशित छ कि छैन ?

४) क्याप्सनमा लेखिएको भाषा सहज र सरल छ कि छैन ?

५) प्रर्दशनी अपाङ्गमैत्री छ की छैन ?

६) प्रर्दशनी व्यवस्थापन गर्दा रगं सयजनमा ध्यान दिएको छ कि छैन ?

७) क्याप्सनमा वर्णन गरीएको सुचना कमजौर छ कि चाहिने भन्दा बढी छ ?

## परिशिष्ट तीन

राष्ट्रिय मुद्रा संग्रहालयको प्रर्दशन व्यवस्थापनबारे कार्यलय प्रमुख र कार्यलयका कर्मचारि सँग गरिएको प्रश्नावलीहरूको ढाँचा :

यो प्रश्नावाली मैले मेरो स्नातकोत्तर शोध कार्यको लागि तयार पारेको हुँ । यसमा उल्लेखित विविध पक्षका बारेमा आफ्नो राय प्रकट गरी सहयोग गरिदिनु भए आभारी हुने छु । यहाँको उत्तर शोध प्रयोजनको लागि मात्र उपयोग हुने विश्वास गर्दछु ।

नाम थर :

ठेगाना :

शैशिक योग्यता :

उमेर :

लिङ्गग :

कार्यालय प्रमुख को अनुभव वर्ष :

१. संग्रहालय प्रदर्शनी भनेको के हो ?

२. याहाँको प्रदर्शनी व्यवस्थानमा क्याप्सन ,लेवलिङ्ग, शोकेश र lighting जस्ता विषयलाइ कसरी व्यवस्थित गरीयो ?

३. प्रदर्शनीका क्रममा प्रदर्शनी व्यवस्थापन परियोजाना बनाइएको छ की छैन ?

४. प्रदर्शनीका व्यवस्थापनका क्रममा के कस्ता चुनौतिहरू आए ?

## परिशिष्ट चार

## चित्रसूची





चित्र न १  सालमा राजा महेन्द्रबाट राष्ट्रिय मुद्रा संग्रहालयको उद्घाटन गरिएको तस्वीरः संग्रहालय




चित्र न.२ छाउनीस्थित राष्ट्रिय मुद्रा संग्रहालयको भवन तस्वीरः पानु क्षेत्री




चित्र नं. ३ राष्ट्रिय मुद्रा संग्रहालयको लेबलिङ्ग बोड तस्वीरः पानु क्षेत्री




चित्र नं. ४  राष्ट्रिय मुद्रा संग्रहालयमा प्रर्दशित मुद्राहरुको क्याप्सन विवरण      तस्वीर : पानु क्षेत्री




चित्र न ५ राष्ट्रिय मुद्रा संग्रहालयको भुई तल्लामा प्रर्दशित कक्षको नक्सा  श्रोतः राष्ट्रिय मुद्रा संग्रहालय



चित्र नं. ६ राष्ट्रिय मुद्रा संग्रहालयको भुई तल्लामा प्रदर्शनी कक्ष तस्वीर : पानु क्षेत्री




चित्र नं. ७ राष्ट्रिय मुद्रा संग्रहालयको पहिलो तल्लामा प्रदर्शनी कक्षको नक्सा स्रोतः राष्ट्रिय मुद्रा



चित्र नं. ८  राष्ट्रिय मुद्रा संग्रहालयको पहिलो तल्लामा रहेको प्रदर्शनी कक्ष तस्वीरः पानु क्षेत्री

## सन्दर्भ ग्रन्थसूची


**नेपाली**

गिरी,गितु ,(२०१०), लुम्बिनीको इतिहास, लुम्बिनी इन्टरनेस्नल रिसर्च इन्स्च्युट ।

दाहाल, पेशल र सोम प्रसाद खतिवडा (२०५८), पुरातत्वको परिचय, काठमाण्डौ : एम.के. पब्लिर्सस एण्ड डिष्ट्रिब्युटर्स ।

द्विवेदी, पशुपति कुमार (२०३२), *संग्रहालय र समाज,* काठमाण्डौः राष्ट्रिय संग्रहालय ।

बज्राचार्य, धनबज्र, (२०३०), *लिच्छविकालका अभिलेख,* कीर्तिपुर : त्रि.वि. नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

**हिन्दी**

अग्रवाल,ओ.पि., (१९९९), *संग्रहालय और कलावस्तुओंका परिक्षण* (अनु) नयाँ दिल्ली,नेस्नल बुब ट्रष्ट ।

गणेशन, आर., (२००२), *भारतीय संग्रहालय एवं जनसम्पर्क* : वाराणशी विश्वविद्यालय प्रकाशन ।

तिवारी,उषा रानी र आरती पाण्डेय,(२०११), *नव संग्रहालय विज्ञान,*वाराणसी, कला प्रकाशन,

पुरी, वैजनाथ, (१९५८), *पुरातत्व विज्ञान,* लखनऊ : प्रकाशन केन्द्र ।

शुक्ल, गिरीश्चन्द्र र विमलेश कुमार पाण्डेयय, (२००२) *सङ्ग्रहालय विज्ञान,* दिल्ली : मोतिलाल बनासीदास ।

सहाय, शिवास्वरुप, (१९९२), *संग्रहालयकी और,* दिल्लीःमोतिलाल वनारसीदास ।

**अंग्रेजी**

Amatya,Saphalya,(1991), *Art and culture of Nepal***,** jaipur : Nirala Publication.

Bangdel, L. S. (1999). *Stolen Image of Nepal***,** Kathmandu: Royal Nepal Academy.

Bidari,Basanta,(2007) *Lumbini a heaven of sacred Refuge* **.**

Dwebedi,Pashupatikumar, (1976), *museum in Nepal***,** Kathmandu:

Hudson, K. (1977), *Museum for the 1980s UNESCO*.

Singh,A.P.,(1987),*Conservation and Museum Techniques*,Delhi:Agam Kala Prakashan.

Slusser, M. S. (1998), *Patan Museum***.** Guide : Patan Museum

**शोधपत्र**

न्यौपाने,गोविन्द,(२०६९), *जुद्धजातीय कलाशालाको प्रदर्शनी व्यवस्थापनको अध्ययन,* कीर्तिपुर : स्नातकात्तोर शोधपत्र त्रि.वि. ।

पौड्याल,वीणा,(२०३५) *राष्ट्रिय सङ्ग्रहालयका केही मूर्तिहरू,* कीर्तिपुर :स्नातकात्तोर शोधपत्र त्रि.वि. ।

श्रेष्ठ, देवेन्द्रमान, (२०६२), *पाटन सङ्ग्रहालय एवम् त्यहाँ संग्रहित कलावस्तुहरू,* कीर्तिपुर : स्नातकात्तोर शोधपत्र त्रि.वि. ।